सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ चैत २०८१, शनिबार (३M ar ३ atn day) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३२८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पछाडि धकेलियो प्रिबजेट छलफल

सुझावहरू नसमेटिने सांसदहरूको चिन्ता



कमलराज भट्ट/नयाँ पत्रिका

०८२/८३ को नीति तथा कार्यक्रम र बजेटबारे संसद्मा हुने छलफल पछाडि सरेको छ। अघिल्लो वर्ष फागुनमै प्रिबजेट छलफल भए पनि यसपटक वैशाखसम्म धकेलिएको छ। समयमा छलफल नहुँदा सांसदहरूका सुझाव बजेटमा समेटिने सम्भावना न्यून हुन्छ।

विगतमा पनि सांसदहरूले प्रिबजेट छलफललाई कर्मकाण्डी भन्दै असन्तुष्टि जनाउँदै आएका थिए। उनीहरूका अनुसार सरकारले सुझाव बेवास्ता गर्ने गरेको छ। असन्तुष्टिका कारण अघिल्लो वर्ष सरकारले अध्यादेशमार्फत प्रिबजेट छलफल तीन महिना अघि सारेको थियो। गत वर्ष सरकारले १४ फागुनमा आगामी बजेटका सिद्धान्त र प्राथमिकता (करबाहेक) संसद्मा प्रस्तुत गरेको थियो।

तर, यस वर्ष भने सरकारले

» पृष्ठ २ मा क्रमशः

NIMB नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

● **श्याम घिमिरे**, प्रमुख सचेतक, काङ्ग्रेस

हामीले प्रिबजेट यही सेसनमा गरौं भनेका हौं। तर, कार्यतालिका हेर्दा बजेट अधिवेशनमै हुने देखियो। प्रिबजेट पछाडि धकेलिँदा सांसदका सुझाव नसमेटिने अवस्थाप्रति सजग छौं।

● **माधव सापकोटा**, सांसद, माओवादी

सरकारले सदन र जनप्रतिनिधिको आवाज सुन्न चाहेन। आफ्नो सुर छोडेन। यसले बजेटमा जनताको प्रतिनिधित्व गराउँदैन।

● **सोविता गौतम**, सांसद, रास्वपा

बजेट भनेको देशलाई डोऱ्याउने मुख्य मार्ग हो। यस्तो वेला प्रिबजेट अगाडि हुँदा धेरै भन्न पाउँथ्यौं। विकास निर्माण र अर्थतन्त्रलाई लयमा ल्याउन योगदान हुन सक्थ्यो। तर, प्रिबजेट पछाडि धकेलिनु राम्रो भएन।

● **अजय चौरसिया**, कानुनमन्त्री

प्रिबजेट छलफल समयमै गराउने योजना छ। आ-आफ्नो मन्त्रालयको बजेट पेस गरिरहेका छौं। पर्याप्त छलफल हुने गरी समयमै सिद्धान्त र प्राथमिकता पेस गर्ने कोसिस हुन्छ।

स्थानीय सरकार सञ्चालनको भक्तपुर मोडेल

प्रतिबद्धताअनुसार काम गर्ने इमानदार प्रयासले बढ्दै छ नेतृत्वप्रति नगरका मतदाताको भरोसा र विश्वास



● **सुनील प्रजापति**
मेयर, भक्तपुर नगरपालिका

हामी प्रतिबद्धतापत्रका विषयलाई प्राथमिकता दिएर कार्यान्वयन गरिरहेका छौं। हनुमन्ते खोलाको सफाइ कार्य चुनौतीपूर्ण भए पनि अन्य क्षेत्रमा प्रतिबद्धतामा उल्लेख भएभन्दा बढी काम सम्पन्न गरेका छौं। दिगो विकासका योजना बनाउँदै ५० वर्षपछिको भविष्यलाई दृष्टिगत गरेर काम भइरहेको छ।



● **प्राडा लोकराज बराल** राजनीतिक विश्लेषक

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रमा धेरै प्रगति गरेको छ। यसको काम गर्ने शैली अन्य नगरपालिकासँग मेल खाँदैन। भक्तपुरले भ्रष्टाचारमुक्त वातावरण सिर्जना गर्दै आफूलाई उदाहरणीय बनाएको छ। भक्तपुरमा धेरै विकासका काम भएका छन्। नगरपालिकाभित्र बस्ने धेरैले आफूलाई सुरक्षित महसुस गर्छन्।

शान्ति तामाङ
तस्बिर : **दीपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

चुनावमा मतदाताको समर्थन जुटाउन आकर्षक नारा र कार्यक्रम प्रस्तुत गर्ने, तर जितेपछि प्रतिबद्धताबाट पन्छिने राजनीतिक नेतृत्वको प्रवृत्ति छ। तर, भक्तपुर नगरपालिकाको नेतृत्वले स्थानीय निर्वाचनमा व्यक्त गरेका प्रतिबद्धताअनुसार काम गर्ने इमानदार प्रयास गरिरहेको छ। यही कारण नगरपालिकाको नेतृत्वप्रति मतदाताको गुनासोभन्दा भरोसा र विश्वास बढी देखिन्छ।

भक्तपुर दरबार क्षेत्रमा सूर्यभक्त श्रेष्ठको पूजा सामग्रीको पसल छ। बिहानैदेखि आफ्नो पसलमा व्यस्त रहने उनलाई नगरपालिकाको कामप्रति

» पृष्ठ २ मा क्रमशः



नगरपालिकाले पर्यटनमैत्री क्रियाकलापमा जोड दिएको छ। नगरपालिकाले पर्यटनबाट वार्षिक ३५ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेको छ। १६ लाख पर्यटक नेपाल आए नगरपालिकाको लक्ष्य पूरा हुनेछ।



१५१ जना नगरवासी विद्यार्थीलाई प्रमाणपत्र धितोमा शैक्षिक ऋण उपलब्ध गराउन स्वीकृत गरेको छ। युवालाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउँदै आएको छ।



मौलिक घर बनाउनेलाई १० लाखसम्म अनुदान



नगरपालिकाले २५ शय्याको आफ्नै ख्वप: अस्पताललाई सय शय्यामा स्तरोन्नति गरेको छ। हाल ६० जना डाक्टरले ११ घण्टा सेवा दिएका छन्।



भक्तपुर दरबार क्षेत्रमा फुटपाथ व्यवसायलाई जनजीविकासँग जोडिएको छ। बिहान ८ बजेसम्म र बेलुका ४ बजेपछि फुटपाथमा व्यापार गर्न पाइन्छ।



पर्यटकलाई आकर्षित गर्न न:पुखु पोखरीमा वाटर एक्टिभिटी। यसबाहेक घरेलु मेला, गाईजात्रा प्रदर्शनी मार्गलाई पर्यटक मार्गको रूपमा विकास गरिएको छ।

झ न्नयाँ

६० वर्षअघिको बौद्ध

पातलो बस्ती, प्रत्येक परिवारसँग ५० देखि १५० रोपनीसम्म जग्गा



संस्मरण

● टासी लामा, समाजसेवी

रंगमञ्चदेखि सिनेमासम्म आशाको उडान



कलायात्रा

आशा मगराती
अभिनेत्री

सत्ताको आडमा स्ववियु चुनावमा विद्यार्थी संगठनको अराजकता

चुनावको मुखमा क्याम्पसहरूमा तालाबन्दी, अवरोध र झडप

तनावका कारण विभिन्न क्याम्पसमा निर्वाचन प्रक्रिया नै अन्योलमा, तर प्रहरी निरीह

शिवहरि घिमिरे/नयाँ पत्रिका

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन नजिकिँदै गर्दा क्याम्पसहरू अशान्त बन्दै गएका छन्। विशेषगरी सत्तारूढ दलनिकट विद्यार्थी संगठनहरूको गतिविधिले क्याम्पसमा तोडफोड, अवरोध र झडपका घटना बढेका छन्। तर, यस्ता घटनामा प्रहरी भने निरीह देखिएको छ। शुक्रबार मात्र ताहाचललगायत कलेजमा झडप भएका थिए।

ठुला राजनीतिक दलसम्बद्ध विद्यार्थी संगठनहरूबिच तनावका कारण विभिन्न क्याम्पसमा निर्वाचन प्रक्रिया नै अन्योलमा परेको छ। विशेषगरी काङ्ग्रेसनिकट नेविसंघ र एमालेनिकट अनेरास्ववियुबिचको प्रतिस्पर्धाले स्थिति जटिल बनाएको छ। सत्तापक्षको भ्रातृ

» पृष्ठ २ मा क्रमशः



मतदान : ५ चैत

केन्द्रीय क्याम्पसमा अध्यक्षमा १७ उम्मेदवार, नेविसंघबाट मात्रै ६ जना

केन्द्रीय क्याम्पसको सभापतिमा एक मात्र महिला उम्मेदवार



पद्मा भुसाल

सबैभन्दा धेरै विद्यार्थीको आकर्षण रहेको त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुरमा सभापतिका लागि यसपटक १७ जनाले उम्मेदवारी दिएका छन्। त्यसमध्ये एकजना मात्रै महिला उम्मेदवार छिन्। दुई वर्षअघि भएको स्ववियु निर्वाचनमा नेविसंघबाट ठुलो मतान्तरले कोषाध्यक्ष जितेकी पद्मा भुसाल अहिले सभापतिको स्वतन्त्र प्रत्याशी बनेकी हुन्। यहाँ स्ववियु जित्नु सबै संगठनका लागि प्रतिष्ठाको विषय हुन्छ। निर्वाचन मितिअनुसार उम्मेदवारी फिर्ता लिने समय शुक्रबार साँझ ५ बजेसम्मलाई थियो। तर, भुसाल एक्लै भए पनि भिडिरहेकी छिन्। केन्द्रीय क्याम्पसमा पदेनहरू बढी जिम्मेवार र परिवर्तन गर्न खोज्ने किसिमका विद्यार्थी भएकाले आफूले जित हात पार्ने उनको दाबी छ। 'विगतको अनुभव र योग्यताका हिसाबले पनि उम्मेदवारी दिएकी हुँ, नेविसंघले न्याय नगरेपछि स्वतन्त्र उठेकी हुँ,' उनले भनिन्, 'यसअघिको मेरो भूमिका पनि राम्रै थियो, सोही कारण चुनावी माहोल राम्रो छ।' बायोटेक्नोलोजीमा एमएस्सी गरेकी उनी हाल त्रिविमा नै ग्रामीण विकास अध्ययन गरिरहेकी छिन्। उनले आफूले जित्ने आधार विगतको अनुभव र विद्यार्थीका समस्यालाई एजेन्डा बनाएकी छिन्। यस क्याम्पसमा यसअघि कुनै पनि निर्वाचनमा महिला उम्मेदवारले सभापति जितेका छैनन्। ०६५ मा मानुषी यमीले सचिव पद जितेकी थिइन्।

'नो केबलकार' समूहलाई फेरि बोलाइयो वार्तामा

ताप्लेजुङ/ सरकारले ताप्लेजुङको पाथीभरामा केबलकार निर्माण योजनाको विरोध गर्दै आएको 'नो केबलकार' समूहलाई फेरि वार्तामा बोलाएको छ। यो समूहले २६ फागुनमा आन्दोलनका थप कार्यक्रम घोषणा गरेपछि गृह मन्त्रालयअन्तर्गतको वार्ता टोलीका संयोजक प्रेमप्रसाद भट्टराईले मुक्कुम्लुङ ताडसेःप चुम्भो र मुक्कुम्लुङ अन्तरदलीय संघर्ष समितिलाई पत्र पठाउँदै वार्ताका लागि आह्वान गरेका हुन्।

समस्याको शान्तिपूर्ण समाधान गर्न वार्ताका लागि बोलाइएको भट्टराईले बताए। गृह मन्त्रालयले आन्दोलनरत पक्षबाट उठाइएका सामाजिक, धार्मिक एवं सांस्कृतिक तथा स्थानीय समुदायका मागका सन्दर्भमा स्थानीय सरोकारवालासँग वार्ता र संवादमार्फत समस्याको शान्तिपूर्ण समाधान गरिने आह्वानपत्रमा भनिएको छ। सरकार र आन्दोलनरत पक्षबिच २२ माघमा पहिलो वार्ता भएको थियो। त्यसयता बारम्बार वार्ता भए पनि ठोस निष्कर्ष निस्किएको छैन। केबलकार निर्माणविरुद्ध आन्दोलनरत मुक्कुम्लुङ अभियन्ता राम मादेनले आफूहरूको माग मन्त्रीस्तरीय वार्ता टोली रहेको बताए। 'सरकारले वार्ताका लागि वातावरण बनाएको छैन, पहिले वातावरण बनाओस्,' उनले भने।

■ काठमाडौंमा पुष्प मेला



काठमाडौंको भृकुटीमण्डपमा शुक्रबारदेखि चारदिने पुष्प मेला सुरु भएको छ। 'स्वच्छ वातावरण तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय' नारासहित सुरु भएको '२६औं फ्लोरा एक्स्पो २०८१'मा व्यावसायिक तथा अफिसियलसहित ८२ स्टल छन्। मेला ६० हजारले अवलोकन गर्ने तथा एक करोडसम्मको कारोबार हुने आयोजक फ्लोरिकल्चर एसोसिएसन नेपालको विश्वास छ।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

रहेनन् मूर्धन्य साहित्यकार लीलबहादुर क्षेत्री

नेपाली साहित्यका एक नक्षत्र अस्ताए पनि उनका कृति सधैं जीवित रहनेछन्

पर्शुराम काफ्ले/नयाँ पत्रिका

पूर्वोत्तर भारतको असममा बस्दै आएका नेपाली साहित्यका ख्यातिप्राप्त स्रष्टा लीलबहादुर क्षेत्रीको ९३ वर्षको उमेरमा बिहीबार राति निधन भएको छ। शुक्रबार बिहान गुवाहाटीस्थित भूतनाथमा दुई छोरा पंकज र पल्लवले पार्थिव शरीरमा दागबत्ती दिएर उनको अन्तिम संस्कार गरिएको छ।

क्षेत्री निबन्ध, नाटकलगायत विभिन्न साहित्यिक विधामा कलम चलाउने बहुप्रतिभाशाली लेखक थिए। उनका कृतिले नेपाली भाषा, संस्कृति र प्रवासी नेपाली समुदायका भावना झल्काउँछन्। उनी विशेष रूपमा 'बसाइँ' उपन्यासका लागि चर्चित थिए। उनको यो उपन्यासले नेपाली समाजको बसाइँसराइको पीडा, संघर्ष र अस्तित्वको खोजी सजीव रूपमा उजागर गरेको छ।

उनको निधनको खबरले साहित्यिक तथा सामाजिक वृत्त शोकमग्न बनेको छ। श्रद्धाञ्जली अर्पण गर्न गुवाहाटीको नेहरू स्टेडियमछेउमा रहेको मरिखालीस्थित उनको निवासमा असम गोर्खा सम्मेलन, अखिल असम गोर्खा छात्र संघ र असम नेपाली साहित्य सभालगायत संघसंस्थाका प्रतिनिधि पुगेका थिए। भाजपा असम राज्यका उपाध्यक्ष अशोक भट्टराई, असम सरकारको गोर्खा विकास परिषद्का

> १ मार्च १९३३ मा गुवाहाटी टकौबारीको पुलिस रिजर्भमा उनको जन्म भएको थियो।
>
> उनी विशेष रूपमा 'बसाइँ' उपन्यासका लागि चर्चित थिए। महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन खण्डकाव्यपछि सर्वाधिक बिक्री भएको नेपाली कृति बसाइँ उपन्यास हो।

अध्यक्ष प्रेम तामाङ, उनका विद्यार्थी, छिमेकी तथा उनले अध्यापन गराएका कलेजका पदाधिकारीले उनलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका छन्।



१ मार्च १९३३ मा गुवाहाटी टकौबारीको पुलिस रिजर्भमा उनको जन्म भएको थियो। 'उहाँ कालीकोटे खड्का परिवारमा जन्मनुभएको थियो। अर्थात् उहाँको थर खड्का हो भन्ने कुरा धेरैलाई थाहा छैन,' क्षेत्रीका आफन्तसमेत रहेका सिक्किमका पत्रकार प्रकाश अधिकारीले टेलिफोनमा भने, 'उहाँका दुई श्रीमती, दुई छोरा-बुहारी र चारजना नाति-नातिना छन्। छोराहरूले काजकिरिया सुरु गरेका छन्।'

बाल्यकाल सिलोङमा व्यतीत गरेका क्षेत्रीले नेपाली, अंग्रेजी र बंगाली माध्यममा अध्ययन गरेका थिए। गुवाहाटी विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर उनले स्थानीय आर्यविद्यापीठ कलेजमा लामो समय अध्यापन गरेका थिए।

विद्यालय जीवनदेखि नै साहित्य साधनामा लागेका उनको पहिलो कविता 'शिवस्तुति' १६ वर्षको उमेरमा प्रकाशित भएको उनका आफन्तसमेत रहेका साहित्यकार रुद्र बरालले बताए। उनले २४ वर्षको उमेरमा लेखेको 'बसाइँ' उपन्यास नेपाली साहित्यका पाठकमाझ अहिलेसम्म पनि लोकप्रिय छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन खण्डकाव्यपछि सर्वाधिक बिक्री भएको नेपाली कृति बसाइँ उपन्यास हो। उनले १९५७ मा बसाइँ लेखेका थिए। बसाइँ उपन्यास नेपालको पूर्वी पहाडबाट रोजगारीको खोजीमा पूर्वोत्तर भारत जानेका बारेमा लेखिएको थियो।

» पृष्ठ २ मा क्रमशः

सत्ताको आडमा...

पृष्ठ १ बाट क्रमशः

संगठनका विद्यार्थीले तोडफोड गर्दासमेत प्रहरीले ठोस कारबाही गर्न सकेको छैन। हाल काठमाडौंमा त्रिवि केन्द्रीय क्याम्पस र शंकरदेवसहित आठवटा क्याम्पसमा तालाबन्दी छ। विश्वभाषा, एनआर कलेज, ग्रामीण आदर्श कलेज, पब्लिक युथ क्याम्पस, पिपुल्स क्याम्पस, सरस्वती बहुमुखी क्याम्पसमा तालाबन्दी छ। यी क्याम्पसमा उम्मेदवारी दर्ता समाप्त भइसकेको छ।

त्यस्तै, विवाद हुँदा काठमाडौंका अन्य पाँच क्याम्पसमा उम्मेदवारी नै दर्ता हुन सकेको छैन। जसमा आयुर्वेद क्याम्पस कीर्तिपुर, कोटेश्वर बहुमुखी क्याम्पस, बानेश्वर बहुमुखी क्याम्पस, पद्मकन्या क्याम्पस, पशुपति बहुमुखी क्याम्पस, कैलाशकुट बहुमुखी क्याम्पस र काठमाडौं शिक्षा क्याम्पस छन्। त्यस्तै, दल दर्ता नभएका क्याम्पसहरूमा गान्धी आदर्श मावि, नेपाल ल क्याम्पस, जनमैत्री बहुमुखी क्याम्पस, एडभान्स इन्जिनियरिङ कलेज छन्। त्यस्तै, विद्यार्थी संख्या कम नभएर चुनाव नहुने अवस्थामा काठमाडौंका दुई क्याम्पस छन्। जसमा बौद्ध बहुमुखी क्याम्पस र ब्रिलियन्ट क्याम्पस रहेका छन्।

ठुला क्याम्पसमा विवाद बढ्दो

शंकरदेव क्याम्पसमा मंगलबारदेखिको तालाबन्दी अझै खुलेको छैन। यहाँ तीन विद्यार्थी संगठनले तालाबन्दी गरेका थिए। मतदाता फर्जी बनाएको भन्दै विद्यार्थी संगठनबिच तनाव भएको थियो। तर, २७ फागुनदेखि तालाबन्दी गरिए पनि चुनाव नै अनिश्चित बनेको छ। एमालेनिकट अनेरास्वविवु, माओवादीनिकट अखिल क्रान्तिकारी र एकीकृत समाजवादीनिकट अनेरास्ववियूले यहाँ तालाबन्दी गरेका छन्।

क्याम्पसका स्ववियु अध्यक्ष सुशान्त बस्नेतमाथि अन्य विद्यार्थीले आरोप लगाउँदै तालाबन्दी गरेका हुन्। बस्नेतले कोष दुरुपयोग गरेर विद्यार्थी भर्ना गरेर षड्यन्त्र गरेको विद्यार्थी नेताहरूको दाबी छ। उनीहरूले चार सयभन्दा बढी फर्जी विद्यार्थी भर्ना गरेको आरोप लगाएका छन्।

केन्द्रीय क्याम्पस त्रिविमा नेविसंघले लगाएको ताला अझै खुल्न सकेको छैन। गत बुधबार नेविसंघकका असन्तुष्ट पक्षले तालाबन्दी गरेका थिए। ताला खोल्नुपर्ने भन्दै अनेरास्ववियुले त्रिवि उपकुलपति कार्यालयको ध्यानाकर्षणसमेत गराएको छ। नेविसंघमा उम्मेदवारी विवाद हुँदा सोही पक्षका विद्यार्थी नेताले तालाबन्दी गरेका छन्। गत २३ फागुनमा नेविसंघका नेतासहिका विद्यार्थीले त्रिविका रेक्टर डा. खड्ग केसीको कार्यकक्ष तोडफोड गरेका थिए। सो घटनामा संलग्न कसैलाई पनि प्रहरीले पक्राउ गर्न सकेको छैन।

लैनचौरमा रहेको सरस्वती बहुमुखी क्याम्पसमा पनि चुनावी प्रक्रिया अवरोध छ। एकीकृत समाजवादीनिकट अनेरास्ववियूले मतदाता र उम्मेदवारी दर्ता समयमै नआएको भन्दै अवरोध गरेको हो। हाल निर्वाचन समितिले नै यहाँ मनोनयन प्रक्रिया रोकेको छ।

पब्लिक युथ क्याम्पसमा अखिल क्रान्तिकारीले अवरोध गरेको छ। नेविसंघ र अनेरास्ववियुले नक्कली मतदाता खडा गरेको भन्दै उसले क्याम्पसमा तालाबन्दी गरेपछि निर्वाचन प्रक्रिया रोकिएको छ।

विश्वभाषा क्याम्पसमा पनि अखिल क्रान्तिकारी र नेविसंघबिचको विवादका कारण निर्वाचन प्रक्रिया अगाडि बढ्न सकेको छैन। यहाँ निर्वाचन समितिले स्थिति असामान्य भएको भन्दै निर्वाचन प्रक्रिया रोकेको छ।

थापाथली इन्जिनियरिङ क्याम्पसमा उम्मेदवारी दर्ता गराउने समय मंगलबार २ बजेसम्म तोकिएको थियो। तर, अन्य क्याम्पसमा ४ बजेसम्म तोकिएको थियो। अखिल क्रान्तिकारीले उम्मेदवारी दर्ता गर्न नपाएको भन्दै अवरोध गरिरहेको छ।

कालीमाटीको एडभान्स इन्जिनियरिङ क्याम्पसमा पनि तोडफोड भएको छ। क्याम्पसको कुर्सी, झ्यालढोका तोडेफोड गरेको भन्दै तीनजनालाई प्रहरीले प्रहरीले पक्राउ गरेको छ। यद्यपि, शुक्रबार साँझ भने तालाबन्दी खोलिएको छ। पक्राउ पर्ने तीनजना एमालेनिकट अनेरास्ववियुका विद्यार्थी नेता हुन्।

नेपाल प्रहरीका प्रवक्ता दिनेशकुमार आचार्यले प्रहरीले तोडफोड गर्नेलाई उजुरीका आधारमा पक्राउ गरेको बताए। 'प्रहरीले झडप देखेको अवस्थामा त्यहीँबाट प्रक्राउ गर्छ, तर कतिपय केसमा चाहिँ उजुरी नपाएकाले पनि पक्राउ नगरिएको हो,' उनले भने, 'आवश्यकता हेरेर सुरक्षा कडा पारेका छौँ।' उनका अनुसार विवाद भएका क्याम्पसहरूमा बिहानैदेखि रातिसम्म प्रहरी परिचालन गरिएको छ।

स्थानीय सरकार...

पृष्ठ १ बाट क्रमशः

खास चासो नभए पनि दरबार क्षेत्रलाई चलायमान बनाइराख्न नगरपालिकाको महत्त्वपूर्ण भूमिका रहेको विश्वास छ। 'मेरो पसलमाथि फाइबरको पाली लगाएको थियो। नगरपालिकाका कर्मचारी आएर जबर्जस्ती उठाएर लगे। तर, केही गुनासो छैन,' उनले भने, 'नगरपालिकाले पटकपटक आग्रह गर्दा पनि पाली हटाउन भ्याएको थिइनँ। यहाँ राम्रो हुँदा दरबार क्षेत्र चलायमान भएको छ। सफा छ। र, पर्यटक पनि धेरै आएका छन्।'

सुकुलढोकाका जगतबहादुर ह्योमिखालाई भोट माग्ने वेलामा नमस्कार गर्ने, त्यसपछि फर्केर घरदैलो नआउने नगरपालिका प्रमुख सुनील प्रजापतिप्रति अलि चित्त दुखाइ छ। तर, नगरपालिकाले टोल सुधारमा गरेको काम भने निकै राम्रो लागेको उनले सुनाइन्। 'प्रजापति मेयर भएपछि यता आएका छैनन्। भोट माग्ने वेलामा नमस्कार भन्छन्। त्यसपछि फर्केर के कस्तो छ ? भनेर आउँदैनन्,' उनले भनिन्, 'नगरपालिकाले टोल सुधार गरेको छ। पहिला इँटा छापेको ठाउँमा अहिले ढुंगा छापेको छ। राम्रै काम भएको छ।'

उनीजस्तै रतनमाया पनि केही कमीकमजोरी भए पनि नगरपालिकाले राम्रै काम गरेको बताउँछिन्। 'वृद्धवृद्धाका लागि भजनकिर्तन गर्ने ठाउँको व्यवस्था भएको छ, स्वास्थ्य उपचार पाइन्छ। राम्रै भएको छ,' उनले भनिन्।

स्थानीय तह निर्वाचन ०७९ मा नेपाल मजदुर किसान पार्टीका सुनील प्रजापतिले निकटतम प्रतिद्वन्द्वी कांग्रेसका रामप्रसाद कासुलाभन्दा नौ गुना बढी मत ल्याएर जितेका थिए। सबै प्रतिद्वन्द्वीको जमानत जफत भएको थियो। उनको टोलीले दोस्रो कार्यकाल सुरु गरेको तीन वर्ष हुन लागेको छ।

तीन वर्षमै प्रजापति नेतृत्वको टोलीले देखिने र सम्झनलायक थुप्रै काम गरेको छ। जुन धेरै स्थानीय तहका लागि उदाहरणीय छन्। मतदाता भ्रष्टाचारमुक्त वातावरण बनाउने, सुशासन कायम गर्ने र विकास निर्माणका काममा केन्द्रित हुने नेमकिपाका नेताहरूको चरित्र रहेको मान्छन्। त्यसैले पनि होला यहाँ भ्रष्टाचारको विषय कहिल्यै उठ्दैन।

नेमकिपाले स्थानीय तह निर्वाचन २०७९ मा सार्वजनिक गरेको प्रतिबद्धतापत्रमा शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, पुनर्निर्माण, खेलकुद, वातावरण सरसफाइ, खानेपानी, कृषि, पर्यटन, युवा तथा बालबालिका गतिविधि, सहकारीलगायत ११ शीर्षकमा काम गर्ने प्रतिबद्धता जनाएको थियो। मेयर सुनील प्रजापति नेतृत्वको टोलीले यो प्रतिबद्धतापत्रलाई आधार मानेर योजनाबद्ध रूपमा काम गरिरहेको छ।

'हामी प्रतिबद्धतापत्रका विषयलाई प्राथमिकता दिएर कार्यान्वयन गरिरहेका छौँ। हनुमन्ते खोलाको सफाइ कार्य चुनौतीपूर्ण भए पनि अन्य क्षेत्रमा प्रतिबद्धतामा उल्लेख भएकाभन्दा बढी काम सम्पन्न गरेका छौँ,' मेयर प्रजापतिले भने। साथै, उनले दिगो विकासका योजना बनाउँदै ५० वर्षपछिको भविष्यलाई दृष्टिगत गरेर काम भइरहेको दाबी गरे।

मेयर प्रजापतिका अनुसार पारदर्शी र समावेशी कार्यशैलीका कारण भक्तपुर नगरपालिकामा कुनै विवाद छैन। 'यहाँ उपभोक्ता समितिमा पदका लागि विवाद हुँदैन। यो सेवामुखी संस्था हो। विभिन्न परियोजनामा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू अध्यक्ष र उपाध्यक्षका रूपमा सहभागी छन्। लोभ र स्वार्थ नहुँदा पदका लागि विवाद हुने कुनै कारण रहँदैन,' उनले भने, 'हामीकहाँ सबै काम पारदर्शी र इमानदार रूपमा गरिन्छ। यस्तो अवस्थामा को कहाँ बस्छ भन्ने कुराले कुनै फरक पर्दैन।'

राजनीतिक विश्लेषक प्रा.डा.लोकराज बराल भक्तपुर नगरपालिकाको काम गर्ने शैलीलाई विशिष्ट ठान्छन्। 'भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रमा धेरै प्रगति गरेको छ। यसको काम गर्ने शैली अन्य नगरपालिकासँग मेल खाँदैन। भक्तपुरले भ्रष्टाचारमुक्त वातावरण सिर्जना गर्दै आफूलाई उदाहरणीय बनाएको छ,' बरालले भने, 'भक्तपुरमा धेरै विकासका काम भएका छन्। नगरपालिकाभित्र बस्ने धेरैले आफूलाई सुरक्षित महसुस गर्छन्।'

प्रतिबद्धतापत्रमा के छ ?

शिक्षाअन्तर्गत ख्वपः विश्वविद्यालय सञ्चालन गर्न जोड दिने, सामुदायिक विद्यालयको शैक्षिकस्तर उठाउन शिक्षक तालिम र भौतिक पूर्वाधार निर्माणमा जोड दिने, जनज्योति पुस्तकालयलाई इ-लाइब्रेरीको रूपमा विकास गर्ने र वडा-वडामा पुस्तकालयलाई समयानुकूल सुधार गर्दै लाने उल्लेख छ।

यस्तै, स्वास्थ्यअन्तर्गत ख्वपः अस्पताललाई एक सय शय्यामा स्तरोन्नति गरी सुविधासम्पन्न बनाउने, वडा-वडामा स्वास्थ्य उपचार केन्द्र विस्तार गर्ने तथा विशेषज्ञ डाक्टरमार्फत स्वास्थ्य शिविर सञ्चालन गर्ने र नगरवासीको व्यक्तिगत स्वास्थ्य विवरण तयार गरी घरदैलो नर्सिङ सेवा थप प्रभावकारी बनाउने उल्लेख छ।

यसबाहेक भाज्या पुखु, इखालाछी मठ, लक्ष्मीनरसिंह मन्दिर, इन्द्रायणी द्योछेँलगायत निर्माणाधीन सम्पदा सम्पन्न गर्ने र कला संग्रहालय रहेको न्हयक झ्या दरबार मल्लकालीन शैलीमै पुनर्निर्माण अगाडि बढाउने उल्लेख छ। समुदायको सहभागितामा वातावरण सुधार, हरियाली व्यवस्थापनलगायत कार्य अझ प्रभावकारी ढंगले सञ्चालन गर्ने, कुहिने र नकुहिने फोहोर अलगअलग संकलन गरी प्रांगारिक मल बनाउन किसानलाई तालिम उपलब्ध र फोहोर संकलनबाट प्राप्त वस्तुहरूको पुनः प्रयोग गर्ने उल्लेख छ।

यसैगरी, नेमकिपाको प्रतिबद्धतापत्रमा भक्तपुर नगरपालिकालाई पर्यटकीय गन्तव्यस्थल बनाउन आवश्यक भौतिक सुधार गर्ने र गाईजात्रा प्रदर्शन मार्गलाई पर्यटकीय मार्गको रूपमा विकास गर्ने उल्लेख छ। नगरभित्र सञ्चालित सहकारी संस्थाका सदस्यको सांस्कृतिक स्तर उठाउने र नगरप्रति उत्तरदायी बनाउने तथा उत्पादनमूलक गतिविधि सञ्चालनमा प्रोत्साहित गर्ने साथै उत्पादनमूलक गतिविधि गरी रोजगारी सिर्जना गर्नेजस्ता विषय समावेश गरेर काम गर्ने प्रतिबद्धतापत्रमा छ।

फुटपाथ व्यवसायको अब्बल व्यवस्थापन

भक्तपुर नगरपालिकाले फुटपाथ व्यवसायलाई जनजीविकासँग जोड्दै व्यवस्थित रूपमा सञ्चालन गर्ने नीति अपनाएको छ। स्थानीय जनताको दैनिक जीवन सहज बनाउँदै आर्थिक गतिविधिलाई पनि चलायमान बनाउने प्रयास भएको छ। यसैअनुसार स्थानीयलाई नगरपालिका कार्यालयअगाडि नै केही तरकारी बेच्न अनुमति दिइएको छ।

'हामीले धनीहरूको पक्षमा मात्र सोच्ने होइन, गरिबहरूको जीविकोपार्जन कसरी सहज हुन्छ भन्ने कुरामा ध्यान दिनुपर्छ। उनीहरूले कसरी व्यवसाय गर्छन् र जीविका चलाउँछन्, त्यो सोचेर समय मिलाएर फुटपाथमा अलिअलि सामान राखेर बेच्न दिएका छौँ। सामान बेच्नेले नै क्षेत्र सफा गर्नुपर्छ भनेर निर्देशन दिएका छौँ,' मेयर प्रजापतिले भने। नगरपालिकाले बिहान ८ बजेसम्म र बेलुका ४ बजेपछि (कार्यालय समयबाहेक) फुटपाथमा व्यापार गर्न अनुमति दिएको छ। प्रजापतिका अनुसार गरिबहरूको दुःख र आवश्यकतालाई बुझ्नुपर्छ। 'हामी आफैँ पनि गरिबीबाट आएका हौँ। कसैको लागि पाँच रुपैयाँको आम्दानी पनि ठुलो कुरा हो। त्यो आम्दानीले कसैको चुलो बल्छ। गरिबहरूको सहयोग गर्न सक्नुपर्छ, यही हाम्रो सुन्दरता हो। यही हेर्न मान्छे यहाँ आउँछन्,' उनले थपे।

सय शङ्याको ख्वपः अस्पताल

नगरपालिकाले अहिले एक सय शय्याको अस्पताल चलाइरहेको छ। २५ शय्याको अस्पताललाई एक सय शय्यामा स्तरोन्नति गर्ने सार्वजनिक रूपमा घोषणा भएअनुसारै नगरपालिकाले अस्पताल सञ्चालनमा ल्याएको हो।

प्रजापतिले निर्वाचित भएको अर्को वर्ष नै एक सय शय्याको अस्पताललले स्वीकृति प्राप्त गऱ्यो। हाल ६० जना डाक्टरले ११ घन्टा सेवा दिएका छन्।

अस्पतालमा मेडिकल डाक्टरबाट सेवा लिएको ५० र विशेषज्ञ डाक्टरबाट सेवा लिएको ८० रुपैयाँ मात्र शुल्क लाग्छ। एक अर्बको यो योजना पूरा गर्न नगरपालिका आफैँले करोडौँ खर्च गरेको छ। 'सस्तो र गुणस्तरीय सेवा दिन्छौँ भनेर लागेका छौँ,' उनले भने, 'यो योजना सफल बनाउन हामीले धेरै दुःख गऱ्यौँ। भवन निर्माणका लागि मन्त्रालय धायौँ। न्यूनतम १८ करोड पाउने व्यवस्था भए पनि यो योजनाका लागि केन्द्रबाट जम्मा ६ करोड मात्र पायौँ। बाँकी आफ्नै पैसाले बनायौँ। उपकरणदेखि सबै खरिद गरेर ल्यायौँ,' उनले भने।

हाल अस्तपतालमा पाँच भेन्टिलेटर, ६ वटा आइसियूसमेतका शय्याको सुविधा छ। यसैगरी, नगरपालिकाले प्रसूति सेवा पनि थप गरेर सेवा दिएको छ। वडा-वडामा सहरी स्वास्थ्य केन्द्र छन्। चालू आवमा ख्वपः तिलगंगा आँखा अस्पतालसमेत सञ्चालनमा ल्याएको छ।

शैक्षिक प्रमाणपत्र धितोमा राखेर पाँच लाख ऋण

नगरपालिकाले आव ०८१/८२ को लागि १५१ जना नगरवासी विद्यार्थीलाई शैक्षिक ऋण उपलब्ध गराउन स्वीकृत गरेको छ। नगरपालिकाले गरिब तथा जेहेनदार विद्यार्थीको लागि उच्च शिक्षा अध्ययनलाई सघाउ पुऱ्याउन शैक्षिक ऋणको व्यवस्था गर्दै आएको हो।

१२ कक्षाभन्दा माथि अध्ययन गरेका विद्यार्थीले शैक्षिक प्रमाणपत्र धितो राखी उच्च शिक्षाका लागि नगरपालिकाबाट सहुलियत ऋण प्राप्त गर्छन्। यस्तो ऋण विद्यार्थीले पढाइ पूरा नहुँदासम्म तिर्नुपर्दैन। पढाइ पूरा भएको चार वर्षभित्र वार्षिक २५ प्रतिशतका दरले ऋण चुक्ता गर्नुपर्ने व्यवस्था छ। यसअघि ६ सय विद्यार्थीलाई नगरपालिकाबाट पाँच लाखसम्म ऋण उपलब्ध गराइसकेको छ।

हालसम्म कुल ७५१ जनाले पाँच लाख शैक्षिक ऋण सुविधा लिएर उच्च शिक्षा अध्ययन गरिरहेका छन् भने ५१ जनाले ऋण चुक्ता गरिसकेका छन्। नगरपालिकाले शैक्षिक ऋणमा १३ करोड ६९ लाख ५० हजार लगानी गरेको छ भने एक करोड ६४ लाख ९४ बराबरको साँवा-ब्याज फिर्ता भइसकेको छ। नगरपालिकाले ७५३ स्थानीय तहमध्ये शैक्षिक ऋणको व्यवस्था गर्ने आफू पहिलो भएको दाबी गरेको छ।

ख्वपः विश्वविद्यालय सञ्चालनका लागि निरन्तर दबाब

ख्वपः विश्वविद्यालय सञ्चालनका लागि नगरपालिका निरन्तर रूपमा लागिरहेको छ। सल्लाघारीको जग्गा र संसद्बाट ख्वप विश्वविद्यालय विधेयक, ०८० स्वीकृत भएमा नगरपालिकाले चालू आवदेखि नै काम थाल्ने गरी तयारी गरेको छ। काम अगाडि बढे विश्वविद्यालय सञ्चालन गर्ने नगरपालिका पहिलो स्थानीय तह हुनेछ। नगरपालिकाले सञ्चालन गरेका सातवटा क्याम्पसमा सात हजार विद्यार्थी अध्ययनरत छन्। नगरपालिकाको तर्फबाट सबै काम सकाएर बसेकाले विश्वविद्यालय सञ्चालन गर्ने वा के गर्ने भन्ने विषय सांसदहरूको हातमा भएको प्रजापति बताउँछन्। 'हामीले गर्नुपर्ने सबै गरेका छौँ। तर, विश्वविद्यालय सञ्चालन गर्ने वा नगर्ने हाम्रो हातमा छैन, सांसदहरूको हातमा छ,' प्रजापतिले भने, 'विश्वविद्यालयका लागि सल्लाघारीको एक सय आठ रोपनी जग्गा उपलब्ध गराई पाऊँ भनेर भूमिसुधार मन्त्रालय, नेपाल ट्रस्टलगायत सबैतिर गएका छौँ। त्यो पनि उपलब्ध गराउनुभएको छैन।,'

सम्पदा संरक्षणमा सर्तसहितको लगानी प्रतिबन्ध

नगरपालिकाले सम्पदा संरक्षणमा सर्तसहितको लगानी प्रतिबन्ध गरेको छ। अहिले पनि केही सम्पदा पुनर्निर्माणका लागि नगरपालिकालाई आर्थिक सहायता आवश्यक छ। तर, सर्तसहितको रकम अस्वीकार गर्दै आएको छ। 'हामीले एनजिओ, आइएनजिओसँग काम नै नगर्ने भनेको होइन। तर, सर्तसहितको कुनै पनि काम हामीले गर्नुहुँदैन भन्ने मान्यता लिएका छौँ,' मेयर प्रजापति भन्छन्। सोही मान्यताअनुसार नगरपालिकाले जर्मन सरकारले उपलब्ध गराएको एक अर्ब २० करोड रुपैयाँ अस्वीकार गरेको थियो।

मौलिक घर बनाउनेलाई १० लाखसम्म अनुदान

सांस्कृतिक नगरपालिकाको रूपमा विकास गर्न नगरपालिकाले मौलिक घर निर्माण गर्नेलाई १० लाखसम्म अनुदान दिएको छ। मौलिक घर निर्माण गर्ने स्थानीयलाई अनुदानको व्यवस्था गरेको छ। नगरपालिकाले यसका लागि वार्षिक एक करोड रुपैयाँसम्मको बजेट छुट्याएको थियो। स्थानीयले इँटा, झिँगटी, र काठजस्ता परम्परागत सामग्री प्रयोग गरी घर निर्माण गर्दा अनुदान प्राप्त गरेका थिए। अघिल्लो आर्थिक वर्षसम्म केही परिवारले १० लाख रुपैयाँसम्म अनुदान लिएका थिए। तर, हाल नगरपालिकाले अनुदान वितरणमा समानता सुनिश्चित गर्दै मौलिक घर निर्माण गर्ने प्रत्येक परिवारलाई तीन लाख रुपैयाँ अनुदान दिने नीति लागू गरेको छ।

सहकारीबाट फाइदा लिँदै

नगरपालिकाले सहकारीलाई आर्थिकस्तर उठाउने माध्यम बनाएपछि धेरैजसो सहकारी उत्पादनमूलक गतिविधिमा छन्। २८ मंसिरदेखि २ पुससम्म भएको भक्तपुर महोत्सवमा सहकारी गतिविधि तथा उत्पादनका स्टल, सदस्यहरूबाट उत्पादित वस्तु तथा सेवाको बिक्री स्थल राखिएको थियो। भक्तपुरमा १८० सहकारी छन्। जसमध्ये दुई/चारवटा सहकारी मात्र समस्याग्रस्त छन्। प्रदेशमा दर्ता भएर नगरपालिकाभित्र २० वटा बहुउद्देश्यीय सहकारी संस्था आएका थिए। तर, नगरपालिकाले दर्ता गरेन।

फोहोरबाट मोहोर

भक्तपुरमा दैनिक करिब ३५ टन फोहोर उत्पादन हुन्छ। नगरपालिकाले त्यो फोहोरलाई स्रोतमै छुट्याएर उठाउने गरेको छ। स्रोतमै नछुट्टिएका फोहोर नगरपालिकाले उठाउँदैन। उठेकामध्ये सुक्खा फोहोर नगरपालिकाले बिक्री गरेर आम्दानी गर्छ। उठेकामध्ये ६५ प्रतिशत कुहिने फोहोर पनि मल बनाएर बिक्री गर्छ। नगरपालिकाले तरकारी खेती लगाउने समयमा प्रतिकिलो १० रुपैयाँको दरले कृषकलाई मल बिक्री गर्ने गरेको छ।


पर्यटनमैत्री गतिविधिमा जोड

नगरपालिकाले पर्यटनमैत्री क्रियाकलापमा जोड दिएको छ। आन्तरिक र बाह्य पर्यटकलाई भक्तपुर चिनाउनुपर्छ भनेर नगरपालिकाले पर्यटक आकर्षित गर्नका लागि कहिले पोखरी पदयात्रा, कहिले सांस्कृतिक पदयात्रा, घरेलु मेला प्रदर्शनी, गाईजात्रा प्रदर्शनी मार्गलाई पर्यटक मार्गको रूपमा विकास र महोत्सव गर्ने गरेको छ। गत वर्ष नेपाल आएका १० लाख पर्यटकमध्ये साढे दुई लाख भक्तपुर नगरपालिका पुगेका थिए। जसबाट २७ करोड राजस्व संकलन भएको थियो। नगरपालिकाले पर्यटनबाट ३५ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेको छ। १६ लाख पर्यटक नेपाल आए नगरपालिकाको लक्ष्य पूरा हुनेछ।

युवालाई सहुलियतपूर्ण ऋण

नगरपालिकाले युवालाई मध्यनजर गरेर बेकरी, सिकर्मी, मोबाइल मर्मत तालिम चलाउँदै आएको छ। अहिले पनि हेयर कटिङ, जुत्ता बनाउने, मोबाइल मर्मत, सिलाई कटाई, कुक, इलेक्ट्रिसियन र जग्गा नापीलगायत तालिम सञ्चालन गरिरहेको छ। जापानिज, चाइजिन भाषाको तालिमसमेत दिने गर्छ। तालिम लिन पाँच सय रुपैयाँ तिर्नुपर्छ। तालिम सञ्चालनका लागि नगरपालिका आफैँले लगानी गर्छ। तालिममा सहभागीलाई व्यवसाय सञ्चालनका लागि नगरपालिकाले पाँच लाखसम्म सहुलियतपूर्ण ऋण दिन्छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. १९८९/१२/१३

स्वर्गारोहणः वि.सं. २०८१/११/२०

स्व. धनमाया पौडेल

यस महासंघका साधारण सदस्य निर्माण व्यवसायी संघ खोटाङका अध्यक्ष श्री रमेश पौडेलज्यूकी ममतामयी माता धनमाया पौडेलको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

रवि सिंह
अध्यक्ष,
एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
अनामनगर, काठमाडौं

कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, एकान्तकुना शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/१२/०२ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लेखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी वक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना :
१.	नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २०६१७०/०७५/०७६ कायम भई मिति २०७५/०९/२४ मा दर्ता भएको काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा वडा नं. १०, मुहान गाँउ, स्थित **ब्राईट फ्युचर फिड इण्डस्ट्री प्रा.लि. ।**
व्यक्तिगत जमानतकताहरूको नाम, थर र ठेगाना :	
१.	पूर्ण बहादुर गुर्मछानेको नाति, नर बहादुर गुर्मछानेको छोरा, सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. ४ बस्ने **शिव कुमार गुर्मछाने** ।
२.	नर बहादुर गुर्मछानेको नाति, शिव कुमार गुर्मछानेको छोरा, सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. ४ बस्ने **सामर्थ कुमार गुर्मछाने** ।
३.	जेग बहादुर पाखीनको नातीनी, हरि बहादुर पाखीनको छोरी, सर्लाही जिल्ला, राजघाट गा.वि.स./उ.म.न.पा. वडा नं. ३ बस्ने **विष्णु माया** ।
४.	तिलक बहादुर खड्काको नातीनी, जित बहादुर खड्काको छोरी, काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. २९ बस्ने **सावित्री खड्का** ।
५.	अम्बर बहादुर क्षेत्रीको नातीनी, खड्क बहादुर श्रेत्रीको छोरी, ललितपुर जिल्ला, सैबु उ.म.न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. २४ बस्ने **प्रतिमा महर्जन** ।
६.	गुञ्ज बहादुर गुरूङको नाती, सुदर्शन गुरूङको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३ बस्ने **एल्बीस प्रवेश गुरूङ** ।
७.	काजी मान महर्जनको नाती, दिल बहादुर महर्जनको छोरा, काठमाण्डौ जिल्ला, किर्तिपुर बाहिरी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं ४ बस्ने **भक्त बहादुर महर्जन** ।
८.	दिल बहादुर महर्जनको नातिनी, भक्त बहादुर महर्जनको छोरी, काठमाण्डौ जिल्ला, किर्तिपुर न.पा. वडा नं. १७ बस्ने **उज्वला महर्जन** ।
धितो सुरक्षणको विवरण :	
१.	**भक्त बहादुर महर्जन**को नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, किर्तिपुर न.पा. वडा नं. १७ स्थित नक्सा सिट नं. १०२१२२२०२ को कित्ता नं. २४ को ९८.६० (व.मि.) क्षेत्रफल रहेको जग्गा सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२.	**प्रतिमा महर्जन**को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, सैंवु गा.वि.स./न.पा वडा नं. ४ नक्सा सिट नं. ४ग को कित्ता नं. १४५४ र १४५२ को ९३.४० र १९८.६९ (व.मि.) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
३.	धनी सानिमा बैंक (ऋणी ब्राईट फ्युचर फिड इण्डस्ट्री प्रा.लि.) को नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको निम्न बमोजिमको सवारी साधनहरूः

मोडेल	सवारी नम्बर	च्यासीस नम्बर	इन्जीन नम्बर	बनेको वर्ष
Vitara Brezza ZXI+	बाग्मती प्रदेश ०१-०२५ च २८३८	MA3NYFJ1SMC751748	K15BN4118831	2021
ICV TRUTIP	बाग्मती प्रदेश ०१-००३ क ९५०२	MAT547105M8R06749	497TC44CYX612216	2021

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

पछाडि...

पृष्ठ १ बाट क्रमशः

अध्यादेशमार्फत प्रिबजेट छलफलको समयसीमा घटाएर एक महिनामा सीमित गरेको छ। अध्यादेशअनुसार अर्थ मन्त्रालयले १५ वैशाखमा बजेटका सिद्धान्त र प्राथमिकता संसद्मा प्रस्तुत गर्ने गरी बजेट क्यालेन्डर निर्धारण गरेको छ।

सत्तारूढ कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले प्रिबजेट छलफल पछाडि धकेलिएको बताए। 'हामीले प्रिबजेट यही सेसनमा गरौँ भनेका हौँ,' उनले भने, 'तर, कार्यतालिका हेर्दा बजेट अधिवेशनमै हुने देखियो।' घिमिरेले प्रिबजेट पछाडि धकेलिँदा जनप्रतिनिधिका सुझाव नसमेटिने अवस्थाप्रति आफूहरू सजग रहेको बताए।

प्रमुख सचेतक घिमिरेका अनुसार हिउँदे अधिवेशन चैतसम्म मात्रै चल्नेछ। चैतमा अध्यादेश प्रतिस्थापन विधेयक सकाउने सत्तापक्षको गृहकार्य छ। यसैगरी सभामुख देवराज घिमिरेको नेतृत्वमा संसद्का पदाधिकारी अन्तरव्यवस्थापिका संघ (आइपियू)को सम्मेलनमा भाग लिन २३ देखि २७ चैतसम्म उज्वेकिस्तान जाँदै छन्।

चैत तेस्रो र अन्तिम साता संसद् स्थगित हुनेछ। त्यसपछि सरकारले हिउँदे अधिवेशन नै अन्त्य गर्नेछ। 'वैशाखको १०-१२ मै बजेट अधिवेशन बोलाएर सदन खोल्नुपर्छ। त्यसो हुँदा प्रिबजेट छलफल वैशाख १५-२० मा सकौँ भन्ने छ। तर, समयको दबाब हुन्छ,' उनले भने।

प्रमुख सचेतक घिमिरेले अघिल्लो वर्ष तीन महिनाअघि प्रिबजेट छलफल हुँदा कुनै परिणाम नदेखिएको पनि टिप्पणी गरे। 'अघिल्लोपटक तीन महिनाअघि भयो। तर, परिणाम ल्याएको देखिएन। यद्यपि, अगाडि नै छलफल गर्न पाए संसद्को प्रेसर कम हुन्थ्यो,' उनले भने।

प्रमुख प्रतिपक्षी माओवादी सांसद माधव सापकोटाले सरकारले संसद् र जनप्रतिनिधिलाई उपेक्षा गरिरहेको बताए। 'सरकारले सदन र जनप्रतिनिधिको आवाज सुन्न चाहेन। आफ्नो सुर छोडेन। यसले बजेटमा जनताको प्रतिनिधित्व गराउँदैन,' उनले भने।

रास्वपा सांसद सोविता गौतमले प्रिबजेट छलफल समयमा नहुनु संसद्को अवमूल्यन भएको बताइन्। 'बजेट भनेको देशलाई डोऱ्याउने मुख्य मार्ग हो। यस्तो वेला प्रिबजेट अगाडि हुँदा धेरै भन्न पाउँथ्यौँ। देशको विकास निर्माण र अर्थतन्त्रलाई लयमा ल्याउन योगदान हुन सक्थ्यो। तर, अध्यादेश ल्याएर प्रिबजेट पछाडि धकेलिनु राम्रो भएन,' उनले भनिन्।

कानुनमन्त्री अजय चौरसियाले कानुनी सीमाभित्र प्रिबजेट छलफल हुने बताए। 'प्रिबजेट छलफल समयमै गराउने सरकारको तयारी हुन्छ। आ-आफ्नो मन्त्रालयको बजेट पेस गरिरहेको अवस्था छ। पर्याप्त छलफल हुने गरी समयमै सिद्धान्त र प्राथमिकता पेस गर्ने कोसिस हुन्छ,' उनले भने।

रहेनन्...

पृष्ठ १ बाट क्रमशः

उनले लेखेका अतृप्त, ब्रह्मपुत्रको छेउछाउ र प्रतिध्वनिहरू विस्मृति नामक तीन उपन्यास पनि निकै चर्चामा रहे। आख्यान विधामा उनका तीन दशक बिस अभिव्यक्ति, लीलबहादुरका कथाहरू र छरिएको बिस्कुन प्रकाशित छन्। असममा नेपाली भाषाको साहो-गाह्रो, पूर्वाञ्चल भारतीय नेपाली कथा-साहित्य र पत्रकारिताको इतिवृत, झ्याउरे पार्टीमा लाग्दा, पूर्वोत्तर भारतीय नेपाली साहित्य र समाजको ऐतिहासिक दिग्दर्शन, सिमलको भुवा र अतीतका ऐनामा विविध झाँकीहरू नामक उनका निबन्ध प्रकाशित छन्।

क्षत्रीले असमको नेपाली नाटक र एकांकीमा पनि योगदान दिएको साहित्यकार रुद्र बरालले बताए। उनी कलाकार तथा नाटक निर्देशकसमेत थिए। अल इन्डिया रेडियोको गुवाहाटी केन्द्रमा कार्यरत रहँदा उनले रेडियो रूपक, एकांकीदेखि पूर्णांक नाटकसम्म रचना गरेका थिए। उनले दोबाटो, माग र सुरुको सुरु नाटक लेखेका थिए। साहित्यकार गोविन्दराज भट्टराईको सम्पादनमा लीलबहादुर क्षत्रीका चर्चित नाटकहरू पुस्तक काठमाडौंबाट प्रकाशित भएको छ।

सात दशक लामो साहित्य यात्रामा उनी असंख्य राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मान र पुरस्कारले सम्मानित भए। सन् १९८३ मा नेपाली साहित्य सम्मेलन दार्जिलिङले 'दियालो पुरस्कार' प्रदान गरेपछि उनले निरन्तर सम्मान र पुरस्कार प्राप्त गरिरहे। सन् १९८५ मा उनलाई पश्चिम बंगाल राज्य सरकारले प्रदान गर्ने 'भानु' पुरस्कार प्रदान गऱ्यो भने ब्रह्मपुत्रको छेउछाउ उपन्यासका लागि सन् १९८७ मा साहित्य अकादमी पुरस्कार प्रदान गऱ्यो।

उनले मदन स्मारक व्याख्यानमाला सम्मान, वाराणसी, वेदनिधि पुरस्कार (काठमाडौं), अगम स्मृति पुरस्कार (सिक्किम), असम नेपाली साहित्य सभा पुरस्कार, अभिजमान ट्रस्ट पुरस्कार, कुवेत, नई देरुनिख अन्तर्राष्ट्रिय पुरस्कार, पूर्वाञ्चल साहित्य शिरोमणि पुरस्कार, हरिभक्त कटुवाल स्मृति पुरस्कार, जगदम्बाश्री अन्तर्राष्ट्रिय पुरस्कार, वसुन्धराश्री पुरस्कार प्राप्त गरेका थिए।

पद्मश्री पुरस्कार प्राप्त गर्ने उनी पूर्वोत्तर भारतका पहिलो नेपालीभाषी हुन्। ८ नोभेम्बर २०२१ मा नयाँदिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित समारोहमा भारतका राष्ट्रपति रामनाथ कोविन्दले उनलाई देशको चौथो सर्वोच्च असामरिक सम्मान पद्मश्री पुरस्कारबाट सुशोभित गरिएको थियो।

नेपाली भाषा-साहित्यमा उनको आजीवन लगनशीलता र शिक्षा क्षेत्रमा रहेको योगदानका निम्ति उनलाई सम्मान गरिएको थियो। उनका कृतिहरूले पाठकलाई गहिरो सामाजिक सचेतना दिन्छन्। नेपाली साहित्यका एक नक्षत्र अस्ताए पनि उनका कृति सधैँ जीवित रहनेछन्।

राष्ट्रपति, प्रधानमन्त्री, कांग्रेस सभापतिले सम्झिए क्षेत्री

राष्ट्रपति रामचन्द्र पौडेलले क्षेत्रीको निधनबाट दुःखी भएको भनेका छन्। 'भारतमा जन्मेर पनि नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान गर्नुहुने लीलबहादुर क्षेत्रीको निधनको खबरले म अत्यन्तै दुःखित छु। बसाइँ उपन्यासका सर्जक नेपालको मदन पुरस्कारबाट सम्मानित क्षेत्रीप्रति श्रद्धाञ्जली र शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु,' पौडेलले एक्समा राखेको समवेदना सन्देशमा छ।

प्रधानमन्त्री केपी ओलीले साहित्यकार क्षेत्रीको बसाइँ उपन्यास सम्झेका छन्। 'लीलबहादुर क्षेत्रीको 'बसाइँ' उपन्यासले कुनै समय क्याम्पस पढ्ने हरेक विद्यार्थीको मुटु छुन्थ्यो। उहाँका 'बसाइँ' र अन्य उपन्यासले दोस्रो विश्वयुद्धताका नेपालबाट सिंगै गाउँ नै सिक्किम, असम, मेघालय र भुटानतिर बसाइँ सर्न बाध्य भएको पीडाको वर्णन गर्छन्,' ओलीले फेसबुकमा लेखेका छन्, 'भारतको प्रतिष्ठित 'साहित्य अकादमी पुस्कार'बाट सम्मानित उहाँको 'ब्रम्हपुत्रको छेउछाउ' उपन्यासले पनि पूर्वोत्तर भारतका नेपालीको संघर्षको कथा भन्छ। उनै ख्यातिप्राप्त साहित्यकार क्षेत्रीको ९३ वर्षको उमेरमा निधन भएको खबरले पीडा भएको छ।'

कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले क्षेत्रीको निधनको खबरले स्तब्ध भएको टिप्पणी गरेका छन्। 'उहाँले नेपाली साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदान प्रशंसनीय छ,' देउवाले भनेका छन्।

असमका मुख्यमन्त्री मुख्यमन्त्री हिमन्त विश्व शर्माले प्रख्यात लेखक तथा पद्मश्री पुरस्कार विजेता क्षेत्रीको निधनमा गहिरो समवेदना व्यक्त गरेका छन्। असममा गोर्खा समुदायको जीवनगाथालाई साहित्यको माध्यमबाट प्रस्तुत गर्न उनको अग्रणी भूमिका आगामी पुस्ताले सधैँ सम्झने उनले बताएका छन्। भारतको बन्दरगाह तथा पानीजहाजसम्बन्धी केन्द्रीय मन्त्री एवं असमका पूर्वमुख्यमन्त्री सर्वानन्द सोनवालले पनि क्षेत्रीको निधनमा दुःख व्यक्त गरेका छन्।

दार्जिलिङका सांसद तथा भाजपा नेता राजु विष्टले साहित्यकार क्षेत्री भौतिक रूपमा अस्ताए पनि आफ्ना रचनामार्फत उनी नेपाली रचना संसारमा सदैव जीवित रहिरहने प्रतिक्रिया दिएका छन्। सिक्किमका मुख्यमन्त्री प्रेमसिंह गोले तामाङले पनि साहित्यकार क्षेत्रीप्रति समवेदना व्यक्त गरेका छन्।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार २ चैत ०८१
nayapatrikaofficial @nayapatrika

६० वर्षअघिको बौद्ध

पातलो बस्ती, प्रत्येक परिवारसँग ५० देखि १५० रोपनीसम्म जगा

संस्मरण



● टासी लामा, समाजसेवी

*समाजसेवी टासी लामा बौद्धका स्थानीय हुन् । उनले २० वर्षसम्म दुग्ध विकास संस्थानमा कर्मचारीको रूपमा काम गरे । स्वैच्छिक अवकाशपछि चीनमा १० वर्षसम्म काम गरेर विशेषज्ञता हासिल गरे । हाल बौद्ध क्षेत्रका विभिन्न संघसंस्थामा सल्लाहकारको रूपमा काम गरिरहेका छन् । तामाङ बौद्ध महासंघ, तामाङ कल्याण गुठीलगायत संघसंस्थामा सल्लाहकार रहेका लामाले ६० वर्षअघिको बौद्धको अवस्थाबारे **शान्ति तामाङ**लाई सुनाएका छन् ।*



सन् १९६० मा बौद्ध स्तूपाको दक्षिणी क्षेत्रमा खेत जोत्दै किसान

तस्बिरहरू : **ओल्ड नेपाल–फोटोज एन्ड इमेजेज**

६० वर्षअघिको बौद्धमा एक-दुई घर नेवारबाहेक सबै तामाङ समुदायको बसोवास थियो । त्यतिवेला स्तूपावरपरको क्षेत्रलाई मात्र बौद्ध भनिन्थ्यो । अर्थात्, अहिलेको काठमाडौं महानगरपालिका ६ नम्बर वडा कार्यालयदेखि टुसाल चोकसम्मको क्षेत्रलाई बौद्ध भनिन्थ्यो । त्यतिवेलाका सबै घर काँचो इँट्टाका थिए । धेरैजसो घरमा परालको छानो थियो । केहीका घरमा मात्र टायलका छाना थिए । पातलो बस्ती, प्रत्येक परिवारसँग प्रशस्त जग्गा थियो । हरेक परिवारको ५० देखि १५० रोपनीसम्म जग्गा थियो । घरवरपर ठुल्ठुला खेतका गह्वा थिए । खेतमा धान, मकै, कोदो, बदामजस्ता मौसमी बाली हुन्थ्यो । कृषिमा आत्मनिर्भर भएकाले मलका लागि पशुपालन गर्थ्यौं । त्यतिवेला कृषि र पशुपालन एक-अर्कामा अन्तरसम्बन्धित थिए ।

कृषि र पशुपालनको समय भएकाले पर्म प्रणाली थियो । पालैपालो एक-अर्कोको खेतीको काम सक्थ्यौं । अलि पछि सुन्दरीजलतिरका मानिस खेतको काम गर्न आउन थाले । त्यतिवेला दिनको सुरुवात मिर्मिरेमै कोदालो बोकेर खेतबारी पुगेपछि हुन्थ्यो । महिलाहरू खाजा पुऱ्याउन आठ बजेतिर खेतबारीमै पुग्थे । ११ देखि १२ बजेभित्र खाना पकाउन घर फर्किन्थे । खाना बनाएर फेरि खेतकै काममा फर्किने गर्थे ।

हिँउदमा दाउरा संकलन गर्न शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज (शिवपुरी जंगल) पुग्थ्यौं । त्यतिवेला शिवपुरी जंगल ठुलो थियो । घाँस, दाउराका लागि सहज थियो । जंगली जनावरको त्यति डर थिएन । हामी दाउरा संकलनका लागि बिहान ४ बजे नै घरबाट निस्किन्थ्यौं । दाउरा संकलनका लागि ठुलै समूह बनाएर जान्थ्यौं, करिब २५ देखि ३० जनाको समूह हुन्थ्यो । बौद्धबाट शिवपुरीको जंगल पुग्न चारदेखि पाँच घन्टा लाग्थ्यो । दाउरा संकलन गरेर फर्किने क्रममा अर्को समूह एक-दुई बजेतिर बिच बाटोमा भेट्ने गरेर पुग्थे । उनीहरूले लगेको खाजा बिच बाटोमा खान्थ्यौं । त्यसपछि पहिलो समूहले खाजा खाने र आराम गर्ने अनि दोस्रो समूहले बिच बाटोसम्म ल्याएको दाउरा बोकेर पालो दिन्थे ।

■ डोकोमा हालेर असनबाट सामान ल्याइन्थ्यो

शिवपुरीबाट ल्याएको दाउरा लामो समयसम्म जम्मा पारेर राख्थ्यौं । चैत-वैशाखतिरको समय पशुपतिको जंगलतिर पनि जान्थ्यौं । त्यतिवेला खुला जंगल भएकाले त्यहाँ पत्कर अर्थात् झरेको पात टिप्थ्यौं । पत्कर संकलन गर्न पनि समूह नै बनाएर जान्थ्यौं । शिवपुरीको जंगलतिरै भए पनि बिहानै पत्कर संकलन गर्न निस्किन्थ्यौं । त्यो पत्कर घर ल्याएर गाईवस्तुलाई बिछ्याउँथ्यौं र मल बनाउँथ्यौं । त्यही मल अन्नबाली उत्पादनका क्रममा प्रयोग गरिन्थ्यो । हामी कहिलेकाहीं पत्कर संकलन गर्न तारेभिरसम्मै पुग्थ्यौं । ठुलो समूहमा जाने हुनाले जतिसुकै टाढा जाँदा पनि रमाइलो हुन्थ्यो ।

खानेपानीका लागि ढुंगेधारा थिए । 'कोर' बौद्धका लागि दुइटा ढुंगेधारा थिए । त्यो धारामा नारायणथानबाट पानी ल्याइएको थियो । त्यहाँबाट किटको पाइप बिच्छ्याएर पानी ल्याइएको थियो । त्यो पानी बौद्धमा संकलन हुन्थ्यो । त्यही पानी ढुंगेधाराबाट आउँथ्यो । अहिले पनि त्यतिवेला प्रयोग भएको पाइप देख्न सकिन्छ । सहर विस्तार हुँदै जाने क्रममा घर बनाउँदा त्यस्तो पाइप पछिसम्म भेटिन्थे । त्यस्ता पाइप धेरैले काटेर फालिदिए । त्यसपछि पानीको स्रोत नै टुट्यो । बौद्ध बजारका लागि भने दुइटा कुवा थियो । दुई ढुंगेधारा र कुवाको पानी नुहाउने, लुगा धुने, गाईवस्तुका लागि प्रयोग गर्थ्यौं । ती दुई स्रोतको पानी प्रशस्तै हुन्थ्यो ।

त्यतिवेला सबैतिर ससाना गोरेटा थिए । गोरेटो बाटो अनि खेतको आली हुँदै सामान किन्न असन जान्थ्यौं । छोटो बाटोको प्रयोग गर्दा बौद्धबाट असन एक घन्टामै पुग्थ्यौं । यहाँबाट चाबहिल, सानो गौचरन, हात्तीसार हुँदै दरबारमार्गको भित्री बाटोबाट असन पस्थ्यौं । बजार जाँदा धेरैजसो पुरुषको समूह बनाएर जान्थ्यौं । महिनामा



बौद्ध स्तूपा जाने कच्ची सडक



सन् १९५२ मा टोनी हेगनले खिचेको तस्बिर



मार्क रिबाउडले खिचेको बौद्ध स्तूपामा चंगा उडाउँदै गरेको तस्बिर

> सन् १९७९ देखि बौद्धनाथ स्तूपालाई युनेस्कोले विश्व सम्पदा घोषणा गरेपछि विश्वकै नमुना गाउँ बनाउने भनेर मास्टर प्लान बनाउन भन्यौं । हामीले पनि बनायौं । यहाँ बनाउने संरचना त्यहीअनुसार बनाउन पनि भन्यौं । तर, सम्बन्धित निकायबाट ध्यान नपुग्दा अहिलेको अव्यवस्थित बौद्धमा परिणत भयो ।

एकदेखि दुईपटक मात्र बजार जान पाउने हुनाले रमाइलो लाग्थ्यो । बौद्धकै खेतमा उत्पादन हुने अन्नपातले पुग्ने हुनाले नुनतेल, मरमसलाजस्ता सामान मात्रै बजारबाट ल्याउँथ्यौं । ती सामान डोकामा हालेर ल्याउँथ्यौं । त्यतिवेला कपडाका लागि इन्द्रचोक र मसला, तेललगायत सामान किन्न असन जाने चलन थियो ।

■ वर्षको एक दिन खोलिने त्यो पसल

अहिलेजस्तो धेरै चाडपर्व मनाउँदैनथ्यौं । पूजाआजा गरेर बुद्धजयन्ती मनाउँथ्यौं । त्यसपछि तेमाल जात्रा मनाइन्थ्यो । हामी आफैं त्यो जात्रा मनाउँदैनथ्यौं । स्वयंसेवकको भूमिकामा हुन्थ्यौं । तेमाल जात्राका लागि विभिन्न ठाउँबाट आउने भक्तजनका लागि घ्याम्पामा पानी जम्मा गरेर राख्थ्यौं । र आवश्यकताअनुसार वितरण गर्थ्यौं । तेमाल जात्राकै लागि हरेक घरमा एक दिनका लागि पसल खोल्थ्यौं । पसलमा चिउरा, मासु, आलु, अन्डा, रक्सी र छ्याङ (अन्नलाई कुहाएर बनाएको झोल पदार्थ) बेच्थ्यौं ।

त्यतिवेला पनि तेमाल जात्रामा हजारौं मानिस आउँथे । तेमाल जात्रा आउँदै छ भन्ने धेरै पहिले जानकारी हुन्थ्यो । आमाहरूले परालका ठुल्ठुला सुकुल बुन्थे । जात्राका दिन आँगन-आँगनमा सुकुल ओछ्याउँथ्यौं । घरघरको सिँढीमा पसल खोल्थ्यौं । सबै आफ्नै उत्पादन भएकाले सस्तो मूल्यमै बेच्थ्यौं । एक लिटर छ्याङको १० पैसामा बेचिन्थ्यो । पछि एक, दुई रुपैयाँ हुँदै बढ्यो । त्यतिवेला व्यापारभन्दा सेवा धेरै हुन्थ्यो ।

यहाँका सबै स्थानीय बौद्ध घ्याङ गुठीमा आबद्ध भएकाले मंसिरको दशमीका दिन छेजु पूजा गर्थ्यौं । तीन दिनसम्म मनाइने यो पूजामा गुठीमा आबद्धले पूजा लैजान्थ्यौं । मंसिर पूर्णिमामा हुने यो पूजामा गुरु रिन्पोछेको पूजा हुन्थ्यो । त्यसपछि माघे संक्रान्ति मनाउँथ्यौं । तामाङको खानेकुरा बाबर रोटी, आलुम (पानीमा पकाइने गोलो रोटी) जस्ता खानेकुरा बनाइन्थ्यो । १ माघमा घरमा मिठा खानेकुरा खाइन्थ्यो । त्यसपछि आफन्तको घरमा जाने र आफन्तलाई बोलाउने गरेर हप्तौंसम्म मनाइन्थ्यो । त्यतिवेलाको माघे संक्रान्ति अहिलेको ल्होसारको अवधारणा जस्तै थियो । ल्होसारमा विशेष पूजाआजा गर्छौं । तर, त्यो वेला पूजाआजाको काम हुँदैनथ्यो । बौद्धनाथ स्तूपाको सुरक्षाका लागि तान्त्रिक विधिबाट देवीको स्थापना गरिएको छ । सोही देवीको माघको अन्त्यमा पूजाआजा गर्थ्यौं । बिहान पूजा लाने, दिउँसो भोज खाएर खटमा देवी राखेर बौद्ध घुमाइन्थ्यो ।

अहिलेजस्तो दसैं भनेर मनाउँदैनथ्यौं । म्हेनिङ मनाउँथ्यौं । म्हेनिङ मनाए पनि अष्टमीका दिन भोज खान्थ्यौं । रातो टीका, जमरा र नयाँ लुगा लगाउँथ्यौं । त्यतिवेला म्हेनिङमा मात्र नयाँ लुगा लगाउँथ्यौं । अरू वेला नयाँ लुगा लगाउने चलनै थिएन । फाटे पनि, मैलो भए पनि म्हेनिङमा मात्र नयाँ लुगा लगाउँथ्यौं । असार-साउनमा रोपाइँ जात्रा मनाउँथ्यौं । हरेक परिवार पर्म प्रणालीमा आबद्ध भएर खेतीपातीको काम सकिएर थकित हुन्थे । त्यसपछि रोपाइँ जात्रा भनेर मनाउँथ्यौं । त्यतिवेला हामी पनि दौरा-सुरुवाल लगाउँथ्यौं । हाम्रा बुबाहरूले बाचुन्जेल दौरा-सुरुवाल छोड्नुभएन । तर, हामी भने बिस्तारै समयसँगै परिवर्तन भयौं ।

■ तिब्बती शरणार्थी प्रवेशसँगै फेरियो बौद्ध

हाम्रो परिवारमा विद्यालय जाने क्रम मेरै पालाबाट सुरु भएको हो । त्योभन्दा अघि विद्यालय जाने, पढ्ने भन्ने प्रचलन थिएन । पढ्नका लागि हामी चाबहिलको मित्र माध्यमिक विद्यालय र पुतलीसडकस्थित पद्मोदय माध्यमिक विद्यालय र दरबार हाइस्कुल जान्थ्यौं । खेतको आली-आली हुँदै विद्यालय जान्थ्यौं । सुरुवाती दिनमा पुरुषहरू मात्र विद्यालय जान थाले पनि बिस्तारै महिलाहरू पनि विद्यालय जान थाले । हामीसँग स्कुल पढ्ने २५ प्रतिशतजति महिला हुन्थे ।

त्यतिवेला तामाङ समुदायबिच एकता थियो । स्तूपा निर्माण गर्नुअघिदेखि नै गुठी प्रणालीमा आबद्ध भएकाले गुठीले स्थानीयलाई बाँधेको थियो । त्यो वेला बौद्धलाई ६० घरे परिवार भनिन्थ्यो । जुन बलियो परिवारको रूपमा परिचित थियो । अहिले पनि साढे तीन सय परिवार गुठीमा जोडिएका छन् । गुठी प्रणाली भएकाले त्यहाँका मानिसमाथि अन्याय गरिहाल्न मान्छेहरू डराउँथे । तत्कालीन राजा महेन्द्रको पालासम्म बौद्ध गेटभन्दा भित्र जो कोही छिर्दैनथे । गुठीको अवधारणाले सबैलाई एउटै छातामुनि राखेको थियो । पर्म प्रणालीले एक-अर्कोलाई सहयोग गर्नुपर्छ भन्ने धारणा थियो । एकता भएपछि बल भयो । कसैले जिस्कायो भने मौरीको गोलोजस्तो जाइलाग्थे ।

चीनले तिब्बत कब्जा गरेपछि तिब्बती शरणार्थी बौद्ध क्षेत्रमा आएर बस्न थाले । शरणार्थी व्यवस्थापनका लागि सरकारले गलैंचा कारखाना खोल्ने, लामा गुरुहरूका लागि घ्याङ बन्न थाले । यसका लागि त्यहाँका स्थानीयबाट जमिन छुट्दै जान थाल्यो । धेरै जमिन भएका त्यहाँका तामाङले प्रतिरोपनी दुई-चार हजारमै जग्गा बेच्न थाले, त्यो पनि भएका वेला दिँदा हुन्थ्यो । हावापानीलगायत कारण शरणार्थीलाई पनि यहाँ सहज भयो । बिस्तारै सेतो गुम्बा, तिब्बत होटेलजस्ता भवन बन्न थाले । स्थानीय तामाङहरू जोरपाटी, सुन्दरीजल हुँदै बसाइँसराइ गरेर जान थाले । विभिन्न ठाउँमा बसाइँ सरेर गएपछि उनीहरू त्यहीं नै अन्तरघुलन भए । त्यसपछि हामीले बोलाउँदा पनि कतिपय यहाँबाट गएका मान्छेहरू आउन छाडे । ०३२ सालपछि यहाँ देखिने गरी परिवर्तन

> घरका सरसामान किन्न भने असन, इन्द्रचोक जान्थ्यौं । खेतैखेत हिँडेर बजार जानुपर्थ्यो । डिल्लीबजार र कमलादीमा समेत खेत थिए । बजार जाँदा पशुपति भण्डारखालतिर स्याल देखिन्थ्यो । गोकर्णतिर र शिवपुरीको जंगलबाट चितुवा नै आउँथ्यो । हाम्रो घरको तलतिर नै स्याल कराउँथ्यो । बौद्ध क्षेत्रमा पनि धेरै ठाउँमा जंगल थियो । पछि फँडानी भयो ।

आउन थाल्यो । सन् १९७९ देखि बौद्धनाथ स्तूपालाई युनेस्कोले विश्व सम्पदा घोषणा गरेपछि विश्वकै नमुना गाउँ बनाउने भनेर मास्टर प्लान बनाउन भन्यौं । हामीले पनि बनायौं । यहाँ बनाउने संरचना त्यहीअनुसार बनाउन पनि भन्यौं । तर, सम्बन्धित निकायबाट ध्यान नपुग्दा अहिलेको अव्यवस्थित बौद्धमा परिणत भयो ।

■ बाक्साजस्तो रेडियो

त्यतिवेला डन्डीबियो, गुच्चा खेल्थ्यौं । केहीले साइकलको पांग्रा गुडाएर हिँड्थे । धेरैजसोले नाङ्लो पुरानो भएपछि त्यसको बिटलाई पांग्रा बनाएर गुडाउँथे । पछिपछि कपडाको फुटबल बनाएर पनि खेल्थ्यौं । बिहानको समय स्कुल जाने भएकाले साँझपख यस्ता खेल खेल्थ्यौं । कहिलेकाहीं छुट्टीका वेला पनि त्यस्ता खेल खेल्थ्यौं । केटीहरू खासै खेल्न निस्किँदैनथे । कोही-कोही भुइँमा कोरेर खेल्थे ।

मनोरञ्जनको अर्को साधन रेडियो पनि थियो । रेडियो ठुलो काठको बाक्साजस्तो थियो । एक-दुई घरमा मात्र रेडियो हुन्थे । तर, गाउँभरिकाले सुन्ने गरी बज्थ्यो । अलि टाढा हुनेहरू रेडियो सुन्नकै लागि भनेर ती घरवरपर पुग्थे । ब्याट्रीबाट बज्ने हुनाले दिनमा एक-दुई घण्टाजति मात्र रेडियो बज्थ्यो । भारतबाट काम गरेर फर्केकाहरूले रेडियो बजाउने हुनाले भारतीय गीतसंगीत नै बजाउँथे ।

भारतको हिमाञ्चल प्रदेशतिर बाटो खन्न गएकाहरूले रेडियो ल्याउँथे । हामी उनीहरूलाई लाहुरे भन्थ्यौं । काम गर्न सक्ने उमेरका केटाहरू १० देखि २० जनाको समूह बनाएर बाटो खन्न भारत जान्थे । उनीहरूमध्येकैले फर्किंदा रेडियो ल्याउँथे । मनोरञ्जनका लागि कहिलेकाहीं बेलुका-बेलुका मादल बजाउने, लोकगीत गाउने र नाच्ने पनि हुन्थ्यो । विशेषगरी गर्मी महिनामा खेतमा काम गरेर फर्केपछि समूह बनाएर गीत गाएर नाच्थ्यौं ।

हाम्रा बुबाहरूले त्यतिवेला इस्टकोट, दौरा-सुरुवाल लगाउनुहुन्थ्यो । पछिसम्म पनि उहाँहरूले दौरा-सुरुवाल छोड्नुभएन । आमाहरूले फरिया-चोली लगाउनुहुन्थ्यो । ती कपडा बेच्न नेवाः समुदायका मानिस घरघरमै आउँथे । बुबाआमाहरूले उनीहरूसँगै किनेर लगाउनुहुन्थ्यो । हामीले पनि त्यतिवेला दौरा-सुरुवाल नै लगाउँथ्यौं । पछि-पछि भारतीय बजारबाट कपडा आउन थालेपछि सर्ट र पाइन्ट लगाउन थाल्यौं । केटीहरू जामा लगाउँथे । खुट्टामा जुत्ताचप्पल त कसैको हुँदैनथ्यो । खाली खुट्टै दौडिन्थ्यौं । अलि पछि भारतीय बजारबाट रबरको चप्पल आएपछि कसैकसैले लगाउन थाले ।

■ बागमतीको पिउन मिल्ने पानी

बागमतीमा सङ्लो पानी बग्थ्यो । असला माछा खेलेको किनारबाट देखिन्थ्यो । फुर्सदको वेला त्यहाँ माछा मार्थ्यौं, नुहाउँथ्यौं, लुगा धुन्थ्यौं । बर्खामा पौडी खेल्थ्यौं । त्यही पानी पिउँथ्यौं पनि । हाम्रो खेत बागमती किनारतिरै थियो । सिँचाइका लागि बागमतीकै पानीमा निर्भर थियौं । गाईगोरु त्यहींवरपरका फाँट र पशुपति क्षेत्रको जंगलमा चराउने भएकाले बागमती हाम्रा लागि दैनिकीजस्तै थियो । २०-२१ वर्षको उमेरसम्मै मैले बागमतीमा पौडी खेलें ।

■ एउटा मात्रै मासु पसल

मासुका लागि घरघरमा कुखुरा पाल्थ्यौं । त्यतिवेला यहाँ एक ठाउँमा भैंसीको मासु बेच्ने पसल थियो । त्यो घर अहिले छैन । सडक विस्तारका क्रममा भत्कियो । बिहान १० देखि ११ बजेसम्म त्यो पसल खुल्थ्यो । पसल राख्ने नेवारको घर मित्रपार्कमा थियो । उनीहरू १० बजेसम्म पसल खोल्न बौद्ध आउँथे । खसीको मासु खाने त चलन नै थिएन ।

घरायसी सामान किन्न हामी बदाम, अन्नपात बेच्थ्यौं । ती सामान किन्न भक्तपुर ठिमीतिरका मानिस घरैमा आउँथे । उनीहरू सामान किन्न लहरी भन्ने गाडी (मिनी ट्रक)लिएर आउँथे । उनीहरू धेरैजसो सामान किन्न हिउँदमा आउँथे । जोरपाटीसम्म मोटर चल्ने कच्ची बाटो बनिसकेको थियो । घरका सरसामान किन्न भने असन, इन्द्रचोक जान्थ्यौं । खेतैखेत हिँडेर बजार जान्थ्यौं । डिल्लीबजार, कमलादीमा समेत खेत थिए । बजार जाँदा पशुपति भण्डारखालतिर स्याल देखिन्थ्यो । गोकर्णतिर र शिवपुरीको जंगलबाट चितुवा नै आउँथ्यो । हाम्रो घरको तलतिर नै स्याल कराउँथ्यो । स्यालले कुखुरा चोर्थ्यो । बौद्ध क्षेत्रमा पनि धेरै ठाउँमा जंगल थियो । पछि फँडानी भयो ।

हाम्रा लागि अलि ठुलो गाउँ भनेको पश्चिमतिरको चाबहिल, गौशाला, बानेश्वर, डिल्लीबजार थियो । पूर्वतिर गोकर्ण थियो । तर, पातालो बस्ती । गोकर्णतिरबाट बौद्धमा दुध बेच्न आउँथे । पातलो गाउँ भएकाले हामी एक-अर्कालाई राम्रोसँग चिन्थ्यौं ।

समाजशास्त्री राम गुरुङलाई

मन परेका सात पुस्तक



एभिक्टेड – प्रोभर्टी एन्ड प्रफिट इन द अमेरिकन सिटी : यो पुस्तक अमेरिकन समाजशास्त्री म्याथ्यु डेसमन्डले लेखेका हुन् । पुस्तकमा अमेरिकन समाजको भाडामा बस्ने परिवार र घर मालिबिचको सम्बन्धलाई देखाइएको छ । अमेरिकी सहरी समाजमा वर्ग कति महत्त्वपूर्ण छ भने भाडा तिर्न नसकेपछि घर मालिकले निकालेर लखेट्छ । यस्तो निष्कासनले पनि गरिबी निम्त्याएको छ भनेर लेखकले पुस्तकमा उल्लेख गरेका कारण मलाई रुचिकर लाग्यो । पुस्तकमा सहरीकरणले अन्ततः असमानता निम्त्याउँछ भन्ने कुरा उल्लेख छ ।

पेडागोजी अफ द अप्रेस्ड : यो पुस्तक पाउलो फ्रेरेले लेखेको हुन् । ल्यान्ड राइट्स मुभमेन्टमा पिएचडी सुरु गरेपछि सामाजिक आन्दोलनलाई अलि धेरै हेरिरहेको छु । यस क्रममा भुइँ तहको मानिस कसरी आन्दोलित हुन्छ होला भनेर उत्तर खोजिरहेको थिएँ, उत्तर खोज्ने क्रममा यो पुस्तक पढेको थिएँ । उनीहरूलाई आन्दोलनमा सहभागी गराउन तपाईंको जमिन खोस्यो, यो सांस्कृतिक अधिकार हो भनेको छ । तर, उनीहरूले ती कुरालाई कसरी बुझे ? कति बुझे ? भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । दीर्घकालीन रूपमा राज्यको अन्याय, खराब प्रणाली, संरचनात्मक विभेदविरुद्ध लड्ने हो भने सम्बन्धित व्यक्ति आफैं बुझ्ने हुनुपर्छ । यसका लागि व्यक्तिमा आलोचनात्मक चेतको विकास गरिदिनुपर्छ भन्ने कुरा आफ्नो विद्यावारिधिमा कतै जोड्नका लागि यो पुस्तक पढेको थिएँ ।

द स्टेट एन्ड रेभुलेसन इन द ट्वान्टिथ सेन्चुरी : मेजर सोसियल ट्रान्सफर्मेसन अफ आवर टाइम : यो पुस्तक बर्च बरबेरोलुले लेखेका हुन् । पुस्तक सन् १९७० देखि ८० को दशकमा चीन, फ्रान्स, क्युवा, भियतनाम, निकारागुवामा जति पनि राजनीतिक परिवर्तन भयो, ती देशहरूको अध्ययन गरेर तयार पारिएको छ । पुस्तकले संसारभर वर्ग व्यवस्था जहाँतहीं छ । तर, हरेक ठाउँको वर्ग व्यवस्था विशेष छ । कहींको वर्ग कहींसँग मिल्दैन भन्ने उल्लेख गरेको छ । साना कुराहरूको तथ्यांक ल्याएर, सन्दर्भ प्रयोग गरेर पुस्तक लेखिएको छ ।



सबाल्टर्न मुभमेन्ट इन इन्डिया : दक्षिण एसीया बुझ्नका लागि मनीषा देसाईंको यो पुस्तक उपयोगी छ । हाम्रोमा अध्ययन, अनुसन्धानका क्रममा कर्मकाण्डी रूपमा जेन्डरचाहिँ घुसाउनैपर्छ भन्ने छ, तर किन भन्ने छैन । गुजरातमा तीन ठुला आयोजना आयो । जग्गा, खोला मासेर हुन लागेको आयोजनाविरुद्ध आन्दोलन भयो । महिलाहरू ब्यानर बोकेर हिँडे । उनीहरू धर्नामा सहभागी भए । ढुंगा हाने । तर, भित्र कोठामा बैठक बस्ने वेला पुरुष मात्र सहभागी भए । त्यसलाई उनले 'जेन्डर जियोग्राफी' भनेकी छिन् । आन्दोलनमा महिला नभई नहुने तर निर्णय प्रक्रियामा चाहिँ महिलालाई कसरी 'बायस्ड' गराइएको छ भनेर उल्लेख गरेकी छिन् । पुस्तकले लैंगिकता, आदिवासी जनजाति, अपांगता भएकाहरू, दलितलाई पनि अनुसन्धानमा कसरी समेट्ने भन्ने कुरा सिकायो ।

आइडेन्टिटी – द डिमान्ड फर डिग्निटी एन्ड द पोलिटिक्स अफ रेंजिमेन्ट : मैले फ्रान्सिस फुकुयामाले लेखेका सबैजसो पुस्तक पढेको छु । सन् १९९२ मा द एन्ड अफ द हिस्ट्री एन्ड द लास्ट म्यान लेखेका लेखकले एकाएक सन् २०१८ यो पुस्तक प्रकाशन गरेर आफ्नै कुरालाई खण्डन गरेका छन् । ३२ वर्षअघि अलि गम्भीर भएर लेखिदिएको भए यो लेख्नुपर्ने अवस्था आउने थिएन । त्यसैले लेख्दा गम्भीर हुनुपर्ने रहेछ भन्ने लाग्यो । पहिचानलाई दुवै ढंगले हेर्नुपर्ने हुन्छ । पुस्तकमा उनले पहिचानको कुराले देशलाई खलबल बनाउँछ । प्रजातन्त्रलाई कमजोर बनाउँछ भन्ने तर्क गरेका छन् । सँगसँगै मान्छेले भित्रदेखि नै म फरक हो भनेर महसुस गरेको कुरालाई दबाउनु पनि हुँदैन भनेर स्वीकार गरेका छन् ।

सिमसारा : यो उपन्यास पत्रकार बसन्त बस्नेतले लेखेका हुन् । पुस्तक मिठो भाषामा लेखिएको छ । वाक्यको उठान एकदमै राम्रो लाग्यो । पुस्तकमा कतै वर्गको कुरा, कतै लैंगिक विभेदका कुरा पढ्न सकिन्छ । उपन्यासमा प्रयोग भएको भाषाले यसरी लेख्यो भने सामान्य मान्छेसम्म आफ्नो कुरा पुऱ्याउन सकिने रहेछ भन्ने लाग्यो ।

ल्यान्ड ओनरसिप इन नेपाल : ल्यान्ड राइट्स मुभमेन्टमा विद्यावारिधि गरिरहेकाले महेशचन्द्र रेग्मीको धेरै पुस्तक पढेको छु । यो पुस्तक मैले धेरैपटक पढें । हामी भूमिका लागि भएको आन्दोलन भन्छौं । मान्छेहरू होमिएको भन्छौं । तर, माथिल्लो तहको कुरा कहिल्यै पनि गर्दैनौं । राज्यको कारण त्यो आन्दोलन कमजोर भएको कुरा चर्चा गर्दैनौं । त्यसका लागि इतिहासबारे जानकारी हुनुपऱ्यो । जमिन राज्यले कसरी प्रयोग गर्न खोज्यो ? भुइँ मान्छेले कसरी प्रयोग गर्न खोजे ? सर्वसाधारणले जमिनलाई कसरी बुझ्छ ? राज्यले जमिनलाई कसरी बुझ्छ ? त्यो कुरा बुझ्न यो किताब उपयोगी छ ।



आरोहण अनुभव

● **विश्वप्रकाश शर्मा**, महामन्त्री, कांग्रेस

मधेशको मान्छे हिमाली चुचुरोमा पुग्दा...

स्कुलका किताबमा भएका हिमालका फोटोहरूले खुब मन लोभ्याउँथ्यो । किताबका नक्सा काला हुन्थे, पछि पो थाहा भयो- **हिमाल त सेता हुने रहेछन् ।**

मिडिया र सामाजिक सञ्जालमार्फत थाहा भयो- जलवायु परिवर्तनका कारण सेता हिमाल क्रमशः काला पत्थरमा परिणत हुँदै छन् । तस्बिर र भिडियोहरूमा हिमाल उजाड बन्दै गएको देख्दा मन अमिलियो । लाग्यो- हिमालको वास्तविक अवस्था नजिकै गएर किन नबुझ्ने ? हिमाललाई आफैं किन नचुम्ने ? आखिर, सानैदेखि हिमाल चढ्ने हुटहुटी थियो नै ।

तराई-मधेशमा जन्मिएँ, उतै हुर्किएँ । त्यहाँ उकालो-ओरालो हुँदैन । युवाकाल समथर भूभागमा बिताएका व्यक्तिले गगनचुम्बी हिमाल चढ्न खोज्नु स्वाभाविक रूपमा चुनौतीपूर्ण हुन्छ । हिमालमा बस्नेहरूमा जनकपुरको रामजानकी मन्दिरप्रति गहिरो आस्था भएजस्तै तराईवासीलाई पनि हिमालप्रति उत्तिकै आत्मीयता र अपनत्व हुन्छ । मलाई हिमालप्रतिको आकर्षण सानैदेखि थियो ।

स्कुलका किताबमा भएका हिमालका फोटोहरूले खुब मन लोभ्याउँथ्यो । किताबका नक्सा काला हुन्थे, पछि पो थाहा भयो- हिमाल त सेता हुने रहेछन् । बुझ्दै जाँदा हिमालप्रति गौरवको अनुभूति हुन थाल्यो । अझ विदेशीहरू नेपाल आएर हिमाल चढ्छन् भन्ने थाहा पाएपछि मेरो मनमा पनि हिमाल आरोहणको सपना पलायो ।

समयसँगै संसद्को जिम्मेवारीमा पुगें । संसद्को जिम्मेवारी नीति निर्माण गर्ने हो । मिडिया र सामाजिक सञ्जालमार्फत थाहा भयो- जलवायु परिवर्तनका कारण सेता हिमाल क्रमशः काला पत्थरमा परिणत हुँदै छन् । तस्बिर र भिडियोहरूमा हिमाल उजाड बन्दै गएको देख्दा मन अमिलियो । लाग्यो- हिमालको वास्तविक अवस्था नजिकै गएर किन नबुझ्ने ? हिमाललाई आफैं किन नचुम्ने ? आखिर, सानैदेखि हिमाल चढ्ने हुटहुटी थियो नै । संसद् सदस्यका नाताले आफैं प्रत्यक्ष अवलोकन गरेर सरकारको ध्यानाकर्षण गराउनु आवश्यक देखें । अनि, हिमाल आरोहण गर्ने निर्णय गरें र पाँचजना साथीको टिम बनायौं ।

अध्ययन गर्दै जाँदा मेरापिक आरोहण हाम्रा लागि सहज थियो । त्यो पठार प्रकृतिको भएकाले डोरी समाएर उकालो चढ्नु पर्दैनथ्यो । तर, चुनौतीपूर्ण यात्रा रोज्ने सोचेर ६ हजार १४५ मिटर उचाइको लोबुचे हिमाल चढ्ने निधो गर्यौं । मनमा त सर्वोच्च शिखर सगरमाथा नै चढ्ने चाहना थियो, तर पहिलो प्रयासमै त्यत्रो ठुलो जोखिम उठाउने कुरै भएन । फेरि एउटा सानो हिमचुली नचढी सगरमाथा चढ्न अनुमति पाइँदैन ।

हिमाल चढ्ने मेरो अठोट दुई वर्षअघिकै थियो, तर यो यात्रा गर्ने अन्तिम निर्णय भने ६ महिनाअघि मात्रै भयो । हिमाल चढ्न चाहनेमा उचाइ सहने क्षमता हुनुपर्छ । त्यसका लागि फुटसल खेल्नेदेखि अन्य शारीरिक कसरत गरियो ।

■ हाम्रो दैनिकी

हाम्रो आरोहण यात्रा २१ मंसिर ०८१मा सुरु भयो । पहिलो दिन लुक्ला ओर्लिएर फाक्दिङ पुग्यौं र त्यहीं बास बस्यौं । दोस्रो दिन नाम्चे बजार पुग्यौं । नाम्चे बजार निकै मनमोहक देखिन्थ्यो । तेस्रो दिन 'एभरेस्ट भ्यु प्वाइन्ट' होटेल पुगेर फेरि नाम्चे झरेर बास बस्यौं । यो उचाइसँग अभ्यस्त हुनका लागि थियो ।

चौथो दिन तेङ्बोचे गुम्बा दर्शन गरेर डिङ्बोचे पुग्यौं । पाँचौं दिन चार-पाँच घण्टा हिँडेर पुनः डिङ्बोचेमै फर्कियौं । छैटौं दिन थुक्ला पुग्यौं । थुक्ला खान-बस्न होटेल सुविधा भएको अन्तिम ठाउँ रहेछ । सातौं दिन बिहान सबैरै हिँडेर तीन-चार बजे लोबुचे हिमालको हाइक्याम्प पुग्यौं र केही समय आराम गर्यौं । त्यहाँ टेन्ट टाँगेर बस्ने र खानाको व्यवस्था गरिएको थियो । सोही दिन राति नै चुचुरोतर्फ लाग्नुपर्ने थियो । राति ८ बजे खाना खाएर उकालो चढ्ने तयारी थाल्यौं । साढे ११ बजेतिर चुचुरोतर्फ उकालो लाग्यौं ।

आठौं दिन बिहान करिब साढे ६ बजे चुचुरोनजिक पुगें । चुचुरो चुम्न १००-१५० मिटर मात्र बाँकी थियो होला । अरू साथीहरू तलबाट आउँदै थिए, त्यसैले मैले उनीहरूलाई कुर्ने । मैले सँगै चुचुरो चुम्ने निर्णय गरें । साथीहरू आइपुग्न झन्डै एक घण्टा लाग्यो । हामी सँगसँगै चुचुरो चुम्यौं, त्यसवेला उज्यालो भइसकेको थियो ।

चुचुरो चुम्दा खुसीको सीमा थिएन । यो मेरो पहिलो हिमाल आरोहण थियो । अनि आगामी कठिन आरोहणका लागि मार्गदर्शक पनि । हामीले चुचुरोमा फोटो खिच्यौं, खुसीले करायौं, नाच्यौं र आपसमा खुसी साटासाट गर्यौं । राति साढे ११ बजे हाइक्याम्पबाट हिँडेको हाम्रो टोली बिहान सवा सात बजेतिर चुचुरोमा पुगेको थियो ।

■ यात्राका अनुभव

लुक्ला एयरपोर्ट झरेर खुम्बु यात्राका क्रममा मैले टेलिफोनबाटै पार्टीका काम पनि सम्हालिरहेको थिएँ । कोशी प्रदेश सम्मेलनमा उपस्थित हुन नसकेपछि खुम्बु क्षेत्रबाटै स्टेटमेन्ट पठाएँ । २३ मंसिरमा प्रधानमन्त्री केपी ओली झापाको मेरै निर्वाचन क्षेत्रमा आउँदै हुनुहुन्थ्यो । म हिमाली क्षेत्रमै भएकाले हिमाललाई पृष्ठभूमिमा राखेर एउटा भिडियो बनाएँ र उहाँलाई स्वागत गर्दै मेरो क्षेत्रलाई पनि झापा-५ (केपी ओलीको निर्वाचन क्षेत्र) लाई जस्तै माया गरिदिन आग्रह गरें । त्यो मेरा लागि विशेष क्षण थियो ।

म विश्वका सातवटै महादेश पुगेको छु । तर, कसैले मलाई फेरि फर्केर कहाँ जान चाहनुहुन्छ भनेर सोध्यो भने म निःसन्देह नेपालको हिमाली क्षेत्र भन्छु । किनभने यो हाम्रो सम्पत्ति हो । यहाँ आत्मीयता छ, माया पनि । नेपालका सबै ठाउँ सुन्दर छन् । तर, खुम्बु क्षेत्र र हिमाली भेगको सुन्दरता बेग्लै लाग्छ ।

तराई-मधेशको मान्छे भएर पनि हिमालमा पुगेपछि मलाई निकै आत्मीय अनुभूति भयो । हिमालयको देशमा जन्मिनुको गर्व महसुस भयो । त्यसैले, मैले एकजना कविको लोकप्रिय रचना गाएर पोस्ट गरेको थिएँ-

'जहाँ ढुंगाढुंगामा देवताको बास छ,
जहाँ धुम्काधुम्कामा स्वर्गको आभास छ ।'

■ आरोहणमा दुई महिनाको तलब खर्च

लोबुचे हिमाल चढ्दा मेरो दुई महिनाको तलब सकियो, आरोहण अनुमति लिन, गाइड, भरिया र होटेललगायतलाई तिर्न । खानामा पनि खर्च गर्नुपऱ्यो । त्यो सबै दुई महिनाको तलबले पुग्यो । यो यात्रा आठ दिनको थियो ।

२ चैत (शनिबार)
८ चैत (शुक्रबार)

साप्ताहिक राशिफल



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो** : ९८५१०६११२४

मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

मनले चिताएका सम्पूर्ण कार्य सफल हुने योग छ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । हर्ष, उमंग र उत्साह छाउनेछ । धार्मिक यात्राको योग रहेको छ । व्यापार व्यवसायमा सफलता पाइनेछ । आफन्तसँग रमाइलो भेटघाट पनि हुनेछ । साताको अन्त्यमा मनमा आध्यात्मिक सोच र चिन्तन बढ्नेछ ।

वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको सुरुका दिनमा शरीरमा स्फूर्ति र उमंगको कमी हुनेछ । नियम र अनुशासनलाई बेवास्ता गर्दा अवसर र लाभ गुम्न सक्छ । साताको मध्यबाट रमणीय र सुखद यात्राको योग छ । वैदेशिक कार्यमा सफलता मिल्नेछ । सांस्कृतिक कार्यमा रुचि बढ्नेछ । साताको अन्त्यमा आदर्श व्यक्तिसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

यो साता नयाँ धार्मिक तीर्थस्थलको भ्रमण हुनेछ । प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ । टाढा रहेका आफन्तसँगको सम्बन्ध कायम हुनेछ । आफन्तको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । साताको अन्त्यमा काममा अवरोध सिर्जना हुन सक्ने सम्भावना रहेकाले संघर्षको सामना गर्नुपर्नेछ ।

कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

शुभयोगका कारण यो साता महत्त्वपूर्ण रहनेछ । नयाँ काम र शुभ समाचार सुन्न पाइएला । आफन्तको सहयोगका कारण रोकिएका अधुरा काम पुनः सुरु हुने योग छ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । मध्य साताम मनमा निराशा र शरीरमा आलस्य आउला । सौन्दर्यमा धन खर्च हुनेछ । अरूको सहयोगबाट धन कमाउने योग छ ।

सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

भाग्यले विभिन्न अवसर जुराउनेछ । आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुन सक्छ । कला, साहित्य तथा संगीतमा रुचि बढ्नेछ । नयाँ काम वा रोजगार पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने योग छ । आफन्तले तपाईंका विचारलाई समर्थन गर्नेछन् । छोटो तथा लामो दूरीको यात्रा गर्दा ध्यान दिनुहोला यात्रा कष्टकर पनि हुन सक्छ ।

कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

धन प्राप्तिको योग रहेको छ । कला प्रविधिका क्षेत्रमा उन्नति हुने देखिन्छ । हाँस-खेल र मनोरञ्जनपूर्ण समय पनि रहेको छ । दैनिक कार्यमा प्रगतिसमेत हुनेछ । स्वास्थ्य क्षेत्र भने निर्बल रहने भएकाले सजगता अपनाउनु नै उचित हुनेछ । रमाइलो यात्रा गर्दै मिष्ठान्न भोजन ग्रहण गर्ने अवसर प्राप्त हुनेछ । प्रेममा रमाउन चाहनेहरूका लागि समय फलदायी रहनेछ ।

तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

शुभकार्यको चर्चा चल्नेछ । प्रेमी वा प्रेमिकाबाट सुख मिल्नेछ । परिवारिक सद्भाव बढ्नेछ । पर्यटकीय भ्रमणले थप ऊर्जा प्रदान गर्नेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । साताको उत्तरार्द्धबाट व्यापार व्यवसायमा बाधा आउला । व्यापार व्यवसाय फस्टाएर जाने हुनाले आर्थिक अवस्था सुदृढ हुनेछ । भौतिक तथा मानव निर्मित स्रोत साधनको प्राप्तिको योग रहेको छ ।

वृश्चिक

(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

यो साता अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । लामो समयदेखि रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । प्रेममा मधुरता छाउनेछ । परिणाममुखी जिम्मेवारी बहन गर्ने समय आएको छ । परोपकारका क्षेत्रमा लगानीको समय छ । प्रेममा धोका तथा अविश्वास सिर्जना हुनेछ । अकस्मात् यात्रामा निस्कनुपर्नेछ ।

धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

विद्या र बुद्धिको विकास हुनेछ । धार्मिक महत्त्वका क्षेत्रको भ्रमण हुन सक्छ । अतिथिको रूपमा सत्कार पाइएला । सजिलै अरूको विश्वास जित्न सकिनेछ । वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । छोटो दूरीको लाभदायक यात्रा रहला । साताको अन्त्यमा सन्तान सुख पनि मिल्न सक्छ । व्यापार फस्टाएर जानेछ भने धन आर्जन गर्न सकिनेछ ।

मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

किनमेल गर्दा विशेष सावधानी अपनाउनुहोला, सामानहरू छुट्ने वा हराउने सम्भावना छ । अनावश्यक ठाउँमा धन खर्च पनि होला । शुक्रबारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । गोपनीय ढंगले गरिएको काममा सफलता पाउनुहुनेछ । खोज तथा अनुसन्धानका क्षेत्रमा अलि बढी मिहिनेत गरे मात्र नतिजा आफैंतिर ल्याउन सकिने योग छ ।

कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको प्रारम्भमा घरमा अतिथिको आगमन हुनेछ । तपाईंको लगनशीलतालाई भित्रभित्रै मन पराइएको अवस्था हुन्छ । आफ्नै दक्षतामा विभिन्न कार्य सम्पन्न हुनेछन् । कुनै नयाँ ठाउँमा निवेश र लगानीको वातावरण बन्नेछ । अचल सम्पत्ति हता पर्नुका साथै लाभदायक यात्रा हुनेछ । सवारी साधनको प्रयोग गर्दा वा चलाउँदा ध्यान दिनुहोला ।

मीन

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

जोस, जाँगर र उमंग बढ्नेछ । आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुन सक्छ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । साताको अन्त्यमा अपेक्षित काममा सोचेभन्दा बढी मिहिने त गरेर थोरै मात्रै सफलता प्राप्त गर्न सकिएला । वैदेशिक यात्राको योग रहेकाले यात्रा फलदायी रहने देखिन्छ । अनावश्यक खर्चबाट जोगिनुपर्नेछ ।

टिप्स



● **टिएन भट्ट**, पथ प्रदर्शक

म १० वर्षदेखि पथ प्रदर्शक (टुरिस्ट गाइड)का रूपमा काम गरिरहेको छु । यो अवधिमा पर्यटकलाई लिएर नेपालका धेरै ठाउँ पुगेको छु । यात्रुलाई सुरक्षित रूपमा गन्तव्य पुऱ्याउने मात्रै होइन, फर्काउने जिम्मा पनि पथ प्रदर्शक (गाइड)को हुन्छ । त्यसैले नयाँ स्थानको यात्रा गर्दा पथ प्रदर्शकको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । पथ प्रदर्शक (गाइड)ले यात्रा गर्नुअघि जाने स्थानको जानकारी अनिवार्य राख्नुपर्छ । गाइडले यात्रुको यात्रालाई रमाइलो र सुरक्षित गराउनेतर्फ सधैं ध्यान दिनुपर्छ ।

गाइडको अर्को जिम्मेवारी यात्रुलाई गन्तव्यबारे पूर्ण जानकारी दिनु हो । पथ प्रदर्शकले यात्रा गर्ने स्थानको ऐतिहासिक, सांस्कृतिक र भौगोलिक सौन्दर्य र महत्त्वलाई सरल तरिकाले बुझाउन सक्नुपर्छ । जसले यात्रालाई अझ मनमोहक बनाउँछ ।

पथ प्रदर्शकमा यात्रुलाई नयाँ संस्कृतिबारे बुझाउने र स्थानीयसँग संवाद गराउने



म विश्वका सातवटै महादेश पुगेको छु । तर, कसैले मलाई फेरि फर्केर कहाँ जान चाहनुहुन्छ भनेर सोध्यो भने म निःसन्देह नेपालको हिमाली क्षेत्र भन्छु । किनभने यो हाम्रो सम्पत्ति हो । यहाँ आत्मीयता छ, माया पनि ।

मैले हिमाल आरोही, पथ प्रदर्शक, हेल्पर सबै जोखिममा देखेँ । हिमाल आरोहण जोखिमकै काम हो । साहसिक मान्छे मात्र हिमाल चढ्न सक्छ । हिमाल आरोहण नगरकोटमा पिकनिक मनाउन गएजस्तो हुँदैन । हिमाल चढ्दाचढ्दै सयौँको मृत्यु भइसकेको छ । धेरै अंगभंग पनि हुनुभएको छ ।

जेम्स ह्यान्ड्रिक्स ६५ वर्षका बेलायती नागरिक छुक्कुम जाँदै हुनुहुन्थ्यो । तर, उहाँसँग गाइड पनि थिएन । मैले त्यहींबाट ट्विट गरेर राज्यका निकायलाई ध्यानाकर्षण गराएको थिएँ । आरोहीहरूलाई सुरक्षित आरोहण गराउने पहिलो दायित्व गाइड वा भरियाको होइन, सरकारको हो । तर, यहाँ सरकारको काम गाइड र भरिया गरिरहेका छन् । कुनै पनि पदयात्री वा आरोही नेपालमा गाइड छन् भनेर आउने होइनन्, नेपाल देश छ, त्यहाँ हिमाल चढ्न पाइन्छ भनेर आउने हुन् ।

अर्को कुरा, गाइड र भरियाको सुरक्षा कसले गर्ने ? भरिया माथिबाट खसेर घाइते भए कसले उपचार गर्ने ? आरोहीले हो कि स्थानीय सरकारले ? भरियाको बिमा के हो ? यहाँ त सामाजिक सुरक्षा कोष पनि छैन । यो विषयमा राज्यले सोच्नुपर्ने देखिन्छ ।

आरोही र गाइड तब रहलान्, जब हिमाल रहला । हिमाल जोगाउन मुस्किल छ । हिमाल एकातिर हेर्दा टलल टल्किन्छन्, अर्कोतिर हेर्दै गर्दा खड्ग्रङ्ग परेका छन् । जलवायु परिवर्तनको विश्वव्यापी असरबाट जुध्न कहाँ के गर्नुपर्छ भनेर नेपालले प्राथमिकतामा राखी अगाडि बढ्न जरुरी छ ।

जाँदै गर्दा देखेको दृश्य- चोलात्से हिमाल र तोबुचे हिमालको बिचबाट गएको पहिरोले जोड्लाबाट आएको नदीलाई थुनेर ताल बनाएको रहेछ । अब नदी तालमा परिणत भयो । जलवायु परिवर्तनका कारण बढेको तापक्रमले ताल अस्थिर हुँदै विस्फोट भयो भने सबैभन्दा नजिकको फेरिचे गाउँ पूरै डुबाउँछ । फेरिचेभन्दा अझै तल पाङ्बोचे गाउँ छ, त्यो पनि जोखिममा छ । यस्ता चित्र प्रत्यक्ष हेरेर आएँ ।

त्यत्रो हिँड्दा एक ठाउँमा मात्र प्लास्टिक बोतल देख्यौँ । भिडियो बनाएर बोटल झोलामा हाल्यौँ । त्यहाँ सरकारले फोहोर संकलन गरेर ल्याउनुपर्ने नियम बनाएको छ । एक दशकअघिको जस्तो चर्चा हुने गरी फोहोर छैन । सफाइ चलिरहेको देख्यौँ । गाउँपालिकाले झन् कडा नियम बनाएको छ ।

■ आरोहण कसरी सुरक्षित बनाउने ?

सरकारले जेम्स ह्यान्ड्रिक्सजस्तै गाइड र भरियाविनै जान दिनुभएन । डकुमेन्टेसन गर्दै गाइड र पोर्टर उल्लेख हुनुपर्छ । त्यो उल्लेख भएको पत्र नभई आरोहणमा जान दिनुभएन । उसको फिजिकल अवस्था, तयारी, स्किल, गाइड, टिमको कुरा मिल्यो भने मात्र आरोहीको रक्षा गर्न सकिन्छ ।

हिमालबाट लाभ लिनका लागि पनि हरेक प्वोइन्टमा राज्यको उपस्थिति हुनुपर्छ । देशका तर्फबाट सरकार छ भनेर सुरक्षा आभास दिनुपर्छ । भरिया र गाइडलाई राज्यको प्रतिनिधि बनाउन सकिन्छ ।

■ भरियालाई ज्याकेट उपहार

कमल तामाङ हाम्रो भारी बोक्दिने जागिरे थिए । दिनको तीन हजार पाउने रहेछन् । भरियाले त्यही पैसाबाट खानेबस्ने गर्नुपर्ने रहेछ । हामीले उनलाई ज्यालाबापतको तीन हजार सबै बच्छ, हामी खानेबस्ने सुविधा दिन्छौँ भन्यौँ । टिप्स दिने वेलामा मैले ठमेलमा किनेको आठ हजारको डोल्पो ज्याकेट उनलाई उपहारस्वरूप दिएँ । त्यो पिकमा जाँदा लगाउने ज्याकेट थियो । तर, लगाएको थिइनँ । पिकमा जान भाडामा कपडा-जुत्ता लग्यौँ । झन्डै लाख रुपैयाँ पर्ने लुगा १४ हजार रुपैयाँ तिरेर भाडामा लिन पाइने रहेछ । त्यो ज्याकेट काठमाडौं फिर्ता ल्याउनुभन्दा हिमालमा काम गर्ने भरियालाई दिँदा उपयोग हुने देखेँ । काठमाडौंमा त्यस्तो ज्याकेट कामै थिएन ।

हामी त्यहाँ पुग्दै गर्दा कठ्याङ्ग्रिरहेका थियौँ । तर, त्यहाँका बालबालिका सामान्य कपडामै खेलिरहेका थिए । उनीहरू हिमाली वातावरणमा 'युज टु' थिए । उनीहरूको छाला नै त्यस्तै छ, चिसो पचाउन सक्ने । जिन नै त्यस्तै छ ।

■ हिमाल चढ्नभन्दा झर्न खतरा

हिमाल चढ्नभन्दा झर्न झन् खतरा रहेछ । चढ्दा अँध्यारै हुन्छ, टाउकामा बाँधेको लाइटले बाटो मात्र देखाइरहेको हुन्छ । बाँकी संसार देखिँदैन । वरिपरि कस्तो छ देखिँदैन । सुस्त-सुस्त चढिन्छ । माथि उज्यालो हुने वेला पुगिन्छ । झर्दा भने सारा संसार देखिने । ओरालो झर्दा भिर देखिन्छ । बाटो पनि डेन्जर देखिन्छ । उकालो चढ्दा शरीर ब्यालेन्स हुन्छ । ओरालो झर्दा ब्यालेन्स मिल्दैन । खुट्टाले बढी जोड दिएर अडिनुपर्छ ।

माथिबाट एकजना साथीलाई गाइडले बोकेर झार्दै हुनुहुन्थ्यो । हामीले तल झरेर सोच्यौँ, हाम्रो साथी र गाइड तल झर्दै गर्दा लडेमा कसरी सम्पर्क गर्ने ? बोकेर कहाँ लैजाने ? कोसँग सम्पर्क गर्ने ? उपचार कसले गर्छ ? हाम्रो त एकदिनको कथा हो । गाइडले त सधैं भोगिरहेका छन् । भरिया अलि तल नै रोकिन्छन् । त्यहाँको जनजीवन कठिन देखेँ । भरिया र गाइडको सुरक्षाको कुनै प्रत्याभूति रहेनछ । उनीहरू दुर्घटनामा परे कसरी लैजाने ? कहाँ लैजाने ? हेलिकोप्टर कसरी बुक गर्ने ? त्यो खर्च कसले ब्यहोर्ने ? सरकारले के गर्छ ? उनीहरूको जीवन बुझ्दा निकै चिन्ता लाग्यो । कुनै सुरक्षा प्रत्याभूति छैन । आफ्नो कमाइले पुग्दैन ।

त्यो क्षेत्रमा काम गर्ने गाइड र भरियाको जनजीवन कठिन छ । त्यहाँका बासिन्दा शैक्षिक, सामाजिक, आर्थिक, प्रशासनिक सबै हिसाबले ठगिएका छन् । थुक्ला भन्ने ठाउँसम्म टेलिफोन कनेक्ट छ, त्यहाँबाट उता छैन । यद्यपि, त्यहाँभन्दा माथि जनजीवन पनि छैन । त्यहाँ आरोही, गाइड र पोर्टर मात्र जाने हुन् । उनीहरूले वाकीटकी प्रयोग गर्छन् । तर, कुनै दुर्घटना भइहाले सम्पर्क गर्न कठिन रहेछ ।

मैले संगीत भरेको र प्रमोदहरि गुरागाईंको शब्द रहेको 'मन यतैकतै...' गीत भर्खरै बजारमा आएको छ । त्यो गीत यात्राका क्रममा बाजुरामा निर्माण सुरु गरेको हो । तर, फिनिसिङ हिमाल चढेर फर्किएको उत्साहमा लुक्लामा गरेको थिएँ । गीत माथि नै रिलिज गर्न पाएको भए गज्जबै हुन्थ्यो । त्यो तयारी पुगेन । यदि मैले सगरमाथा चुचुरो चुमेँ भने त्यहाँबाट मैले संगीत भरेको गीत रिलिज हुन्छ नै ।

तर, सगरमाथा चढ्नका लागि समय निकाल्नै कठिन छ । करिब ४० दिन लाग्छ रे ! खर्च पनि उस्तै धेरै । हिमाल चढ्न मेरो स्वस्थ्यले साथ दिने देखेँ । किनभने मलाई लोबुचे चढ्दा श्वासप्रश्वास बढेको अनुभूति भएन । न टाउको दुख्यो, न वाकवाकी लाग्यो । मलाई कुनै औषधि खानु परेन । खुट्टा दुःखेर मुभ लगाउन पनि परेन । खाना पनि रुचेकै थियो ।

प्रस्तुति : **नवीन अर्याल, कमलराज भट्ट**

सुनसान हुँदै सुदूर पहाड

समाज



● बिडी जोशी



दार्चुला मलिकार्जुन गाउँपालिकाको सुनसान पहाड

इस्वीको चौथो शताब्दीमा प्रयागको अशोक स्तम्भमा उत्कीर्ण समुद्रगुप्तको प्रशस्ति लेखको २२ औं पंक्तिमा गुप्त साम्राज्यको सीमान्त क्षेत्रमा नेपालसहितका विभिन्न पाँचवटा राज्यका नाम उल्लेख छ । यो ऐतिहासिक अभिलेखअनुसार नेपालभन्दा पश्चिमतर्फ अवस्थित राज्यको नाम 'कर्तृपुर' हो । सुदूरपश्चिम तथा उत्तराखण्ड (भारत) को इतिहासमा चर्चा गरिएको प्राचीन कातियुर (कत्युरी) राज्य कर्तृपुरको अपभ्रंश रूप हो । मैदानी तथा पहाडी दुवै भूगोलसहित बृहत् रूपमा फैलिएको कर्तृपुर/कातियुर राज्य मध्यकालमा विभाजित भएर बनेका आठ प्रान्तमध्ये डोटी र अस्कोटमा सुदूरपश्चिमको भूगोल समावेश थियो । ऐतिहासिक ताम्रलेखअनुसार अस्कोटको प्रारम्भिक केन्द्र दार्चुलाको उकु तथा डडेल्धुराकाको अजयमेरू डोटीको राजधानी थियो । अधिकांश रूपमा घना जंगलले ढाकेको कैलाली कञ्चनपुरको तराई अस्वस्थ जलवायुका कारण बस्नयोग्य थिएन । अकबरका दरबारी लेखक बदायुनीका अनुसार इस्वीको सोह्रौं शताब्दीमा रैकाको देशमा आक्रमणकारी मुगलसेना तराईको अस्वस्थकर र प्रतिकूल जलवायुका कारण बिरामी परेर मर्न थालेपछि रैकाको सेनासँग पराजित भएर फर्केको थियो । तर, योभन्दा पहिले कर्तृपुर/कातियुरको राज्यकालमा तराई क्षेत्रमा गुल्जार बजार र मानिसको सुन्दर बस्ती थियो भन्ने मान्यता छ । कचनपुरको ब्रह्मदेवमण्डी कत्युरी राजा ब्रह्मदेवले स्थापना गरेका थिए, तत्कालीन समयमा त्यो बजारमा तिब्बती सामानको व्यापार हुन्थ्यो । एट्किन्सनका अनुसार पहाडी राजाहरूको अधिकारमा रहेको तराई क्षेत्र उनीहरूकै उपेक्षाका कारण उजाड भएर पछि जंगली रूप धारण गरेको थियो ।

सत्तारुढ वर्गको राजनीतिक सोच, सिद्धान्त, विचारधारा, चेतनाले आमजनताको जनजीवन, पर्यावरण एवं पारिस्थितिको स्वरूप तयार गर्छ भन्ने कुरा यो ऐतिहासिक तथ्यले पनि स्पष्ट गरेको छ । कैलालीको धनगढी पहिलेदेखि नै सुदूरपश्चिम क्षेत्रको व्यापारिक केन्द्रको रूपमा विकास भएको थियो । तर, अहिले सुदूरपश्चिम प्रदेशको राजधानीको भूमिकासमेत निभाउँदै आएको छ । जनसुविधाहरू विस्तार भएका छन् । पुराना सडकहरू नयाँ र फराकिला भएका छन् । सडकछेउमा नाला, फुटपाथ, हरियाली, सडक बत्तीहरूको व्यवस्था, नगरको स्वच्छताका लागि सरसफाइ र प्लास्टिकका झोला प्रतिबन्ध गरिएकाले धनगढी सहरको आकर्षण बढ्दो छ ।

धनगढी उदयको कहानी रोचक छ । पुराना मानिसका वृतान्त सुनेर ५०-६० वर्षअघिको धनगढीको तत्कालीन स्वरूपलाई मानसपटलमा उतार्न सकिन्छ । चारैतिर जंगलले घेरिएको जंगली जनावर र डाँकाहरूका कारण दिउँसै हिँड्न डराउनुपर्ने, सडकको ट्र्याकसमेत नखुलेको सुनसान धनगढी । पुरानो शिव मन्दिर र मस्जिद धनगढीको विकास र विस्तारको साक्षी बनेर उभिएका छन् । त्यस बखत मस्जिद र शिव मन्दिर क्षेत्रमा धनगढीको पुरानो बजार थियो । भारतीय व्यापारीका दुई-चार पसलहरू भएको त्यही सानो गल्लीबाट धनगढी फैलिँदै अगाडि बढ्यो ।

धनगढी अहिले कंक्रिटको जंगलजस्तै भएको छ । भजनीमा सानोतिनो बजार थियो, तर धनगढी सुनसान थियो । समग्रमा कैलाली कञ्चनपुरमा हात्ती चढेर हिँड्ने जमिनदारहरूको रजाइँ थियो । नेपालको मुख्य भूमिसँग नजोडिएको अवस्थामा स्वास्थ्य, शिक्षा रोजगार दैनिक जीविकोपार्जन, व्यापार, कृषि उत्पादनको बिक्री गर्नेलगायत सबै प्रयोजनका लागि भारततिर नै बढी सम्बन्ध थियो । तत्कालीन समयमा तराईको अर्थव्यवस्था स्थानीय जमिनदार एवं भारतीय महाजनको हातमा थियो ।

खस्किँदो सुदूर पहाड

अंग्रेजी 'जेन्ट्रिफिकेसन'को नेपाली रूपान्तरण अभिजातीकरण हुन्छ । यस प्रक्रियामा ग्रामीण बजारमा बाहिरबाट बसाइँसराइ गरेर आउने मध्यवर्गले उक्त स्थानमाथि अधिपत्य जमाएर आफ्नो अनुकूल सुविधासम्पन्न सहर बन्नमा योगदान गर्छन् । अभिजातीकरणले मूल निवासी तथा निम्नवर्गलाई विस्थापति गर्छ भन्ने विचार राख्नेहरू अभिजातीकरणविरुद्ध विचार प्रस्तुत गर्छन् ।

कैलाली-कञ्चनपुरसहित सीमावर्ती भारतीय तराई भूमिको मूल निवासी राना/राणा थारू समुदाय हुन् । ताम्रपत्रीय प्रमाणले पनि सुदूरपश्चिमको तराईमा ३५० वर्षअघि रानाहरूको बस्ती रहेको पुष्टि गरेको छ । जनसंख्याको हिसाबले बढी भए पनि चौधरी थारूहरूको सुदूरपश्चिमको तराईमा बसोवासको इतिहास धेरै पुरानो छैन । नयाँ मुलुकको रूपमा यो तराई भूभाग नेपालमा आएपछि करिब १५० वर्षअघिदेखि थारू समुदाय यहाँ बस्न थालेका हुन् । पुराना स्थानीय जमिनदारहरूद्वार कमैयाको रूपमा खास गरेर दाङबाट चौधरीहरूलाई ल्याइएको बताइन्छ । तसर्थ, धनगढीको अभिजातीकरणले रानाथारूहरूका केही जनसंख्या विस्थापित भएर भारततिर प्रवेश गरेको बताइन्छ । तर, सम्रगमा भन्दा धनगढीको अभिजातीकरणका कारण थारू समुदायले जीविकोपार्जनका अवसर प्राप्त गरेर विभिन्न व्यासायमा संलग्न भइरहेका छन् ।

पहाडी जिल्लाबाट निरन्तरको बसाइँसराइले धनगढी नगर फैलिँदै गएको हो । ०३७ सालतिर पहाडमा भएको खाद्यन्न संकट, प्राकृतिक प्रकोपले तराई क्षेत्रमा पलायन सुरु भएको थियो । हर्क गुरुङले महेन्द्रनगर बजारमा यस्ता पहाडी समूह बसाइँसराइ गर्दै गरेको प्रत्यक्ष देखेको उल्लेख गरेका छन् । तत्कालीन पञ्चायत सरकारले पनि उनीहरूलाई तराई झर्न प्रेरित नै गर्थ्यो । धनगढीको आकर्षणले यसमा थप वृद्धि भइरहेको छ । पहाडको घरखेत बाँझो परेर जंगली झाडीको रूप धारण गरेको छ । पुर्खाले उकालीओराली गरेका बाटामा अब कोही हिँड्दैनन् । जनसंख्या घट्दै जाँदा जंगली जनावरको संख्यामा वृद्धि भएर पहाडी अर्थतन्त्रको मुख्य आधार कृषि उत्पादनमा समस्या परिरहेको छ । मध्यकालीन राजनीतिक केन्द्र पहाडतिरै रहँदा सुदूर पहाडको वैभवको चर्चा मुगल दरबारसम्म सुनिन्थ्यो ।

सुदूरपश्चिम पहाड बचाउने राजनीति

हजारौँ वर्षदेखि सुदूरपश्चिमको हिमाली तथा पहाडी पारिस्थितिकी तन्त्रले यहाँका बासिन्दालाई पारिस्थितिकी तन्त्र सेवा प्रदान गर्दै आएको छ । पारिस्थितिकी तन्त्रले भोजन, पानी, आवास, जडीबुटी, ऊर्जा, स्वस्थ हावापानीलगायत विशिष्ट पहाडी कृषि उत्पादनका लागि चाहिने हावापानी, माटो, जलवायु प्रदान गरेको छ । रोग निरोधक स्वच्छ पर्यावरण दिएको छ । यहाँको पारिस्थितिकले आत्मिक शान्ति प्राप्तीका लागि गरिने योग तथा विपश्यनाका लागि उपयुक्त वातावरण र स्थल उपलब्ध गराएको छ । मनोरञ्जन एवं पदयात्राका लागि उपपोगी स्थानहरू प्रशस्त छन् । पहाडी पारिस्थितिकी तन्त्रले पहाडी गीत-संगीत, कला-संस्कृतिको स्वरूप प्रदान गरेको छ । पहाडी संस्कृतिलाई जीवन्त राखेर सांस्कृतिक सेवा प्रदान गरेको छ । किनकि, सुदूरपश्चिमको पहाडी कला, लोकसाहित्य, संस्कृतिले मौलिक भूमि छोडेर पराई भूमिमा जाँदा आफ्नो मौलिकता एवं माटोको सुगन्ध गुमाएर विकृत रूप धारण गरेको हुन्छ । अलग पहिचान बोकेको सुदूरपश्चिमको पहाड नेपालका अन्य पहाडी क्षेत्रसँगको तुलनामा फरक एवं विशिष्ट प्रवृत्तिको छ । यसले स्थानीय विशिष्ट भाषाको संरक्षण गरेको छ । भाषा सञ्चारको माध्यम मात्र होइन, समुदायको पहिचान र आफूलाई हेर्ने ऐना पनि हो । आफ्नो ठाउँ छोडे अन्यत्र जाने भाषा अशुद्ध र अपभ्रंश भएर पिजिन भाषामा (मिश्रित) रूपान्तरण हुन्छ । भाषामा प्रयोग हुने शब्दहरूको माध्यमबाट हामी हाम्रा पूर्वजसँग परिचित हुन्छौँ । भाषाले इतिहासलाई जोडेको हुन्छ । किनकि, भाषाका मौलिक शब्दहरू लोप हुँदा पुराना दस्ताबेज, ऐतिहासिक अभिलेख, शिलालेख, स्तम्भलेख, ताम्रपत्र पढ्न तथा बुझ्न सकिँदैन र वास्तविक इतिहास अन्धकारमा बिलिन हुन्छ । सुदूरपश्चिमका पहाडका लागि पहाड जीवित रहनु आवश्यक छ । यहाँ पहाडीको पुज्ने इष्ट देवताको वास छ । जो जहाँ भए पनि पर्वमा वा विशेष अवसरमा पहाड उक्लनु अनिवार्य हुन्छ । सुदूपश्चिमको पहाडसँग जोडिएका अनेकौँ मुद्दा छन् । तर पनि पहाड बचाउने राजनीतिमा पहाडी समुदाय अग्रसर हुन सकिरहेका छैनन् ।

सबै क्षेत्र, जाति, नश्लको समग्र विकासका लागि, जल, जंगल जमिनमाथि सीमान्तकृत वर्गको पहुँच सुनिश्चित गर्न देशका कुनाकाप्चाका मुद्दालाई समेटेर केन्द्रीकृत देशलाई चारैकुनामा फैलाउने औचित्यले देशमा संघीय प्रणाली लागू भएको हो । हरेक देशमा क्षेत्रीय, स्थानीय मुद्दा हुन्छन् । प्रादेशिक मुद्दा उठाउन, संरक्षण गर्न प्रादेशिक दलहरूको भूमिका अपरिहार्य हुन्छ । देशका यस्ता मुद्दालाई उठाउने र त्यसको समाधानका लागि अग्रसर हुने नीति नियम बनाएर कार्यान्वयन गर्ने प्रादेशिक दलविना संघीयता सफल हुन सक्दैन । संघीयतापछि पनि राजनीतिको विकेन्द्रीकरण हुन सकेको छैन । सत्तारुढ पार्टीमा केन्द्रीकृत मानसिकता हटेको छैन । उनीहरूमाथि संविधान संशोधनको नाममा दुई पार्टी प्रणाली लागू गर्न खोजेको आरोप लागिरहेको छ । हेक्का राख्नुपर्ने कुरा के हो भने क्षेत्रीय मुद्दालाई बोक्ने पार्टीहरूको नामोनिसान मेटाएर सीमान्तकृत समुदायलाई आन्तरिक उपनिवेशीकरणतिर धकेल्दा देशले कुनै लाभ पाउँदैन ।

देशमा नयाँ शक्ति र नयाँ युवा भन्ने भाष्य तयार पारिएको छ । वास्तवमा त्यो एउटा भ्रमजाल मात्र साबित हुन सक्छ । किनकि, पुरानो पार्टीले नयाँ विचार लिँदा त्यो नयाँ हुन सक्छ, तर नयाँ युवा, नयाँ पार्टीले पुरातन र रुढिवादी विचार बोकेर हिँड्दा त्यसलाई पुरातन पार्टी नै भन्नुपर्छ । बरू सुदूरपश्चिमको पहाड बचाउने अभियानसहित प्रादेशिक राजनीतिक पार्टी निर्माण भएमा त्यो नयाँ राजनीतिक शक्ति निर्माण भएको मान्न सकिन्छ ।

(जोशी पर्यावरण एवं पारिस्थितिक तन्त्रका अध्येता हुन्)

...अनि हुन्छ यात्रा सुरक्षित



क्षमता पनि हुनुपर्छ । यसका लागि भ्रमणस्थलको संस्कृति, इतिहास र जीवनशैली बुझ्नुपर्छ । जसले यात्रालाई अविस्मरणीय तुल्याउँछ ।

नयाँ ठाउँको यात्रा गर्दा पर्यटकलाई मात्रै नभई पथ प्रदर्शकलाई पनि ताजगी र ऊर्जा मिल्छ । यस्ता यात्राले शरीर र मस्तिष्कलाई विश्राम दिन्छ । यात्राका क्रममा नयाँ मानिसलाई साथी बनाउने अवसर मिल्ने मात्रै नभई प्राकृतिक सौन्दर्यको अवलोकनबाट शान्त र प्रसन्नता मिल्छ । त्यसैले नयाँ ठाउँको यात्रा जीवनको एउटा महत्त्वपूर्ण हिस्सा बन्ने खालको हुनुपर्छ ।

हामीले स्थानीय संस्कृति, भाषा र संस्कारको सम्मान गर्नुपर्छ । स्थानीयसँग सम्बन्ध राम्रो नभए यात्रा फिक्का हुन सक्छ । यसक्रममा पथ प्रदर्शकले यात्रुको सुरक्षामा विशेष ध्यान दिनुपर्छ । नयाँ स्थानमा यात्रा गर्दा यात्रुलाई सुरक्षा उपायबारे जानकारी दिनुपर्छ । यात्रुलाई स्थानीय नियम र परम्पराबारे जानकारी गराउनुपर्छ । साथै, कुनै आपत्कालीन परिस्थिति उत्पन्न भए गाइडले यात्रुलाई सुरक्षित स्थानमा लैजान आवश्यक सहयोग गर्नुपर्छ ।


■ यात्रामा हतारो गर्नुहुँदैन

यात्राका क्रममा कहिलेकाहीं स्वास्थ्य समस्या पनि देखिन्छ । यात्रालाई सकेसम्म छिटो सकाउने हतारो कतिपयमा हुन्छ । यो राम्रो होइन । यात्रालाई छिटो सकाउने हतारो गर्नुभन्दा पनि दृश्यावलोकनको मजा लिँदै बिस्तारै हिँड्नुपर्छ ।

पहिलो दिनमै अति धेरै हिँड्दा भोलिपल्टै थाक्ने हुन्छ । दुई हजार मिटरभन्दा कम उचाइमा बसेका मानिस एकै दिन तीन-चार हजार मिटर उचाइमा पुग्न खोज्नु राम्रो होइन । वातावरणमा घुलमिल हुन नसकेर बिरामी पर्ने हुन्छ । भौगोलिक अवस्था र वातावरणले गर्दा पनि थकान र स्वास्थ्य समस्या देखिन्छ । त्यहीकारण यात्रामा हतारो गर्नुहुँदैन ।

कतिपय ग्रामीण क्षेत्रमा इन्टरनेट सुविधा नहुन सक्छ । मोबाइल नेटवर्क पनि नहुन सक्छ । बिजुलीबत्तीको पहुँच नहुन सक्छ । डिजिटल डिभाइस चार्ज गर्न नसकिने हुन्छ । यात्रा गर्ने ठाउँको जानकारी लिन असहज हुन सक्छ । त्यसैले डाटा केबल, टर्च, पावर बैंकलगायत उपकरण यात्रामा हिँड्दा बोक्नुपर्छ । मौसमअनुसार झोलामा डाउन ज्याकेट, पन्जा, प्राथमिक उपचारका सामग्रीलगायत बोक्नुपर्छ ।

भ्याप्पै !



रवि मिश्र
@rabimishra



रंगमञ्चदेखि सिनेमासम्म आशाको उडान

क्यान्सरलाई जितेर अभिनयमा फर्केकी आशाको काम नेपाली सिनेमामा प्रेरणादायी छ



कलायात्रा

आशा मगराती, अभिनेत्री

तस्बिर : **संजित परियार**

जीवनमा केही गर्ने र आफ्नै कर्मको बुतामा चिनिने अभिलाषा सबैमा हुन्छ । भन् नाटक र सिनेमाजस्तो सिर्जनशील क्षेत्रमा लागेका मान्छेबाट हरेक काममा भिन्न स्वादको अपेक्षा बढी नै हुन्छ । उनीहरूमा कसैको 'फलोअर' मात्रै बन्ने सोच नहुने हुँदा आफ्नो कर्ममा हरघडी प्रयत्नशील बनिरहेका हुन्छन् ।

यस्तै मिहिनेतले खारिएर जन्मिएकी अभिनेत्री हुन् आशा मगराती । नाटक र सिनेमामा उनको अभिनय यात्रा लामो छ । आशा केवल कलाकार मात्र होइनन्, उनी जीवनमा सकारात्मक दृष्टिकोण राख्ने प्रेरणा पनि हुन् ।

उनले 'चौकठी', 'हाइवे', 'सेतो सूर्य' 'फोर नाइट्स'जस्ता सिनेमामा अभिनय गरिन् । उनी अभिनीत सिनेमा 'राजागंज' (पूजा सर) विश्व प्रसिद्ध भेनिस, बुसान, मुम्बईजस्ता फिल्म फेस्टिभलमा प्रदर्शन भइसकेको छ । जसले नेपाली सिनेमा क्षेत्रका लागि गौरव बढाएको छ । यसअघि उनी अभिनीत सिनेमा 'हाइवे' र 'सेतो सूर्य'ले नेपाली फिल्म उद्योगलाई नयाँ दिशा र दृष्टिकोण दिन सघाए ।

फिल्म प्रदर्शनको सिलसिलामा उनले विश्व प्रसिद्ध कान्स, भेनिस, बर्लिन, बुसानजस्ता फिल्म फेस्टिभलमा चक्कर मारिसकेकी छिन् । स्वदेशमा मात्रै होइन, विदेशमा पनि आशाले आफूलाई एक प्रतिभाशाली अभिनेत्रीका रूपमा प्रमाणित गरिसकेकी छिन् । सिनेमामा उनको यो सफलता सहजै हात लागेको होइन । निरन्तरको मिहिनेत र लगावको परिणाम हो ।

आशाका बुबा धरान ब्रिटिस क्याम्पभित्र काम गर्थे । उनी ब्रिटिस क्याम्पमै हुर्किइन् । त्यतिवेला उनी एक घण्टाको बाटो हिँडेर स्कुल पुग्थिन् । क्याम्पभित्र साताको तीन दिन अंग्रेजी र हिन्दी सिनेमा देखाइन्थ्यो । उनी बुबाआमाको आँखा छलेर लुकी-लुकी सिनेमा हेर्न जान्थिन् । ती सिनेमाका संवाद र नृत्य नक्कल गर्थिन् । उनलाई सिनेमा हेर्ने लत नै बसिसकेको थियो । विभिन्न चाडपर्वमा क्याम्पभित्र हुने कार्यक्रममा सिनेमाको सिको गर्दै नाच्न खुब मन गर्थिन्, तर उनको पहुँच थिएन । 'अरू समुदायसँग खुलेर बस्न, हिँड्न र बोल्न आँट थिएन । जातको कारणले गर्दा पनि खुलेर भन्न सकिँदैन । इच्छा-आकांक्षाहरू मनभित्रै खुम्च्याएर राख्थें । साथीहरू कुरै सुन्दैनथे,' उनले स्मरण गरिन् ।

■ अभिनयको रस

आशा १३-१४ वर्षकी मात्रै थिइन् । घोपाक्याम्प पनि सऱ्यो । उनको बुबाको काम सकियो । बुबा धरान छाडेर थातथलो मोरङ बेलबारी फर्किए । धरानबाट मोरङ गएपछि उनी पनि गाउँको विद्यालयमा भर्ना भइन् । त्यतिवेला गाउँमा अहिलेजस्तो बिजुली, टेलिभिजन केही थिएन । पिउने पानी कुवाबाट गाग्रीमा भरेर ल्याउनुपर्थ्यो । धरानको रमझम कल्पनाभन्दाको बाहिरको कुरा थियो । सुरुसुरुमा उनलाई गाउँको जीवनशैलीमा भिज्न निकै गाह्रो भयो ।

०४६ सालतिरको कुरा हो । गाउँमा कांग्रेस र वाममोर्चा नेतृत्वमा कार्यक्रम हुन्थे । त्यसवेला वाममोर्चाले नाटक मञ्चन गरेको थियो । भर्खर किशोर वयमा पाइला टेकेकी उनलाई मनमनै लाग्थ्यो, 'ओहो ! मैले पनि अभिनय गर्न पाएँ... ।' उनको मनले साचेकैजस्तो भयो । एक दिन गाउँका अगुवाले नाटकमा अभिनय गर्न बोलाए । कांग्रेस र कम्युनिस्टबारे थाहै थिएन । नाटकमा उनको भूमिका विद्रोही महिलाको थियो । उनले भनिन्, 'यो नाटक गरेपछि लाज हट्यो ।' यसपछि त गाउँका कार्यक्रममा डान्स गर्न बोलाउन थाले । मोरङ बेलाबारीआसपास उनको नाम चल्न थाल्यो । सबैतिरबाट अभिनय गर्न बोलाउन थाले । उनी गाउँका सामाजिक संघसंस्थामा पनि आबद्ध हुन थालिन् ।

> अभिनय गर्ने र कलेज पढ्ने सोचले आएकी थिएँ । तर, सोचेजस्तो सजिलो भएन । बिहान नाटक अभ्यास गर्नुपर्थ्यो । गाडी चढ्ने पैसा हुँदैनथ्यो । भोक लाग्दा किनेर खाने पैसा हुँदैनथ्यो । भोको पेट धेरै बसिन्थ्यो । यद्यपि, ऊर्जा बेग्लै थियो । नाटक गरे पनि पैसा आउँदैनथ्यो । तर, नाटकको भोक यथावतै थियो ।

०४८ सालतिरको कुरा हो । सर्वनाम थिएटरका अशेष मल्ल गाउँमा नाटकबारे कक्षा सञ्चालन गर्दै हिँड्थे । मल्लको कक्षामा उनी पनि सहभागी भइन् । त्यसपछि भन् अभिनयको चस्का पस्यो । त्यसवेला छोरी मान्छे नाटकमा काम गर्ने कमै हुन्थे । नाटकमा महिला कलाकार पाउँनै गाह्रो हुन्थ्यो । पुरुष नै महिला कलाकार भएर अभियन गर्थे । त्यसवेला धरानमा अनाम नाट्य जमात सक्रिय थियो । ०५१ सालको कुरा हुनुपर्छ । उनलाई अनाम नाट्य समूहले धरान बोलायो । त्यसवेला अनाम नाट्य जमातमा राजेन्द्र रिमाल सक्रिय थिए । सुनिल पोखरेल, नवीन सुब्बा, अनुप बराल धरानमा नाटक वर्कसप गर्न पुगेका थिए । उनी पनि मोरङबाट नाटक वर्कसपमा सहभागी भइन् । एक महिना धरानमै बसेर प्रशिक्षण लिइन् । त्यसपछि जीवनलाई हेर्ने दृष्टिकोण नै परिवर्तन भयो । नाटकबारे उनले विस्तारमा बुझ्नेको धरानको अनाममा आएपछि हो । उनको अभिनय र जीवनलाई बुझ्ने दायरा यहाँबाट फरक भयो । 'अनाम नाट्य समूहमा आउनुअघि 'ज्वालामुखी' र 'धुन' फिल्ममा काम समेत गरिसकेकी थिएँ । धुनमा मौसमी मल्ल दिदीसँग काम गरिसकेकी थिएँ,' उनी सनाउँछिन् । अभिनयको धुनले उनको पढाइ छुट्न थालिसकेको थियो । मोरङ फर्केर पढाइलाई निरन्तरता दिन थालिन् ।

पढाइकै क्रममा ०५३/५४ सालतिर कलेजको ड्रेस किन्न इटहरी पुगिन् । त्यहाँ अनाम नाट्य जमातका राजेन्द्र रिमालसँग भेट भयो । राजेन्द्रले काठमाडौंको राष्ट्रिय नाचघरमा कलाकार खोजिरहेको सुनाए । सुनिल पोखरेलले 'राम्रो कलाकार भए नाटकका लागि पठाउनू भनेको सुनाए । देशभरिका राम्रा कलाकार छानेर राष्ट्रिय नाचघरमा तालिम दिइन्थ्यो । राजेन्द्रले सुनिल पोखरेलको नाटकको स्क्रिप्ट नै हातमा थमाइदिए ।

त्यसपछि आशाको निद्रा हरायो । नाटक गर्न काठमाडौं जाने सपना बुन्न थालिन् । उनी काठमाडौं हान्निइन् । 'एउटा कागजको टुक्रामा फोन नम्बर थियो । काठमाडौंमा भर्नेबित्तिकै सुनिल सरलाई फोन गरेँ । मेरो बस्ने र खानेको टुंगो थिएन । भोलिपल्टदेखि नाटकको अभ्यास गर्नुपर्थ्यो । बस्ने ठाउँ खोज्ने समय थिएन । एक सातासम्म सुनिल सरकै घरमा बसेर नाटक गरेँ,' उनले भनिन् ।

'श्रद्धालु वेश्या'मा उनको मुख्य भूमिका थियो । उनको अभिनयलाई दर्शकले प्रशंसा गरे । त्यसपछि त उनले लगातारजस्तो नाटकको मुख्य भूमिका पाउन थालिन् । राष्ट्रिय नाचघरमा एक वर्षको कोर्स पूरा गर्नुपर्थ्यो । नाचघरले महिनाको चार रुपैयाँ दिन्थ्यो ।

■ काठमाडौंको दुःख र नाटकको भोक

एक्लै काठमाडौं आउनुका आफ्नै दुःख थिए । आशाका लागि काठमाडौं सजिलो थिएन । काठमाडौंका गल्लीमा भोकभोकै हिँड्नुको पीडा एकातर्फ थियो भने अर्कोतर्फ नाटकप्रतिको भोक भन् गडिँदै थियो । गाउँमै हुँदा उनले समाजका वर्गीय खाडल देखिसकेकी थिइन् । काठमाडौं आएपछि त ती वर्गीय खाडल भन् गहिरा देख्न थालिन् । त्यसले सपनाको आयतन भन् फराकिलो हुँदै गयो ।

'अभिनय गर्ने र कलेज पढ्ने सोचले आएको थिएँ । तर, सोचेजस्तो सजिलो भएन । बिहान नाटक अभ्यास गर्नुपर्थ्यो । गाडी चढ्ने पैसा हुँदैनथ्यो । भोक लाग्दा किनेर खाने पैसा हुँदैनथ्यो । भोको पेट धेरै बसिन्थ्यो,' उनी भन्छिन्, 'यद्यपि, ऊर्जा बेग्लै थियो । नाटक गरे पनि पैसा आउँदैनथ्यो । तर, नाटकको भोक यथावतै थियो ।'

त्यतिवेला काठमाडौंमा मञ्चन हुने हरेकजसो नाटकमा मुख्य भूमिका उनले पाउँथिन् । बिएस राणाको 'वसन्ती' नाटकमा गरेको अभिनय उनी बिर्सनै सक्दिनन् । उक्त नाटकमा उनी महारानीको भूमिकामा थिइन् । त्यो नाटक गर्दा दुई हजार रुपैयाँ परिश्रमिक पाएकी थिइन् । यो नै उनको पहिलो पारिश्रमिक थियो ।

त्यसपछि सविना लेमनको स्टुडियो सेभन होटेल बज्रमा नाटक गर्न थालिन् । सविना लेमनको नाटक 'ह्वाइट टाइगर'मा मुख्य भूमिका निभाइन् । त्यतिवेलासम्म पनि नाटकमा महिला कलाकारको अभावै हुन्थ्यो । नाटक गरेपछि राम्रो पारिश्रमिक र खाना दिइन्थ्यो । त्यसपछि उनको जीवन अलि सहज हुन थाल्यो । बज्रमा नाटक गरेबापत ६ हजार रुपैयाँ पाइन् । त्यो ६ हजारले ६ महिना खर्च धानेको उनले सुनाइन् ।

यतिवेलासम्म उनी राष्ट्रिय नाचघरमा नाटकको कोर्स गरिरहेकै थिइन्, साथै बज्रको नाटक पनि । आम नाटककर्मीमा नाटक गरेपछि सिनेमा गर्नुहुँदैन भन्ने बुझाइ थियो । सिनेमामा रोल पाउन सहज पनि थिएन । आर्यन फेस भएकाहरू प्राथमिकतामा पर्थे । 'साथै निर्देशकको नजिकको हुनुपर्थ्यो । अभिनेत्री हुन अग्ली, चुच्चो नाक, गोरो अनुहार भएको हुनुपर्छ भनिन्थ्यो । मेरो लुक्स मंगोलियन थियो । त्यसैले सिनेमाको आशा पनि गरिनँ,' उनी भन्छिन् ।

नाटकमा अभिनयका लागि पहिलो नाम उनको आउँथ्यो । तर, दलित समुदायको कथामा आधारित टेलिसिरियल 'दलन'मा अभिनयको लागि प्रस्ताव आयो । 'दलन'मा उनी छानिइन् । तीन महिना पर्वतमा बिताइन् । 'दलन'ले उठाएको विषय मात्रै नभएर कलाकारले अभिनयलाई लिएर खुब चर्चा भयो । 'दलन' आशाको अभिनयलाई निकै तारिफ गरियो । आशाले फिल्म 'कर्मा'मा पनि काम गरिसकेकी थिइन् ।

आशाले आफैंले नाटक निर्देशन पनि गरिन् । उनको नाटकमा दयाहाङ राईले पनि अभिनय गरेका थिए । नाटक निर्देशन गरेपछि सबैले चिन्न थाले, तर नाटकले चर्चा पाए पनि राम्रो कमाइ गर्न सकेन । त्यसपछि नाटक निर्देशन गर्ने जाँगर चलेन । भन्छिन्, 'त्यो नै मेरो निर्देशनको पहिलो र अन्तिम नाटक भयो ।'

आशा बुबाआमाको एक्ली छोरी थिइन् । आशाले दाजुको मृत्युपछि बुबाआमाले छोरा नै ठान्थे । आशाकी आमालाई छोराको वियोगले सताउँथ्यो । आशाले आमालाई छोराको न्यास्रो मेट्न विवाह नगर्ने सोच बनाएकी थिइन् । त्यतिवेला आशाको निर्देशक दीपक रौनियारसँग भेट भइरहन्थ्यो । त्यतिवेला दीपक वृत्तचित्र निर्माण गर्थे । आशा बुबाआमाकी एक्ली छोरी थिइन् । दाजुको मृत्युपछि बुबाआमाले आशालाई नै छोरा ठान्थे । 'कर्मा' सिनेमामा काम गर्ने क्रममा उनको दीपकसँग भेट भएको थियो । यसपछि उनीहरू नजिक भए । केही समयपछि उनीहरूले विवाह गरे । 'भेटका क्रममा दीपकको महिलाप्रतिको सम्मान, म जुन समुदायबाट आएँ, त्यो समुदायलाई हेर्ने दृष्टिकोण फरक पाएँ । भन् मेरी आमा बितेपछि दीपकले ठुलो भरोसा दिए । ठुलो शोकमा थिएँ । एक्लो महसुस हुन थालेको थियो । यहीकारण दीपकसँग विवाह गर्ने निर्णयमा पुगेँ,' उनी विगतमा पुगिन् ।

दीपकसँगै उनी फिल्म निर्माणमा सक्रिय भइन । दिपकको सर्ट फिल्म 'चौकठि' अभिनय गरिन । यो फिल्ममा आशाको मुख्य भूमिका छ । यो फिल्म कान्स फिल्म फेस्टिभलमै देखाइएको थियो । त्यसपछि फिल्म 'हाईवे'मा अभिनय गरिन । 'हाइवे' दीपकको पहिलो फिचर फिल्म थियो । 'हाइवे' बर्लिन लगात थ्रिप्रै अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा छनोट भयो । त्यसपछि आशाले अर्को फिचर फिल्म 'सेतो सूर्य'मा अभिनय गरिन । यसमा उनले 'दुर्गा'को शसक्त भूमिका निभाईन । अन्तर्राष्ट्रिय मञ्चमा 'सेतो सुर्य'ले आशाको अभिनेत्री ख्याति बढायो । जसले नेपाली सिनेमा उद्योगमा उनको स्थान उचो बनायो ।

■ क्यान्सरको जित र 'राजागंज'को सफलता

आशालाई 'राजागंज'ले थप लोकप्रियता दिलायो । तर,'राजागंज'मा काम गर्नु उनको लागि सहज थिएन । 'राजागंज' फिल्म सुटिङको तयारी पूरा भएपछि उनमा क्यान्सर देखियो । यसबाट ठुलो मानसिक र शारीरिक तनावको सामना गर्नुपऱ्यो ।

फिल्मको सुटिङको तयारी गरिरहँदा एक दिन उनले एक्कासि घाँटी चलाउनै नहुने गरी दुःखेको अनुभव गरिन् । सिरानी अप्ठ्यारो भएर सुताइ मिलेन होला भन्ने लाग्यो । तर, बिस्तारै दुखाइ बढ्दै गयो । भोलिपल्ट दुखाइ कम भएपछि निर्देशक दीपकसँगै सुटिङको उपकरण लिन अमेरिका उडिन् । कतारमा पुगेपछि घाँटी सुन्निएको महसुस भयो । उनलाई लाग्यो- सामान्य चेकजाँचपछि औषधि सेवन गर्दा ठिक भइहाल्छ ।

अमेरिका पुगेपछि अस्पताल गइन् । अस्पतालले घाँटीमा गाँठो देखिएको र बायोप्सी गरेर हेर्नुपर्ने बतायो । साथै सिटी स्क्यान गर्न पनि सुझायो । यसबाट पनि छाती र घाँटीमा गाँठो देखियो । बायोप्सी रिपोर्टमा थाइराइड र ब्रेस्ट क्यान्सरपुष्टि भयो । यसपछि उपचारका लागि लामो समय अस्पतालमै बिताउनुपर्ने भयो । जसका कारण 'राजागंज'को छायांकन रोकियो ।

उपचार अवधिभर उनले आफूलाई कहिल्यै नकरात्मक हुन दिइनन् । करिब एक वर्ष अमेरिकामै बसेर उपचार गरिन् । पूर्ण निको भइसकेपछि नेपाल फर्किइन् र 'राजागंज'को सुटिङलाई निरन्तरता दिइन् ।

'उपचारका क्रममा कहिल्यै हिम्मत हारिनँ, आत्मबल बलियो राखेँ । पीडामा पनि रमाइलो खोजिरहेँ । आफूलाई केही भएको छैन भन्ने महसुस गराएँ । दीपकले पनि निराश हुन दिएनन् । उसको आँटले र बलियो आत्मविश्वासले क्यान्सर जित्ल सफल भएँ,' उनी भन्छिन्, जीवनमा कठिन र निराशालाई चिरेर राजागंजको सपना पूरा भयो ।

'राजागंज' भेनिस, बुसान, मुम्बईजस्ता फिल्म फेस्टिभलमा प्रदर्शन भयो । जसले नेपाली सिनेमा क्षेत्रको गौरव बढायो । अझ क्यान्सरलाई जितेर अभिनयमा फर्केकी आशाको नाम नेपाली सिनेमामा प्रेरणादायी छ ।

● **पवन बराइली**

ह्वाइट हाउसमा 'ड्रेस कोड' उल्लंघन

जेलेन्स्की पहिलो विदेशी नेता होइनन्

राजनीति



● **रोजमेरी फेटेलबर्ग**

इजरायल-हमास युद्ध, युक्रेनमा रुसी आक्रमण र ट्रम्प प्रशासनको शुल्कबारे चर्को बहसबिच ह्वाइट हाउसमा औपचारिक भेटमा कस्तो पोसाक लगाउने भन्ने प्रश्न पछिल्लो समय पेचिलो मुद्दा बनेको छ । युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्की २८ फेब्रुअरीमा राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको भेटमा आफ्नो मानक सैन्यशैलीको पोसाकमा देखा परेपछि अनजानमा विवादमा तानिए । राष्ट्रपतिले 'आज त तपाईं निकै सजिएर आउनुभएको छ नि !' भनेर व्यंग्यात्मक शैलीमा स्वागत गरेको केही मिनेटमै उपराष्ट्रपति जेडी भान्सले सुट नलगाएको भन्दै जेलेन्स्कीलाई बेस्सरी झपारे । जुन टेलिभिजनबाटै प्रसारण भएको थियो । जेलेन्स्कीको 'आरामदायी लुक्स' ह्वाइट हाउस भ्रमण गर्ने अन्तर्राष्ट्रिय नेताका लागि पूर्णरूपमा असामान्य भने थिएन । युक्रेनी नेता (जसले युक्रेनी डिजाइनर एल्भिरा गासानोभाले डिजाइन गरेको पहिरन लगाएका थिए)ले युद्ध सकिएपछि मात्र औपचारिक पोसाक लगाउने ओठे जवाफ फर्काए । युक्रेनी सेनाप्रति ऐक्यबद्धताको प्रतीकको रूपमा तीन वर्षअघि युक्रेनमा रुसी सेनाले हमला गरेदेखि उनले सर्ट र टाई लगाएका छैनन् । रियल अमेरिकाज भ्वाइसका प्रमुख ह्वाइट हाउस संवाददाता ब्रायन ग्लेनले जेलेन्स्कीलाई सुट नलगाएको विषयमा प्रश्न तेर्स्याएका थिए ।

जेलेन्स्कीले औपचारिक पोसाक नलगाएको विवादबिच अहिले ह्वाइट हाउसमा राष्ट्रपतिसँगको भेटमा लगाउने पोसाक के हो भन्ने विषय बहसमा छ । फक्स न्युजका पिटर डुसीले ह्वाइट हाउसका प्रेस सेक्रेटरी क्यारोलिन लेभिटलाई 'ह्वाइट हाउसको ड्रेस कोड के हो ?' भनेर खुला चुनौती नै दिएका छन् । तर, उनको जवाफलाई लेभिट र ह्वाइट हाउसका प्रवक्ताले बेवास्ता गरेका छन् । गत बुधबार ह्वाइट हाउसको प्रेस रुममा डुसीले सरकारका दक्षता विभाग (डोज)का प्रमुख इलोन मस्कले 'कहिल्यै सुट नलगाएको' भन्दै यस्तो नियम सबैमा लागू हुनुपर्ने बताए । जवाफमा लेभिटले मस्कले कहिलेकाहीं औपचारिक पहिरनमा देखिने गरेको र गत मंगलबार राति कंग्रेसको संयुक्त सत्रअघि ट्रम्पको सम्बोधनमा उनी सुटमा 'राम्रो देखिएको' तर्क गरिन् । मस्क ह्वाइट हाउसका प्रायः भेटमा आफ्ना सन्तानलाई नै लिएर अनौपचारिक पोसाकमा जाने गरेका छन् ।

ह्वाइट हाउसको ड्रेस कोड उल्लंघन गर्ने जेलेन्स्की पहिलो विदेशी भने होइनन् । सन् २०१७ मा ग्रिसका तत्कालीन प्रधानमन्त्री एलेक्सिस सिप्रासले गाढा निलो रंगको सुटमा टाई नलगाउने निर्णय गरे । उनले ग्रिसलाई ऋण राहत नदिइएसम्म टाई लगाउन अस्वीकार गरे । यस्तै, २००० मा प्यालेस्टिनी नेता यासेर अराफातले ओभल अफिसमा बिल क्लिन्टनसँग भेट्दा सैन्यशैलीको पोसाक लगाएका थिए । सन् २००५ मा अमेरिकाकै नर्थवेस्टर्न युनिभर्सिटीका महिला ल्याक्रोस (एक प्रकारको खेल, जसमा रबरको बललाई लौरीले हानेर विपक्षीको पोस्टमा फालिन्छ) टोलीका सदस्यहरू चप्पल लगाएर ह्वाइट हाउसमा तत्कालीन राष्ट्रपति जर्ज बुसलाई भेट्न पुगेका थिए । उक्त दृश्य ह्वाइट हाउसका लागि अस्वाभाविक थियो । त्यो फेसन छनोटलाई मिडिया र आलोचकले पनि नजिकबाट निहालेका थिए । तर, ती कसैको पनि औपचारिक रूपमा विरोध भएन, जसरी युक्रेनी राष्ट्रपतिको सार्वजनिक रूपमै अपमान गरियो ।







सन् २००५ मा अमेरिकाकै महिला खेल टोलीका केही सदस्यले चप्पल लगाएर ह्वाइट हाउसमा तत्कालीन राष्ट्रपति जर्ज बुसलाई भेटे । उक्त दृश्य ह्वाइट हाउसका लागि अस्वाभाविक थियो ।

● **सन् २०१७ मा ग्रिसका तत्कालीन प्रधानमन्त्री एलेक्सिस सिप्रासले आफ्नो गाढा निलो रंगको सुटमा टाई नलगाउने निर्णय गरे । उनले ग्रिसलाई ऋण राहत नदिइएसम्म टाई लगाउन अस्वीकार गरे ।**

● **सन् २००० मा प्यालेस्टिनी नेता यासेर अराफातले ओभल अफिसमा बिल क्लिन्टनसँग भेट्दा सैन्यशैलीको पोसाक लगाएका थिए ।**

ड्रेस कोडमा कट्टर बुस र ट्रम्प

ड्रेस कोडसँग सम्बन्धित विवाद ट्रम्पका लागि पहिलो होइन । सन् २०१७ मा पहिलोपटक राष्ट्रपतिमा निर्वाचित भएपछि ट्रम्पले ह्वाइट हाउसमा कठोर निर्देशन जारी गरे । जसअनुसार पुरुष विशेष पोसाकमा सजिनुपर्ने र महिलाले 'नारीजस्तै झल्किने गरी लुगा लगाउनुपर्ने' उर्दी गरे । त्यसपछि सामाजिक सञ्जालमा यसको तीव्र विरोध भयो । ह्यासट्याग ड्रेसलाइकअओमेन त्यतिवेलाको सामाजिक सञ्जाल ट्विटरमा फैलियो र महिलाले स्कर्ट र औपचारिक पोसाकविपरीत प्यान्टमा आफ्ना तस्बिर पोस्ट गरे ।

गुप्तचर सेवाले पोसाकसम्बन्धी कठोर दिशानिर्देशको पालना गर्छ भने ह्वाइट हाउसका कर्मचारीको शैली प्रायः बहालवाला राष्ट्रपतिको प्राथमिकतामा निर्भर हुन्छ । राष्ट्रपति क्लिन्टनले औपचारिक पोसाक कोड लागू गरेनन्, जसले गर्दा अझ बढी अनौपचारिक (आनन्दमय) वातावरण सिर्जना भयो । राष्ट्रपति जर्ज डब्लु बुसको नेतृत्वमा ह्वाइट हाउसका कर्मचारीले कठोर पोसाक कोड पालना गर्नुपर्थ्यो । पुरुषहरूले अनिवार्य सुट र टाई लगाउनुपर्थ्यो भने महिलाले पनि समान व्यावसायिक (औपचारिक) पोसाक लगाउनुपर्थ्यो । यस्तो ड्रेस कोडसम्बन्धी नीति उनका प्रमुख कर्मचारी एन्ड्रयु कार्डले लागू गरेका थिए ।

पूर्वराष्ट्रपति बुस टेक्सासस्थित आफ्नो खेतमा टहलिँदा वा पिकअप ट्रक चलाउँदा जिन्समा सजिएका तस्बिर पुराना भइसकेका थिएनन् । तर, उनले कर्मचारी, मिडियाकर्मी र आगन्तुकलाई भने त्यस्ता ड्रेस लगाउन कडा प्रतिबन्ध लगाए । दोस्रो कार्यकालमा नो-जिन्स नियमलाई कर्मचारी, मिडिया र आगन्तुकका लागि ह्वाइट हाउसको प्रवेशद्वारनजिकै पोस्ट गरिएका संकेतमा हाइलाइट गरिएको थियो । स्निकर, सर्ट, मिनीस्कर्ट, टिसर्ट र बाहुला र कलर नभएका लुगाहरू पनि लगाउन नहुने सूचीमा थिए । त्यसबाहेक चप्पललाई निषेध गरिएको थियो ।

ओबामाको कार्यकालमा 'ड्रेस कोड' खुकुलो

राष्ट्रपति बाराक ओबामाले कार्यस्थलको पोसाकमा अझ आधुनिक र 'अलिकति आरामदायी दृष्टिकोण' अपनाए । ओभल अफिसमा ओबामा प्रायः सुट-पाइन्टविनै देखिन्थे, जुन दृश्यले अघिल्लो प्रशासनका केही सदस्यलाई स्तब्ध बनायो । ओबामाका कर्मचारीलाई सप्ताहन्तमा प्रोफेसनल क्याजुअल ड्रेस लगाउन अनुमति थियो । फेसन इन्स्टिच्युट अफ टेक्नोलोजीका प्राध्यापकसमेत रहेकी लीका अनुसार ट्रम्पले सन् २०१७ मा पहिलोपटक पदभार ग्रहण गर्दा ड्रेस कोड नीति 'अर्को दिशामा मोडिएको' थियो ।

औपचारिक पोसाकका लागि कुन लुगा उपयुक्त छ र ह्वाइट हाउसका लागि के सम्मानजनक छ भन्नेबारे व्यक्तिको धारणामा निर्भर गर्छ । मानिसका फरक-फरक विचार हुन सक्छन्, जुन अप्रत्यक्ष रूपमा पोसाकमा झल्किन सक्छन् । उदाहरणका लागि राष्ट्रपति ओबामाले सन् २०१४ मा पत्रकार सम्मेलनमा विवादित खैरो सुट लगाउँदा आलोचकले हल्का रङ पर्याप्त औपचारिक नभएको महसुस गरे । गत ग्रीष्म मौसममा ओबामाले त्यो लुक्सको १०औं वार्षिकोत्सव मनाउँदै गर्दा उनी र डेमोक्र्याट्स नेतृ कमला ह्यारिसले खैरो सुट लगाएका तस्बिर सार्वजनिक गर्दै लेखे, 'यो पोसाक कसरी सुरु भयो ? र, अहिले कसरी चलिरहेको छ ? १० वर्षपछि यो अझै पनि राम्रो लुक्स हो !'


*(याहु डटकमबाट फेसन जर्नल वुमेन्स वेयर डेलीकी सम्पादक फेटेलबर्गको आलेख, **सुभाष शर्मा**को अनुवाद)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २ चैत ०८१

कूटनीतिक पहल गरे मात्रै भारतबाट बिजुली आउने

नआए उद्योगमा कटौती हुने



विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ शुक्रबार राति १० बजे काठमाडौंको स्युचाटारस्थित भारप्रेषण केन्द्रको अवलोकन गर्दै

> भारतको इनर्जी एक्सचेन्ज मार्केटबाट आइतबारदेखि रातको समयमा विद्युत् आयात गर्न पाइँदैन। यद्यपि, त्यो समयमा हामीले कसरी हुन्छ, विद्युत् आपूर्तिलाई व्यवस्थित गर्न लागिपरेका छौं। सकेसम्म औद्योगिक क्षेत्रमा पनि विद्युत् कटौती हुन दिँदैनौं, यदि भयो भने रातिको केही समय मात्रै हुन सक्छ।
>
> ● **कुलमान घिसिङ**, कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण

काठमाडौं / सरकारले कूटनीतिक पहलमार्फत भारतबाट नियमित बिजुली आपूर्तिको सुनिश्चितता नगरे लोडसेडिङ फर्कने जोखिम बढेको छ।

विद्युत् प्राधिकरणले भारतको केन्द्रीय विद्युत् प्राधिकरणसँग ४ महिनामा गरेको समझदारीअनुसार शनिबार रातिसम्म मात्रै बिजुली आपूर्ति हुनेछ। आइतबारदेखि प्रत्येक दिन बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म भारतले बिजुली दिने व्यवस्था छ। जसकारण रातिको माग धान्न मुस्किल भई प्राधिकरणले बिजुली कटौती गर्न सक्ने जनाएको छ। त्यसैले तत्काल विद्युत्को मागअनुसार आपूर्तिको सुनिश्चितता गर्न सरकारले कूटनीतिक संयन्त्रमार्फत भारतबाट हाल पाइरहेको २० घण्टा बिजुली खरिदको सुविधा यथावत् राख्न पहल गर्नुपर्ने प्राधिकरणले जनाएको छ।

त्यस्तै, ३० माघमा नयाँदिल्लीमा नेपाल-भारत पावर एक्सचेन्ज कमिटी (पिइसी)को बैठकमा भएको सम्झौता कार्यान्वयन गर्न पनि सरकारले प्राधिकरणलाई तत्काल स्वीकृति दिनुपर्नेछ। सो बैठकमा भएको सम्झौता कार्यान्वयन गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले विद्युत् प्राधिकरण सञ्चालक समितिको बैठक राखेर पिइसीमा भएको सम्झौता स्वीकृत गर्ने र विद्युत् नियमन आयोगले पनि अनुमोदन गर्नुपर्ने व्यवस्था छ।

३० माघमा नयाँदिल्लीमा बसेको पिइअसी बैठकले आइतबार (१६ मार्च)देखि खरिद गर्ने विद्युत्को नयाँ दर निर्धारण गरेको थियो। तर, नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरेका प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई उक्त बैठकमा नसोधी गएको र विगतको भन्दा बढी दरमा बिजुली किन्ने गरी सम्झौता गरेको दोष लगाएर ऊर्जामन्त्री खड्काले पदबाट हटाउने नियतका साथ स्पष्टीकरण सोधेका छन्। मन्त्री खड्काले दुई महिनादेखि प्राधिकरणको सञ्चालक समिति बैठकसमेत नराखेर नीतिगत निर्णय गर्नबाट अल्झाइरहेका छन्। ऊर्जामन्त्री खड्का प्राधिकरण सञ्चालक समितिका अध्यक्ष हुन्।

पिइसी बैठकमा भएको निर्णय प्राधिकरणको बोर्ड बैठकबाट स्वीकृत हुनुपर्ने र विद्युत् नियमन आयोगले अनुमोदन गर्नुपर्ने व्यवस्था छ। दुवै निकायले प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई असहयोग गर्ने नियतका साथ भारतबाट किन्ने बिजुलीको नयाँ दररेट स्वीकृत गरेका छैनन्। जसकारण आइतबारदेखि भारतबाट रातभर बिजुली आयात रोकिने जोखिम छ।



■ प्रत्यक्ष वैदेशिक लगानी

प्रतिबद्धता उच्च, प्राप्ति न्यून


नवीन अर्याल / नयाँ पत्रिका

विदेशी लगानीकर्ताले प्रतिबद्धता गरेअनुसार प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) भित्र्याउन सरकार निरन्तर असफल भइरहेको छ। चालू आर्थिक वर्ष ०८१/८२ को फागुन मसान्तसम्म सात महिनामा मात्रै चार सय २८ परियोजनामार्फत ४४ अर्ब ६६ करोड रुपैयाँ एफडिआई उद्योग विभागले स्वीकृत गरेको छ। आवको अन्त्यसम्ममा यस्तो प्रतिबद्धता झन् बढ्ने निश्चित छ, तर एफडिआई प्राप्तिको अवस्था भने निराशाजनक छ।

नेपाल राष्ट्र बैंकका अनुसार चालू आवको माघ मसान्तसम्म वास्तविक रूपमा साढे सात अर्ब रुपैयाँ मात्रै एफडिआई भित्रिएको छ, जबकि यो अवधिमा २६ अर्ब चार करोड रुपैयाँ एफडिआई स्वीकृति भएको थियो। विदेशी लगानीकर्ताले नेपालमा उद्योगधन्दा चलाउन विगतको तुलनामा यसपटक तीव्र इच्छा देखाएको तथ्यांकले पनि पुष्टि गर्छ। चालू आवको आठ महिनामा स्वीकृति भएको एफडिआई अघिल्लो आव ०७९/८० को कुल अवधिमा भएको प्रतिबद्धताभन्दा करिब ६ अर्ब रुपैयाँ बढी हो। गत आव ०७९/८० को कुल अवधिमा भने ६१ अर्ब ७८ करोड रुपैयाँ एफडिआई प्रतिबद्धता आएको विभागले जनाएको छ।

विदेशी लगानीकर्ताले निरन्तर चासो दिइरहे पनि सरल सरकारी प्रक्रिया र लगानीमैत्री कानुन निर्माण गर्न नसक्दा एफडिआई आकर्षित हुन नसकेको महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएको छ। महालेखाको ६१औं प्रतिवेदनमा नीतिगत अस्थिरता, कर प्रशासन समस्या, जग्गा विवाद, औद्योगिक सुरक्षाको सवाल, कच्चा पदार्थको कम उपलब्धतालगायतका कारण अपेक्षित रूपले वैदेशिक लगानी प्राप्त हुन नसकेको तथा प्राप्त हुने वैदेशिक लगानीसमेत उपयोगमा आउन नसकेको उल्लेख गरेको छ। यी समस्याहरूको समाधान गरी प्रत्यक्ष वैदेशिक लगानी र प्रविधि हस्तान्तरण बढाउनुपर्ने प्रतिवेदनमार्फत सुझाव दिए पनि सरकारले अहिलेसम्म कार्यान्वयन गरेको छैन।

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले नेपालमा अझै लाइसेन्सराज रहेको र निकै झन्झटिलो कानुनी प्रक्रिया भएकाले प्रतिबद्धता जनाएका विदेशी लगानीकर्ता पनि अन्य देशतिर लाग्ने गरेको बताए।



चालू आर्थिक वर्ष ०८१/८२ को फागुन मसान्तसम्म ४४ अर्ब ६६ करोड प्रतिबद्धता र सात महिनामा सात अर्ब ४५ करोड एफडिआई प्राप्ति।

आठ महिनामा १५ अर्बले बढ्यो एफडिआई प्रतिबद्धता

चालू आवको आठ महिनामा गत आवको सोही अवधिको तुलामा एफिडिआई प्रतिबद्धता १५ अर्ब ५३ करोड रुपैयाँले बढेको छ। फागुन महिनामा मात्रै ४० उद्योगमार्फत १७ अर्ब ८० करोड रुपैयाँको प्रतिबद्धता प्राप्त भएको उद्योग विभागले जनाएको छ, विभागका अनुसार गत आव ०८०/८१ मा ६१ अर्ब ७८ करोड रुपैयाँ एफडिआई प्रतिबद्धता प्राप्त भएको थियो। तर, आठ अर्ब ४७ करोड रुपैयाँ मात्रै एफडिआई भित्रिएको राष्ट्र बैंकको तथ्यांक छ।

साना उद्योगमा धेरै चासो, सबैभन्दा धेरै सेवामूलक क्षेत्रमा

साना उद्योगमा धेरै एफडिआई आउने गरेको छ। आठ महिनामा साना चार सय १५, मझौला आठ र ठुला चारवटा उद्योगमा विदेशी लगानीकर्ताले एफडिआईको प्रतिबद्धता जनाएका छन्। सबैभन्दा धेरै सेवामूलक क्षेत्रमा विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको छ। आठ महिनामा सेवामूलक क्षेत्रका ५४ उद्योग-परियोजनामार्फत २२ अर्ब ३६ करोड रुपैयाँ विदेशी लगानीको प्रतिबद्धता आएको छ। पर्यटन क्षेत्रमा एक सय ८० परियोजनामार्फत १७ अर्ब ९१ करोड रुपैयाँ, उत्पादनमूलक क्षेत्रमा ३० उद्योगमार्फत दुई अर्ब ६३ करोड रुपैयाँ लगानी प्रतिबद्धता आएको छ।



प्रतिबद्धताअनुसार लगानी नभित्रिनुका सात कारण

● **नरबहादुर थापा**
पूर्वकार्यकारी निर्देशक, राष्ट्र बैंक

● अरू देशमा राष्ट्रिय प्राथमिकता क्षेत्रमा वैदेशिक लगानी ल्याउन पूर्वस्वीकृति लिनुपर्दैन। तर, हाम्रोमा पूर्वअनुमति लिनुपर्ने व्यवस्था छ। यहाँ अझै लाइसेन्सराज छ। त्यो निकै झन्झटिलो छ। जसले गर्दा लगानीकर्ता अन्य देशतिर लाग्छन्।

● नेपालमा उद्योग स्थापना, सञ्चालनदेखि लाभांश लैजान प्रक्रियागत झन्झट छ। काम गर्न अत्यन्तै गाह्रो छ। जग्गा प्राप्तिमै समस्या छ। यहाँ औद्योगिक क्षेत्रको विकास पनै जाओस्, चार किल्लासमेत तोकिएको छैन।

● नेपालको बजार पनि सानो छ। भारत, चीन, कम्बोडिया, भियतनाममा जस्तो धेरै उपभोक्ता नहुँदा पनि लगानीकर्ता 'पर्ख र हेर'को अवस्थामा हुन सक्छन्। नेपालको जनसंख्या कम भए पनि मान्छे धनी भइदिएको भए खर्च पनि धेरै गर्थे होलान्। त्यो अवस्था पनि छैन।

● लगानीकर्ता आकर्षित गर्ने खालको पूर्वाधार बनेका छैनन्। राम्रो सडक सुविधा नहुँदा ढुवानी लागत महँगो छ। हाउसहोल्डमा लोडसेडिङ नभए पनि औद्योगिक क्षेत्रमा अझै अघोषित लोडसेडिङ छ। भारतले रातमा बिजुली उपलब्ध नगराउने भनेपछि लोडसेडिङ अझै बढ्ने होला।

● कुनै उद्योग व्यवसाय सुरु गर्दा १४ ठाउँमा ठोक्किनुपर्छ। सरकारले लगानीकर्तालाई सुविधा दिन भन्दै एकल विन्दु सेवा केन्द्र खोलेको छ। तर, त्यसले काम गरेको छैन। विदेशी लगानी भित्र्याउन प्रक्रियागत झन्झट ठुलो समस्या बनेको छ।

● यहाँ वैदेशिक लगानीलाई निरुत्साहित गरिन्छ। हामी स्वाधीन अर्थतन्त्र भन्छौं। राष्ट्रिय पुँजीपति जन्माउने भन्छौं। हाम्रोमा विदेशी लगानीकर्तालाई हेर्ने 'नजरिया' नै राम्रो भएन।

● नेपालको डुइङ बिजनेसका १० वटा क्षेत्रमा अझै सुधार भएको छैन। उद्योग दर्ता गर्न मात्र होइन, कर तिर्न पनि सहज छैन। यही कारण विदेशी लगानीकर्ता आउन मानेका छैनन्। आउन लागेका पनि थकित भएर फर्किहाल्छन्।

आजबाट उपभोक्ता अदालतको काम सुरु

काठमाडौं / उपभोक्ता संरक्षण ऐन, ०७५ जारी भएको ६ वर्षपछि आजबाट उपभोक्ता अदालतले काम सुरु गर्ने भएको छ। संविधानको धारा ४४ को मौलिक हक कार्यान्वयन गर्न ०७५ मा उपभोक्ता संरक्षण ऐन जारी भएको थियो। ऐनमा उपभोक्ता अदालत गठन हुने व्यवस्था भए पनि लामो समयपछि मात्रै कार्यान्वयन हुन लागेको हो।

शुक्रबार नेपाल आर्थिक पत्रकार संघ (नाफिज) र उपभोक्ता हित संरक्षण मञ्च नेपालले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उपभोक्ता अदालत गठन भएपछि उपभोक्ताको हकहितका लागि काम गर्न सहयोग पुग्ने बताए। उनले अनुगमन गर्न जनशक्ति अभाव भएको पनि जानकारी दिए। 'बजार अनुगमनका लागि जनशक्ति अभाव भएका कारणले सोचेजस्तो काम हुन सकेको छैन,' उनले भने, 'उपभोक्ता संरक्षण ऐनले बजार अनुगमनको व्यवस्था गरेको छ। तर, कार्यान्वयनका लागि जनशक्ति अभाव छ।' मन्त्री भण्डारीले आफूले खरिद गरेको सामानको बिल माग्ने बानी बसाल्न पनि उपभोक्तालाई अग्रह गरे। बिल नलिएर सामान खरिद गर्दा ठगिएको पाए कारबाही गर्न नसकिने उनको भनाइ थियो।

उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले उपभोक्ता अदालतले आमरूपमा उपभोक्ताको हकहितमा काम गर्ने भन्दै आइतबारदेखि नै मुद्दाको चाप धेरै हुने विश्वास व्यक्त गरे।

नबिल बैंक लिमिटेडको शाखा कार्यालय स्थानान्तरण हुने सम्बन्धी सूचना

यस बैंकको निम्न लिखित स्थानमा अवस्थित शाखा कार्यालय, हालको स्थानबाट स्थानान्तरण भई नयाँ परिसरबाट यहि मिति २०८१ चैत्र १० गते, तदनुसार 23rd March, 2025 देखि संचालन हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै स्थानान्तरण हुनलागेको शाखा कार्यालयमा रहेका लकर तथा ग्राहक महानुभावका खाताहरु सोही शाखा नजिकैको शाखा कार्यालयमा स्थानान्तरण गरि सेवा सुचारु रहने व्यहोरा समेत जानकारी गराउदछौं।

हालको शाखा	हालको ठेगाना	स्थानान्तरण हुने शाखा कार्यालयको नाम	स्थानान्तरण हुने शाखा कार्यालयको ठेगाना	लकर तथा खाता स्थानान्तरण भई सेवा सुचारु रहने शाखा	लकर तथा खाता स्थानान्तरण भई सेवा सुचारु रहने शाखाको ठेगाना	हालको शाखा कार्यालय बाटको दुरी
इटहरी पश्चिम लाईन	सुनसरी जिल्ला, इटहरी उ.म.न.पा वडा नं. ६, इटहरी	बेलबारी	मोरङ जिल्ला, बेलबारी न.पा वडा नं. १, बेलबारी	इटहरी	सुनसरी जिल्ला, इटहरी उ.म.न.पा वडा नं. ९,, इटहरी	१५ कि.मि.

माथि उल्लेखित शाखा कार्यालयमा रहेको लकरमा ग्राहक महानुभावहरुले कुनै टुटफुट हुने सामानहरु राख्नु भएको भएमा लकर सार्नु अगावै मिति २०८१ चैत्र ०६ गते बुधबारका दिनसम्ममा साबिकको शाखा कार्यालयबाट कार्यालय समय (बिहान १० बजे देखि दिउँसो ३ बजे) भित्र निकाल्नुहुन विनम्र अनुरोध गर्दछौं, अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति पुग्न गएमा बैंक जिम्मेवार नरहने व्यहोरा समेत जानकारी गराउँदछौं।

इटहरी पश्चिम लाईन शाखा : ०२५-५८२४११/ ०२५-५८२५२२ इटहरी शाखा : ०२५-५८१४००

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, कमलादी, काठमाण्डौं फोन नं. ०१-५९७१८७१

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन कार्यालय सिन्धुली

बोलपत्र आह्वान सम्बन्धि सूचना

आह्वान मितिः २०८१/१२/१

यस कार्यालयको आ.व. ०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमहरु अन्तरगतका बजेटबाट तपशिलमा उल्लेखित नेपाली रुपैया बराबरको कार्यहरु बोलपत्र माध्यम द्वारा गराउनु पर्ने भएको हुदा योग्य सम्बन्धित निर्माण व्यावसायीबाट रितपुर्वक बोलपत्र खरिद गरि www.bolpatra.gov.np लगईन गरि E–bid मार्फत पेश गर्नको लागि अनुरोध छ।

● राजश्व भौचरमा मिति, फर्मको नाम, पान नम्बर र ठेक्का नम्बर अनिवार्य उल्लेख गर्नुपर्नेछ।

बैंक	खाता नं.	शिर्षक नं.	कार्यालय कोड	कार्यालय
रा.बा.बैं., सिन्धुली	१०००१००२०००१००००	१४२२९	३३७०४२५०२३	शहरी विकास तथा भवन कार्यालय सिन्धुली

● नगद बैक ग्यारेण्टीको लागि कार्यालय कोड उल्लेख गरि धरौटी खाता नं. १०६०१००२०२०३०००० राख्नु पर्नेछ।
● खरिद गर्ने र पेश गर्ने अन्तिम मिति र समय E–GP System अनुसार।
● ठेक्का खोलिने मिति र समय E–GP System अनुसार।
● अनलाइनमा रहेको स्वीकृत ढाचाको निवेदन, बैक जमानत पत्रको नमुना प्रयोग गर्नु पर्नेछ शब्द तथा सर्तहरु फेरबदल गरी पेश गरेको मान्य हुने छैन।
● कुनै अभियोग नलागेको स्वघोषणा पत्र, पाच वटा ठेक्का संझौता नभएको स्वघोषणा पत्र, पावर अफ अर्टोनी पत्रमा अनिवार्य बोलपत्र आह्वान अवधि भित्रको समयमा सहिछाप गरि पेश गर्नु पर्ने छ।
● उद्योग दर्ता प्रमाणपत्र, निर्माण ईजाजत पत्रको प्रतिलिपि, भ्याट दर्ता प्रमाणपत्र, नियमानुसार करचुक्ता गरेको प्रमाणपत्रहरू पेश गर्नु पर्ने छ।
● बोलपत्रमा कुनै कुरा फेरबदल, संसोधन वा बोलपत्र रद्द गर्नु परेमा उक्त अधिकार कार्यालयलाई सुरक्षित रहने छ।

सि. नं.	ठेक्का नं.	योजनाको नाम	ठेक्का रकम रू.	बैंक जमानत रकम रू.	बोलपत्र दस्तुर रु.
1	UDBOSIN-NCB-W-23-081-82	झार्लाङटार मन्दिरबाट उत्तरतर्फ जिघककाखोला जाने बाटो स्तरोन्नति, तीनपाटन ३ सिन्धुली (कालोपत्र गर्ने)	8675698.41	220000.00	3000.00
2	UDBOSIN-NCB-W-24-081-82	वि.पि स्मृति भवन निर्माण तिनपाटन ११, सिन्धुली	2900209.23	73000.00	3000.00
3	UDBOSIN-NCB-W-25-081-82	लक्ष्मीडाडा वडा कार्यलय सम्म सडक स्तरउन्नति सुनकोशी ४ सिन्धुली	2898798.18	73000.00	3000.00
4	UDBOSIN-NCB-W-26-081-82	तल्लो धनसरी माझीटोल समुह घर निर्माण,दुधौली-११	2034750.08	51000	3000.00
5	UDBOSIN-NCB-W-27-081-82	जल कन्या अधुरो स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न कनपा-३ सिन्धुली	3865895.69	96700.00	3000.00
6	UDBOSIN-NCB-W-28-081-82	गुन्साल एकिकृत बस्ति भौतिक पुर्वाधार विकास निर्माण दोरम्बा-५ रामेछाप	9887999.54	250000.00	3000.00

कार्यालय प्रमुख

■ बागमती प्रदेशको विकास नीति

१६ करोडमाथिका आयोजना बहुवर्षे ठेक्कामा सूचीकृत, ३ वर्षमा सक्नुपर्ने

प्रदेशको समुन्नति र समृद्धिमा योगदान गर्न सक्ने १६ देखि ३० करोडसम्मका पूर्वाधार छनोट

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशले १६ करोड रुपैयाँभन्दा बढी लागतका आयोजनालाई बहुवर्षे ठेक्का प्रणालीमार्फत कार्यान्वयन गर्ने नीति लिएको छ। यस्ता आयोजना तीन वर्षभित्र सक्ने गरी बजेट विनियोजनसमेत हुने बागमतीको नीति तथा योजना आयोगले जनाएको छ।

आयोगका अनुसार चालू आर्थिक वर्ष ०८१/८२ मा २३ वटा आयोजना बहुवर्षे ठेक्काका लागि पहिचान भएका छन्। बजेट छुट्याएको वर्ष समयमा ठेक्का नलाग्दा काम नसकिने र अर्को वर्ष बजेट नै विनियोजन नहुँदा आयोजना नै अलपत्र हुने समस्या बढ्दै गएपछि धेरै लागतका आयोजनाको पहिचान गरी बहुवर्षे ठेक्का प्रणालीबाट काम गर्ने निर्णय भएको आयोगले जनाएको छ।

१६ करोडदेखि ३० करोडसम्म लागतका आयोजना छनोट गरिएको र कुल चार अर्ब १६ करोडभन्दा बढी रकम विनियोजन भएको आयोगले जनाएको छ। बहुवर्षे ठेक्काका लागि श्रम रोजगार तथा यातायात मन्त्रालय, आन्तरिक मामिला मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयलगायत निकायमातहतका २३ आयोजना छनोट भएको प्रदेश नीति तथा योजना आयोग, बागमतीका उपाध्यक्ष गंगादत्त नेपालले जानकारी दिए। उनका अनुसार सबैभन्दा धेरै सडक पूर्वाधार बहुवर्षेका लागि छनोट भएका छन्।



प्रदेशको योजना कार्यान्वयन चुनौतीपूर्ण



● **गंगादत्त नेपाल**, उपाध्याय, प्रदेश नीति तथा योजना आयोग, बागमती

प्रदेशले केही गरेन भन्ने गुनासो सुनिन थालेको छ। तर, बागमती प्रदेशले संघीय सरकार र स्थानीय सरकारको बिचमा रहेर समन्वय गर्ने तथा मझौला आयोजना सम्पन्न गर्ने गरी अगाडि बढ्ने काम भइरहेको छ। समन्वयात्मक भूमिकामा प्रदेश सरकारको सान्दर्भिकता ठुलो छ। हाम्रो जस्तो भूगोल, जनसंख्या र कमजोर आर्थिक अवस्था भएको देशमा योजना छनोट र कार्यान्वयन चुनौतीको विषय हो। तैपनि, योजना आयोगले १६ करोडभन्दा माथि र खर्बभन्दा मुनिका आयोजना बढीमा दुई-तीन वर्षमा पूरा गर्न सक्ने गरी प्रदेश सरकारलाई सिफारिस गरेका छौं।

यी हुन् बहुवर्षे ठेक्काका लागि छनोट भएका आयोजना

सुनखानी मोहडा कमलामाई (सिन्धुली)मा २९ करोड र सिन्धुलीकै भीमस्थान चकमके हुँदै उदयपुर-कटारी सडक दोस्रो खण्डका लागि २५ करोड स्रोत सुनिश्चितता गरिएको छ। त्यस्तै, खाम्दल-दोभान-घर्तीटोल-बाह्रबिसे सिन्धुपाल्चोकबाट द्रुमथली-दोलन्सा खण्डमा २४ करोड, चाबहिल-साँखु हुँदै फट्केश्वर-सिन्धुपाल्चोकमा १६ करोड, पाँचपोखरी-थाङपाल सडक-मेलम्ची भोताङ सडकमा पनि १६ करोड स्रोत सुनिश्चित गरिएको उपाध्यक्ष नेपालले जानकारी दिए।

मुडे-मेलुङ-शीतली सडक, (दोलखा), त्रिशूली-सोले-मनकामना-काहुले-साल्मे-किम्ताङ सडक (नुवाकोट), भिरकोट-झुले-छौडे सडक (बैतेश्वर), तामाकोशी-दोलखा सदरमुकाम, दामन-पाखिन मार्गलगायतका सडक आयोजना बहुवर्षेमा परेका छन्। श्रम रोजगार तथा यातायात मन्त्रालयअन्तर्गत गुर्जुधारामा भवन निर्माण गर्ने र खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयअन्तर्गत पूर्वी राप्ती खोला तटबन्ध लोथर दोभानदेखि सौराहासम्म मर्मत कार्य)का लागि स्रोत सुनिश्चित गरिएको नेपालले जानकारी दिए। यो वर्ष बहुवर्षे ठेक्काका लागि छुटेकालाई आगामी आर्थिक वर्ष ०८२/८३ समेटिने उनले जानकारी दिए।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

■ चारदेशीय टी-२० आई सिरिज

नेपाल ६ विकेटले विजयी

नयाँ पत्रिका

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले शुक्रबार चार देशीय अन्तर्राष्ट्रिय टी-२० आई सिरिजमा दोस्रो जित निकालेको छ । डबल राउन्ड रोबिन लिगको आफ्नो अन्तिम खेलमा नेपालले हङकङलाई ६ विकेटले हरायो । नेपालले ६ खेलमा दुई जित र चार हार नतिजा निकाली चार अंक जोडेको छ । समान खेलबाट ६ अंक बटुलेको हङकङ तेस्रो भएको छ । नेपालले पहिलो चरणमा युगान्डाविरुद्ध एक विकेटको सनसनी जित निकालेको थियो । दोस्रो चरणको पाँचौं खेलमा नेपाल युगान्डासँग ४० रनले पराजित भएको थियो ।

पहिलो ब्याटिङ गरेको हङकङले २० ओभरमा आठ विकेट गुमाएर १०४ रन बनाएको थियो । प्रत्युत्तरमा नेपालले १९.३ ओभरमा चार विकेटको क्षतिमा १०५ रन जोडेको थियो । नेपालको जितमा ओपनर सम्झनाकुमारी खड्काले सर्वाधिक ४७ रनको योगदान दिएकी थिइन् । लगातार दोस्रो खेलमा कप्तान इन्दु बर्मा ओपनिङमै आइन् । उनले सम्झनासँग पहिलो विकेटका लागि गतिलो साझेदारी गरिन् ।

नेपालले पहिलो विकेटका रूपमा कप्तान इन्दुलाई गुमाएको थियो । उनले ३२ बलको सामना गरी १८ रनको योगदान गरिन् । त्यसपछि सम्झनाले यू-१९ की कप्तान पूजा महतोसँग दोस्रो विकेटका लागि बलियो साझेदारी गरिन् । इनिङ्सको अन्तिमसम्म नटआउट रहेकी पूजाले २६ बलमा २० रनको योगदान दिइन् । सम्झनाले ४३ बलको सामना गरी आफ्नो विकेट गुमाइन् ।

मध्यक्रममा स्थान बनाएका रोमा थापा र विन्दु रावलले गतिलो योगदान दिन सकेनन् । दुवैजना खेलाडी रनआउटको सिकार भए । रोमाले सात बलमा चार रन तथा विन्दुले चार बलमा चारै रन बनाए । अलिशाकुमारी यादवले पाँच बलमा पाँच रन बनाइन् ।



हङकङविरुद्ध ब्याटिङ गर्दै नेपाली कप्तान इन्दु बर्मा



हङकङविरुद्ध विकेट लिएपछि पूजा महतो

■ नेपालको कसिलो बलिङ

जितका साथ सिरिज अन्त्य गर्न चाहेको नेपालले हङकङविरुद्ध कसिलो बलिङ गरेको थियो । राजमती ऐरीले चार ओभरमा १७ रन खर्चेंदै सर्वाधिक तीन विकेट लिइन् । कप्तान इन्दुले चार ओभरमा एक मेडन राखी १२ रन खर्चेर दुई विकेट हात पारिन् । पूजा र ईश्वरी विष्टले समान एक विकेट लिँदा हङकङले सोचेजस्तो ब्याटिङ गर्न सकेन ।

हङकङले इनिङ्सको पहिलो ओभरमै विकेट गुमाएको थियो । हङकङले तेस्रो विकेटका लागि ६३ रनको साझेदारी गऱ्यो । स्कोर बोर्डमा ९९ रनको योगफल हुँदा हङकङले लगातार तीन विकेट गुमाएको थियो । तीन विकेट एकै रनमा गुमाएको अवस्थामा हङकङमाथि नेपालले दबाब बनायो । यद्यपि, नेपाली बलरले हङकङलाई १२ अतिरिक्त रन दिएका थिए । हङकङको ब्याटिङमा सानजिन शाहजादले अर्धशतकीय इनिङ्स खेलिन् । उनले ४७ बलमा ५४ रन बनाइन् ।

चाङ यिनले १६ रन र यस्मिन दस्वानीले १४ रन बनाए । हङकङविरुद्धको प्रतिस्पर्धामा नेपालले खेलाडी परिवर्तन गरेको थियो । पूर्वकप्तान रुबिना क्षेत्री र कविता जोशीले अन्तिम खेलमा स्थान बनाउन सकेनन् । दुवै खेलाडीले अघिल्लो पाँचै खेलमा मौका पाएका थिए । तर, उनीहरूले ब्याटिङ, बलिङ र फिल्डिङमा कमजोर प्रदर्शन गरेका थिए ।

हङकङविरुद्ध नेपालको प्रदर्शन

टी-२० एसिया विश्वकप छनोट २०१९	
हङकङ	६२-८
नेपाल	६३-६
नेपाल चार विकेटले विजयी	
टी-२० एसिया विश्वकप छनोट २०२१	
नेपाल	१०४-३
हङकङ	१०५-४
हङकङ ६ विकेटले विजयी	
एसिसी टी-२० च्याम्पियनसिप २०२२	
नेपाल	१०९-६
हङकङ	११२-३
हङकङ सात विकेटले विजयी	
टी-२० सिरिज २०२३	
नेपाल	५६-१०
हङकङ	५७-१
हङकङ नौ विकेटले विजयी	
टी-२० सिरिज २०२४ (फाइनल)	
हङकङ	१०१-६
नेपाल	३७-१
नेपाल डिएलएसअनुसार १३ रनले विजयी	
एसिसी प्रिमियर कप २०२४	
हङकङ	९३-८
नेपाल	९५-२
नेपाल आठ विकेटले विजयी	
टी-२० सिरिज २०२५	
हङकङ	१००-७
नेपाल	९८-७
नेपाल दुई रनले पराजित	
टी-२० सिरिज २०२५	
हङकङ	१०४-८
नेपाल	१०५-४
नेपाल ६ विकेटले विजयी	

अंक तालिका

टोली	खेल	जित	हार	अंक
युगान्डा	६	३	३	६
नामिबिया	६	३	३	६
हङकङ	६	३	३	६
नेपाल	६	२	४	४

अध्यागमनले रोक्यो एनओसीका पदाधिकारीलाई

अध्यागमन विभागले पदाधिकारीलाई विदेश जान रोक लगाएपछि एनओसीले सरकारको कार्यलाई तानाशाही र निरंकुशको संज्ञा दिएको छ

नयाँ पत्रिका

नेपाल ओलम्पिक कमिटी (एनओसी)ले आफ्ना पदाधिकारीलाई विदेश जान रोक्न भनी सरकारले गरेको पत्राचारप्रति विरोध जनाएको छ । एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठ र महासचिव राजीव श्रेष्ठले सरकारको पछिल्लो कार्य निन्दनीय भएको बताएका छन् । एनओसीका पदाधिकारीले शुक्रबार पत्रकार सम्मेलन गरी सरकारले नागरिकको संवैधानिक र मानव अधिकारलाई कुण्ठित गरेको आरोपसमेत लगाएका छन् ।

'नेपाली नागरिकको हिँड्डुल गर्न पाउने संवैधानिक अधिकार र मानव अधिकारलाई कुण्ठित गर्ने कार्य भएको छ,' महासचिव श्रेष्ठले भने । खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्ले गत ११ फागुनमा एनओसीका निर्वाचन पदाधिकारीलाई वैदेशिक भ्रमणप्रति रोक लगाउन सम्बन्धित निकायलाई पत्र पठाएको थियो । पत्रकै आधारमा त्रिभुवन विमानस्थलको अध्यागमनका कर्मचारीले एनओसीका पदाधिकारीलाई वैदेशिक भ्रमण गर्न रोक्दै आएका छन् ।

१४औं दक्षिण एसियाली खेलकुद (साग)को आयोजक पाकिस्तानले आयोजना गरेको बैठकमा सहभागी हुने क्रममा एनओसीका महासचिव श्रेष्ठलाई अध्यागमनले रोकेको थियो । पाकिस्तान जान नपाएपछि उनले उच्च अदालत पाटनमा रिट दायर गर्दै अन्तरिम आदेश माग गरेका थिए । २६ फागुनमा न्यायाधीशहरू खडानन्द तिवारी तथा कैलाशप्रसाद सुवेदीको संयुक्त इजलासले अन्तरिम आदेश दिन अस्वीकार गर्दै नियमित प्रक्रियाबाट मुद्दाको फैसला हुने आदेश दिएको छ ।

यसैगरी, कुवेतमा एसियन काउन्सिल अफ एसिया (ओसिए)को बैठकमा सहभागी हुने क्रममा एनओसीका अध्यक्ष श्रेष्ठलाई पनि कुवेतस्थित अध्यागमन विभागले गत मंगलबार नेपालै फर्काइने प्रयास भएको थियो । तर, ओसिएको पहलमा उनले कुवेतमा प्रवेश पाए । श्रेष्ठ दुई घण्टापछि ओसिएको बैठकमा पुगेका थिए ।

■ निरंकुश र तानाशाही कार्य

कसुरविना कुनै पनि व्यक्तिलाई रोक्ने कार्य गर्नु निरंकुश र तानाशाही चरित्र भएको अध्यक्ष श्रेष्ठले बताए । 'हामीले के गरेको छ ? सरकारले हामीलाई किन वैदेशिक यात्रा गर्न रोक लगाएको छ,' पत्रकार सम्मेलनमा उनले भने, 'सरकारले खेलकुद क्षेत्रमा प्रत्यक्ष हस्तक्षेप गरेको छ, यसमा एनओसीले घोर निन्दा र भर्त्सना गर्छ ।' अदालत तथा सरकारको निर्देशनविरुद्ध १३ पुसमा अनलाइनका माध्यमबाट एनओसीको निर्वाचन भएको थियो । अनलाइनमार्फत भएको मतदानबाट श्रेष्ठ लगातार तेस्रोपटक अध्यक्षमा चुनिए ।

अहिलेसम्म पनि राज्यले एनओसीको निर्वाचनलाई मान्यता दिएको छैन । खेलकुदमन्त्री तेजुलाल चौधरीले ४ माघमा राखेपको ११९औं बोर्ड बैठकमा अवैधानिक रूपमा सम्पन्न निर्वाचनबाट चुनिएका एनओसीका पदाधिकारीलाई विदेश जान प्रतिबन्ध लगाउन सम्बन्धित निकायलाई पत्राचार गरेका थिए ।

खेलकुद मन्त्रालय तथा राखेपको पत्रको कार्यान्वयन फागुनमा भएको थियो । अध्यक्ष श्रेष्ठले सरकारको पछिल्लो कार्य नेपालको संविधान, कानुन र ओलम्पिक बडापत्रविपरीत भएको दाबी गरेका छन् । 'सरकारको यस्तो व्यवहार र हस्तक्षेप गर्ने कार्य नेपालको संविधानसँगै कानुन तथा ओलम्पिक बडापत्रविपरीत कार्य हो, यस्ता कार्य तत्काल बन्द गर्न सरकारसँग हाम्रो माग छ,' श्रेष्ठले भने, 'सरकारबाट विमानस्थलको अध्यागमन कार्यालयमा भएका पत्राचारहरू तत्काल फिर्ता गर्न आग्रह गर्छौं ।'

पहिलोपटक च्याम्पियन बन्ने होडमा काँकडभिट्टा र चर्च ब्वाइज



नयाँ पत्रिका

आयोजक काँकडभिट्टा ट्रेनिङ सेन्टरले उत्कृष्ट फर्ममा रहेको चर्च ब्वाइज युनाइटेडविरुद्ध शनिबार मेचीनगर गोल्डकपको फाइनलमा प्रतिस्पर्धा गर्दै छ । उपाधि भिडन्तअघि शुक्रबार भएको प्रिपोस्टमा दुवै टोलीका कप्तान र प्रशिक्षकले पहिलोपटक च्याम्पियन बन्ने लक्ष्य राखेको दाबी गरेका छन् । चर्च ब्वाइजका प्रशिक्षक सुमन श्रेष्ठले एक दिन विश्राम पाउँदा सहज हुने बताएका छन् ।

'फाइनलअघि एक दिन विश्राम पाएका छौं । लगातार खेल्दा गाह्रो भइरहेको थियो,' श्रेष्ठले भने, 'हामीले विपक्षीलाई कमजोर लिँदैनौं ।' पाँच वर्षपछि आयोजना भएको गोल्डकपले नयाँ च्याम्पियन पाउनेछ । ०७१ सालबाट सुरु भएको गोल्डकपको पहिलो विजेता बिर्तामोड युनाइटेड, दोस्रो झापा-११ र तेस्रोपटकको विजेता विभागीय टोली त्रिभुवन आर्मी क्लब हो । चौथो संस्करणको उपाधि नेपाल पुलिस क्लबले हात पारेको थियो । श्रेष्ठको प्रशिक्षणमा चर्च ब्वाइजले झापा, बागमती र फाल्गुनन्द गोल्डकपको उपाधि जितिसकेको छ । यसपटक मोफसलमा चर्च ब्वाइजले १० मध्ये आठ गोल्डकपको फाइनलमा स्थान बनाएको छ ।

चर्च ब्वाइजका कप्तान एकराज बुढाथोकीले लगातार खेल्दा थकित भए पनि मोसफलको अन्तिम प्रतियोगिता हुँदा जित्न खेल्ने प्रतिक्रिया दिएका छन् । चर्च ब्वाइजले पहिलो खेलमा झापा एफसीलाई सडेन डेथमा हराएको थियो । सेमिफाइनलमा 'ए' डिभिजन लिगको पूर्वविजेता मच्छिन्द्र एफसीविरुद्ध ४-३ को जित चर्च ब्वाइजले निकालेको थियो ।

अनुभवी खेलाडीका साथमा चर्च ब्वाइज

सेमिफाइनलमा विदेशी खेलाडी अबयोमी फाकुन्लेले ह्याट्रिक गरेका थिए । उनीसँगै चर्च ब्वाइजमा नेपाल राष्ट्रिय टिमबाट खेलिसकेका सुरज जिउ ठकुरी, नेपालको उमेर समूहबाट खेलेका समीर तामाङ, राजेश परियार, जया गुरुङ, गौरव श्रेष्ठ छन् । विदेशी खेलाडी सर्ज डिका र रिचार्ड विल्सनको प्रदर्शनले टोलीको आत्मविश्वास बढाएको छ । आयोजक काँकडभिट्टा घरेलु समर्थकको साथमा उपाधि घरमै राख्ने योजनामा छ । यस सिजनमा पहिलोपटक फाइनलमा स्थान बनाएको आयोजक पहिलो अवसरमै उपाधि जित्ने दाउमा छ । प्रशिक्षक मुन्ना सुब्बाले भने, 'हामीसँग जति खेलाडी छन्, सबै क्षमतावान् छन् । चर्च ब्वाइज बलियो टोली हो ।'

पहिलो प्रयासमै उपाधि जित्ने दाबी

काँकडभिट्टका उपकप्तान दिवस उराउले पनि उपाधि जित्न खेल्ने बताए । आयोजक काँकडभिट्टाले पहिलो खेलमा भारतको जर्जियन एफसीलाई ४-२ तथा सेमिफाइनलमा धरान एफसीलाई सडेन डेथमा हराउँदै उपाधिनजिक पुगेको हो । टोलीमा कप्तान खामिर गिल्सानसँगै गोलरक्षक विश्वास चौधरी, दिवस, पासाङ लामा, विवेक गुरुङ, निशान लिम्बूजस्ता प्रतिभाशाली खेलाडी काँकडभिट्टासँग छ । विदेशी खेलाडी रोबार्ट, इब्राहिम र फ्र्यांकलिन कुइटे टलाले पनि घरेलु समर्थकको मन जित्ने प्रदर्शन गर्दै आएका छन् । प्रतियोगिताको विजेताले १० लाख तथा उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीले ५१ हजार, उच्च गोलकर्ताले २५ हजार तथा उत्कृष्ट गोलरक्षक र प्रशिक्षकले समान २१ हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

ललितले लिए एकै खेलमा ६ विकेट

नेपाल पुलिसका स्पिनर ललितनारायण राजवंशीले १८ रन खर्चेर ६ विकेट लिएपछि एपिएफ दुई विकेटले पराजित

नयाँ पत्रिका

राष्ट्रिय क्रिकेट टोलीका स्पिनर ललितनारायण राजवंशीले प्रधानमन्त्री एकदिवसीय (पिएम) कपमा एकै खेलमा ६ विकेट लिएका छन् । लमहीमा शुक्रबार प्रतियोगिताअन्तर्गत १५औं खेलमा ललितले एपिएफविरुद्ध ६ विकेट हात पारेका हुन् । उनकै उत्कृष्ट बलिङ प्रदर्शनको सहयोगमा नेपाल पुलिस क्लबले एपिएफलाई दुई विकेटले हरायो । ललितले आफ्नो उत्कृष्ट स्पेलमा १८ रन खर्चेका थिए । पहिलो ब्याटिङ गरेको एपिएफले २७.४ ओभरमा सबै विकेट गुमाएर ९३ रन जोडेको थियो । प्रत्युत्तरमा पुलिसले संघर्ष गर्दै २६.२ ओभरमा आठ विकेट गुमाएर जित निकाल्यो ।

जितका साथ पुलिस दोस्रो स्थानमा उक्लेको छ । पुलिसले तीन खेलमा जित निकालेको छ । एपिएफ चार अंकका साथ तेस्रो स्थानमा झरेको छ । एपिएफले दुई जित र एक हारको सामना गरेको छ । त्रिभुवन आर्मी क्लबले तीन खेलमा ६ अंक जोडेको छ । रनरेटमा आर्मी शीर्ष स्थानमा रहेको छ । कोशी प्रदेशले तीनै खेल गुमाएको छ । अंकतालिकामा कोशी पुछारमा छ । मधेश, गण्डकी, कर्णाली र सुदूरपश्चिमले समान दुई अंक जोडेका छन् ।

एपिएफको कमजोर ब्याटिङ

ललितको सानदार बलिङअगाडि अनुभवी खेलाडीले भरिएको एपिएफको बलियो ब्याटिङ लाइनअप कमजोर देखियो । ललितले मध्य तथा पुछारका खेलाडीलाई पेभेलिन पठाएपछि एपिएफको ब्याटिङ धर्मराएको हो । ओपनर आसिफ सेखले १५ बलमा १० रन बनाए । एपिएफका अर्का ओपनर लोकेश बमले २४ बलमा तीन छक्काको सहयोगमा २२ रन बनाए । सो इनिङ्समा सन्दीप जोराले २९ बलमा २९ रनको योगदान दिए ।

सहज लक्ष्य पछ्याएको पुलिसका लागि ओपनर कुशल भुर्तेलले सर्वाधिक ३१ रनको योगदान दिए । उनले ५७ बलमा दुई छक्का प्रहार गरेका थिए । एपिएफले पुलिसलाई १८ अतिरिक्त रन दिएको थियो । स्पिनर भुवन कार्कीले ३३ रनमा तीन विकेट लिएका थिए ।



बागमतीले सुदूरपश्चिमलाई हरायो

भैरहवामा भएको खेलमा बागमतीले सुदूरपश्चिममाथि ५५ रनको जित निकालेको छ । पहिलो ब्याटिङ गरेको बागमतीले ५० ओभरमा आठ विकेट गुमाएर दुई सय ६६ रन बनाएको थियो । प्रत्युत्तरमा सुदूरपश्चिमले ४७ ओभरमा सबै विकेट गुमाएर दुई सय ११ रन जोडेको थियो । बागमतीका शुभ कंसाकारले ६८ बलमा ७७ रनको योगदान दिएका थिए । ओपनर आशुतोष घिरैयाले १०१ बलमा ५८ रन बनाए । सुदूपश्चिमले बागमतीलाई ३३ अतिरिक्त रन दिएको थियो । सुदूरपश्चिमको ब्याटिङमा कप्तान नारायण जोशीले २५ बलमा तीन चौका र दुई छक्का प्रहार गरी ३९ रन जोडेका थिए । बागमतीले ३६ अतिरिक्त रन दियो ।

खेल संक्षेप


न्यु स्टार झापालाई गोल्डकपको उपाधि

ताप्लेजुङ / माछापोखरी हिटी गोल्डकपको उपाधि न्यु स्टार क्लब झापाले उचालेको छ । साबिक विजेता मरिक एफसी धरानलाई १-० ले हराउँदै झापाले उपाधि जितेको हो । खेलको ७५औं मिनेटमा झापाका लागि एक मात्रै निर्णायक गोल निश्चल बस्नेतले गरेका थिए । खेलमा म्यान अफ दी म्याच निश्चल बस्नेत हुँदै तीन हजार रुपैयाँ पाए । विजेता झापाले तीन लाख र उपविजेता धरानले एक लाख ६० हजार रुपैयाँ जितेका छन् ।

झापाका सर्वाधिक गोलकर्ता बस्नेत, उत्कृष्ट मिडफिल्डर पिके कन्दवा, सर्वोत्कृष्ट खेलाडी विजय राई, उत्कृष्ट प्रशिक्षक अनुभ केदेम भएका छन् । उत्कृष्ट गोलरक्षकमा धरानका मारिक भए । यसैगरी, उत्कृष्ट डिफेन्डरमा राजु थापा भए । उत्कृष्टहरूले समान तीन हजार रुपैयाँ पाएका छन् । २५ फागुनदेखि सुरु भएको प्रतियोगितामा आठ टोलीले भाग लिएका थिए ।

क्षितिज बने फ्रिस्टाइल च्याम्पियन

काठमाडौं / हिमालयन फ्रिस्टाइल बुद्धिचाल च्याम्पियनसिपको उपाधि फिडेमास्टर (एफएम) क्षितिज भण्डारीले जितेका छन् । उनले फाइनलमा क्यान्डिडेट मास्टर (सिएम) मिलन लामालाई शुक्रबार पराजित गर्दै उपाधि जितेका हुन् । 'बेस्ट अफ थ्री'को फाइनलमा क्षितिजले सुरुवाती दुवै खेल जितेर २-० ले मिलनको चुनौती समाप्त पार्दै सफलता हात पारेका हुन् । उनले सेमिफाइनलमा पुनम प्रसाईंलाई पराजित गरेका थिए । मिलनले सुजन काफ्लेलाई हराएर उपाधि होडको यात्रा तय गरेका थिए । पूर्वविश्व चेस च्याम्पियन बबी फिसरले सुरु गरेको फ्रिस्टाइल चेसको प्रतियोगिता नेपालमै पहिलोपल्ट आयोजना गरिएको आयोजक हिमालयन चेस एकेडेमीले जनाएको छ ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com